सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

३० असार २०८०, शनिबार (15 July 2023, Saturday) ■ नेपाल संवत् ११४३ ■ वर्ष १७ ■ अंक ९३ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. ५/-

चिनियाँ सहयोगमा संसद् सचिवालयमा आए आठवटा बिजुली गाडी



■ **चार्जिङ स्टेसनको टुंगो छैन, कसले चढ्ने भन्ने पनि निर्णय हुन बाँकी**

(विस्तृत पृष्ठ ६)

झ्यानयाँ

रमाउँदै पीडा भुलेर



● पर्शुराम काफ्ले

पुनर्वास भएका हरेक नेपालीभाषी भुटानीको घरघरमा र व्यक्तिपिच्छे भुटान, नेपाल र अमेरिकामा भोगेको संघर्षका बेग्लाबेग्लै कथा छन्

प्रोटोनको माधुर्य



विज्ञान

● उदयराज खनाल

चालू आवमा कुन प्रदेशले कति गरे खर्च ?

सबैभन्दा बढी खर्च गर्नेमा कोसी, कुल तथा पुँजीगत खर्चमा मधेस प्रदेश पछाडि, चालू खर्चमा भने पछि पऱ्यो लुम्बिनी

(विस्तृत पृष्ठ ७)

कर्नर किक


● रवि मिश्र



■ ललितानिवासको १४३ रोपनी जग्गा हिनामिना प्रकरण

सिआइबी छानबिनमा छन् ३७६ आरोपी

■ ०४९ मा १४१, ०६२ मा २६, ०६७ मा ८६ र ०६९ मा १२३ जनाको संलग्नता रहेको निष्कर्ष



● किरण बज्राचार्य
एआइजी तथा सिआइबी निर्देशक

हाम्रो अहिलेसम्मको अनुसन्धानमा साढे तीन सयभन्दा धेरैको संलग्नता देखिएको छ। संगठित अपराधको कसुरमा समेत अनुसन्धान गरिरहेका छौं, संख्या अझै बढ्न सक्छ।

नवराज मैनाली/नयाँ पत्रिका

चार चरणमा गरी ललितानिवास क्याम्पको एक सय ४३ रोपनी सरकारी जग्गा हिनामिना काण्डमा प्रहरीले तीन सयभन्दा धेरै व्यक्तिमाथि अनुसन्धान गरिरहेको छ। तत्कालीन मन्त्री, सचिव, कर्मचारी, बिचौलिया, जग्गाधनी तथा नक्कली मोहीहरू छानबिनमा छन्।

ललितानिवास प्रकरणमा प्रहरीले आरोपीलाई पक्राउ गरी विस्तृत अनुसन्धान थालेको १८ दिन भएको छ। यो अवधिमा १७ जना पक्राउ परेका छन्। एकैपटक पक्राउ गर्दा बयान गर्न समस्या हुने भएकाले प्रहरीले क्रमैसँग पक्राउ गरिरहेको छ। यो हिनामिनामा संलग्न तीन सयभन्दा धेरै अझै फरार छन्। केही त विदेश भागिसकेको प्रहरी स्रोत बताउँछ। पक्राउ पर्नेहरूमा कृष्णबहादुर राउत (सचिव), सुधीरकुमार शाह (पूर्वनिर्वाचन आयुक्त), मीनबहादुर गुरुङ (व्यवसायी), धर्मप्रसाद गौतम (मालपोत विभागका पूर्वअधिकृत), लोकहरि घिमिरे (समरजंग कम्पनीका पूर्वप्रमुख), रमेश पोखरेल (समरजंग कम्पनीका पूर्वप्रमुख), शिवजी भट्टराई (पूर्ववडा सचिव), गोपाल कार्की (पूर्वनासु), देवनारायण महर्जन (नक्कली मोही), ध्रुवप्रसाद अर्याल (नापी सर्वेक्षक), घमानकुमार कार्की (नापीका पूर्वकर्मचारी), बाबुराजा महर्जन (नक्कली मोही), रुद्रबहादुर श्रेष्ठ (पूर्वसहसचिव), विनोद पौडेल (समरजंग कम्पनीका पूर्वलेखापाल), बालकृष्ण श्रेष्ठ (पूर्वउपसचिव), योगराज पौडेल (मालपोतका पूर्वनासु) र नारायणराज मिश्र (मालपोतका पूर्वखरिदार) छन्।

यस प्रकरणमा ०४९ मा मन्त्रिपरिषद्को निर्णयको गलत व्याख्या गरी ११२ रोपनी चार आना हिनामिना भएको थियो। त्यस्तै, ०६२ मा छुट्टदर्ताको नाममा १२ आना, ०६६/६७ मा विशिष्ट व्यक्तिको निवास विस्तारका नाममा २५ रोपनी तथा ०६९ मा पशुपति टिकिन्छा गुठी खडा गरेर थप पाँच रोपनी जग्गा व्यक्तिको नाममा लगिएको थियो। यी चार चरणका हिनामिना प्रकरणमा सिआइबीले छुट्टाछुट्टै अनुसन्धान अधिकृत तोकेर अनुसन्धान गरिरहेको छ। प्रहरी स्रोतबाट प्राप्त सूचीअनुसार प्रारम्भिक अनुसन्धानमा ३७६ जनाको संलग्नता देखिएको छ। जसमा जग्गा किनबेच गर्नेहरूको नाम छैन।

२०४९ हिनामिना भएको जग्गा : ११२ रोपनी
संलग्न व्यक्ति : १४१ जना

०४७ मा कृष्णप्रसाद भट्टराई नेतृत्वको मन्त्रिपरिषद्ले पञ्चायतकालमा जफत गरेका घरजग्गा छानबिन गरी फिर्ता गर्ने निर्णय गरेको थियो। त्यही निर्णयको मालपोत कार्यालयका कर्मचारीले गलत व्याख्या गरी अधिग्रहण भएको जग्गालाई जफत भएको भनेर फिर्ता दिने निर्णय गरेका थिए। त्यसका लागि २२ रोपनी जग्गा त मालपोत र समरजंग कम्पनी (गृह मन्त्रालयमातहतको) का कर्मचारीले घुस लिएका थिए। यो प्रकरणमा कर्मचारी, बिचौलिया र नक्कली मोही गरेर कम्तीमा एक सय ४१ जना संलग्न रहेको सिआइबी निष्कर्ष छ। यही प्रकरणमा संलग्न पूर्वनिर्वाचन आयुक्त सुधीरकुमार शाह, धर्मप्रसाद गौतमलगायत पक्राउ परिसकेका छन्।

■ **जग्गा प्राप्त गर्ने व्यक्तिहरू**

१. शैलजा राणा (मृत्यु)
२. सुनीति राणा (मृत्यु)
३. रुक्मशमशेर राणा (मृत्यु)
४. हेमनशमशेर राणा (मृत्यु)
५. हाटकशमशेर राणा

■ **मालपोत विभागका कर्मचारी**

१. मा.पो. विभाग प्रमुख मुकुन्दप्रसाद आचार्य (मृत्यु)
२. धर्मप्रसाद गौतम

■ **मालपोत कार्यालय डिल्लीबजारका कर्मचारी**

१. प्र.मा.अ. कलाधर देउजा
२. मा.अ. सुरेन्द्रमान कपाली
३. प्र.मा.अ. टीकाराम घिमिरे
४. खरिदार गोपाल कार्की
५. प्र.मा.अ. वैद्यनाथ चौधरी
६. मा.अ. समरबहादुर सिंह ठकुरी
७. प्र.मा.अ. हुपेन्द्रमणि केसी
८. ना.सु. टीकाबहादुर बिसी
९. खरिदार जीवनाथ पोखरेल
१०. मा.अ. प्रेमबहादुर खापुङ
११. ना.सु. राजेन्द्र बुढाथोकी

■ **समरजंग कम्पनीका कर्मचारी**

१. लोकहरि घिमिरे
२. विनोदप्रसाद पौडेल
३. अर्जुनप्रसाद भण्डारी

■ **भूमिसुधार तथा व्यवस्था विभागका कर्मचारी**

१. महानिर्देशक रुद्रकुमार श्रेष्ठ
२. निर्देशक पुष्पराज उपाध्याय (मृत्यु)
३. शा.अ. इन्द्रप्रसाद दुंगाना
४. ना.सु. जगन्नाथ पनेरू

■ **अन्य कर्मचारीको हकमा**

१. सेटलमेन्ट अ. श्यामविनोद नेपाली
२. नापी निरीक्षक त्रिरत्न शाक्य
३. अमिन प्रसन्नगोपाल श्रेष्ठ
४. अमिन कविराज बराल (मृत्यु)

■ **परिवार तथा आफन्तको नाममा बकस प्राप्त गर्ने कर्मचारी र बकस पाउने व्यक्तिहरू**

कर्मचारी	जसका नाममा पास गराए
मा.पो. वि. प्रमुख मुकुन्दप्रसाद आचार्य	वैकुण्ठ शर्मा रेग्मी (ससुरा)
शा.अ. प्रेमबहादुर खापुङ, मा.पो.वि.	खिमादेवी आङबुहाङ (श्रीमती) शशिकला सुब्बा (सालाकी श्रीमती)
शा.अ. सुधीर शाह, मा.पो.का.भक्तपुर	उर्मिला शाह (श्रीमती)
शा.अ. गेहनाथ भण्डारी, रा.यो.आ.	भुवनकुमारी चापागाईं (श्रीमती) सोदाकुमारी चापागाईं (सासु)
स. ले. विनोदप्रसाद पौडेल (समरजंग कं.)	विद्या पौडेल गौतम (श्रीमती)
ख. युक्तप्रसाद श्रेष्ठ, मा.पो.का. (मृत्यु)	निर्मलादेवी श्रेष्ठ (बहिनी) सरस्वतीकुमारी श्रेष्ठ (श्रीमती)
मा.ना.सु. जगत पुडासैनी	मिठुदेवी चापागाईं (दिदी, मृत्यु)
प्र.मा.अ. कलाधर देउजा, मा.पो.का.	इन्द्रबहादुर थापा (साँढुभाइ)
मा.पो.का. सुरेन्द्रमान कपाली	शान्तिदेवी प्रधानांग
मा.वि.अ. धर्मप्रसाद गौतम	मोहनप्रसाद भट्टराई (भिनाजु)
रामकल्याण अधिकारी, रामनाथ घिमिरे	

■ **सुवर्णशमशेरका हकदारबाट कर्मचारीहरूका आफन्तले बकसपत्रमार्फत जग्गा प्राप्त गर्दा बकसपत्रका साक्षीहरू**

१. किशोरी राणा
२. सुनीति राणा
३. रामनाथ घिमिरे
४. राजेन्द्र केसी
५. पृथ्वीप्रसाद सिवाकोटी
६. सुश्री शोभा घिमिरे
७. रामकल्याण अधिकारी
८. रमेशप्रसाद पाध्य
९. टेकेन्द्रकुमार गेलाल

■ **मोही भएबापत जग्गा प्राप्त गर्नेहरू**

१. लक्ष्मीनारायण महर्जन (डंगोल)
२. कृष्ण महर्जन, श्रीमती मोहन महर्जन
३. सुश्री पूर्ण महर्जन (डंगोल), (पूर्ण) माया डंगोलनी)
४. पुननारायण महर्जन (पूर्णवीर महर्जन), छोराः बसनारायण महर्जन
५. अष्टमान महर्जन, छोराः आशानारायण महर्जन
६. देवनारायण महर्जन, छोराः तरिबाबु महर्जन
७. हेरामाया महर्जन, पति : धनबहादुर महर्जन
८. भाजुनाराँ (नारायण) महर्जन, छोरा : सानुकान्छा भन्ने पञ्चनारायण महर्जन
९. मोहनमाया तण्डुकार
१०. पञ्चनारायण महर्जन भन्ने तुयु (तइउ) भाइ महर्जन
११. पञ्च नारायण महर्जन (मचाकाजी महर्जन वर्ष ७३ दाजुभाइ)
१२. लक्ष्मी नाराँ (नारायण) महर्जन
१३. लक्ष्मीमाया महर्जन (महर्जनी), छोरी (विवाहित) : आशामाया महर्जन
१४. नाराँ (नारायण) महर्जन (डंगोल)
१५. हेरामाया महर्जन, पति : कुलबहादुर महर्जन
१६. कुलबहादुर महर्जन
१७. अष्टमान भन्ने अष्टरारायण महर्जन, श्रीमतीः मयजु महर्जन
१८. नारन (नारायण) महर्जन (मयजु महर्जनको मुद्दा रामदेवी महर्जन)
१९. तरी महर्जन, छोराः रामकृष्ण महर्जन
२०. बेखानारायण महर्जन
२१. माया प्रजापति, छोरा : मचाबाबु महर्जन
२२. अष्टनारायण महर्जन (डंगोल)
२३. श्रीमती लक्ष्मी महर्जन (लक्ष्मीमाया महर्जन)
२४. बिल (दिल)बहादुर महर्जन
२५. चैत्यनारायण डंगोल (महर्जन)
२६. हर्कनारायण डंगोल

» पृष्ठ २ मा क्रमशः

६ राजदूत सिफारिस

नयाँ पत्रिका

सरकारले रिक्त सातमध्ये ६ कूटनीतिक नियोगका लागि राजदूत सिफारिस गरेको छ।

मन्त्रिपरिषद् बैठक बसेको मंगलबारको मिति राखेर मुख्यसचिव डा. वैकुण्ठ अर्याललेे शुक्रबार निर्णयमा हस्ताक्षर गरेका हुन्। परराष्ट्रका ६ जना सहसचिवलाई राजदूत नियुक्तिका लागि सिफारिस गरिएको छ।

उच्च सरकारी स्रोतका अनुसार संयुक्त राष्ट्रसंघीय स्थायी नियोग न्युयोर्कमा सहसचिव लोकबहादुर थापाको नाम सिफारिस भएको छ। हाल उत्तरपूर्वी एसिया महाशाखा प्रमुख रहेका थापासँग राष्ट्रसंघीय मामिलामा काम गरेको अनुभव भने छैन। उनी यसअघि बेल्जियमका लागि नेपाली राजदूत थिए।

राष्ट्रसंघीय नियोग जेनेभाका लागि सहसचिव रामप्रसाद सुवेदी सिफारिसमा परेका छन्। दिल्लीस्थित नेपाली दूतावासको उपनियोगका रूपमा काम गरेर फर्केका सुवेदी हाल परराष्ट्रमा दक्षिण एसिया महाशाखा प्रमुख छन्।

हाल प्रमुख शिष्टाचार महापाल रहेका सहसचिव सुधीर भट्टराई फ्रान्सका लागि राजदूतमा सिफारिस भएका छन्। सहसचिव धनबहादुर ओली थाइल्यान्ड, तेजबहादुर क्षेत्री युएई र घनश्याम लम्साल कुवेतका लागि राजदूतमा सिफारिस भएका छन्। सरकारले क्यानडाका लागि राजदूतमा भने सिफारिस गरेन। कार्यकाल सकेर क्यानडाबाट राजदूत भृगुप्रसाद ढुंगाना स्वदेश फर्किसकेका छन्।

हालै न्युयोर्कबाट अमृतबहादुर राई, जेनेभाबाट मणिप्रसाद भट्टराई, युएईबाट कृष्णप्रसाद ढकाल, कुवेतबाट दुर्गाप्रसाद भण्डारी र फ्रान्सबाट दीपक अधिकारी कार्यकाल सकेर फर्किएका छन्।

■ **कहाँ को ?**

१. संयुक्त राष्ट्रसंघीय स्थायी नियोग न्युयोर्क : **लोकबहादुर थापा**
२. राष्ट्रसंघीय नियोग जेनेभा : **रामप्रसाद सुवेदी**
३. फ्रान्स : **सुधीर भट्टराई**
४. थाइल्यान्ड : **घनबहादुर ओली**
५. युएई : **तेजबहादुर क्षेत्री**
६. कुवेत : **घनश्याम लम्साल**
७. क्यानडा : रिक्त

शीर्ष नेतासँग अमेरिकी सहायक विदेशमन्त्रीको भेट



काठमाडौं/ दक्षिण तथा मध्यएसिया मामिला हेर्ने अमेरिकी सहायक विदेशमन्त्री डोनाल्ड लुलेे एमसिसी अनुदानको परियोजना एक महिनापछि कार्यान्वयन हुने चरणमा पुगेको र यसका लागि सहयोग गरेकोमा नेपालका शीर्ष नेताहरूलाई धन्यवाद दिएका छन्। प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड, कांग्रेस सभापति शेरबहादुर देउवा, एमाले अध्यक्ष केपी ओली र परराष्ट्रमन्त्री एनपी साउदसँग शुक्रबार बेग्लाबेग्लै शिष्टाचार भेटमा लुलेे सहयोगका लागि शीर्ष नेतालाई धन्यवाद दिन काठमाडौं आएको बताए।

» पृष्ठ २ मा क्रमशः

७७ जिल्लामै फैलियो लम्पी स्किन

■ २८ हजार गाईभैँसी मरे, सात लाख ८२ हजारमा संक्रमण

प्रक्षेपण : संक्रमणदर बढ्दै गए २५ लाख पशु संक्रमित हुने, एक लाख मर्ने र क्षति एक खर्ब ३८ अर्ब पुग्ने

■ ३८ अर्ब ४१ करोडको क्षति भइसक्यो, क्षति बढेर एक खर्ब ३८ अर्ब हुने अनुमान

११ लाख खोप मात्र स्टक

■ किसान सञ्जालले दियो सातदिने अल्टिमेटम

■ सदनलाई जानकारी गराउन सभामुखको रुलिङ

भोजराज भण्डारी/नयाँ पत्रिका

तीन वर्षअघि मोरङको सुन्दरहरैँचाका गाईमा देखापरेको लम्पी स्किन नामक संक्रामक रोग ७७ जिल्लामा फैलिएको छ।

पशु सेवा विभागका अनुसार तीन वर्षमा किसानका २८ हजार गाईभैँसी (दुधालु, गर्भिणी, बाच्छाबाच्छी) मरेका छन्।

०७९ चैतबाट महामारीको रूप लिएको लम्पी स्किनको संक्रमण सात लाख ८२ हजार पशुमा भएको पशु विभागका वरिष्ठ पशु विकास अधिकृत डा. चन्द्र ढकालले जानकारी दिए। हाल सातवटै प्रदेशमा लम्पी स्किनका सक्रिय संक्रमित पशुको संख्या दुई लाख ३२ हजार छ।

लम्पी स्किनको कारण सबैभन्दा धेरै क्षति सुदूरपश्चिम प्रदेशमा भएको छ। सुदूरपश्चिममा १० हजार नौ सय ३९ पशु मरेका छन् भने ५३ हजार तीन सय १६ सक्रिय संक्रमित छन्। संक्रमणको हिसाबले सबैभन्दा अगाडि कर्णाली छ। त्यहाँ संक्रमित पशुको संख्या ६० हजार दुई सय नौ पुगेको छ। 'लम्पी स्किनको संक्रमणको सुरुवातमा नियन्त्रणका लागि सरकारले नै प्राथमिकता दिएन, अहिले महामारीकै रूप लिइसकेपछि सरकार आत्तिएको छ,' किसान समूह महासंघका अध्यक्ष नवराज बस्नेतले बताए। बस्नेतले भनेभैँ ०७७ असारमा सुन्दरहरैँचा नगरपालिकाका गाईमा देखापरेको

» पृष्ठ २ मा क्रमशः

■ ५१६ पालिकामा पशु चिकित्सक छैनन्

रोग नियन्त्रणभन्दा बाहिर जानुको कारण जनशक्तिको अभाव देखिएको छ। देशभर फैलिएको लम्पी स्किन नियन्त्रण गर्न पर्याप्त पशु चिकित्सक र प्राविधिकको अभाव भएको नेपाल पशु चिकित्सा परिषद्का प्रवक्ता डा. मनोज शाहीले बताए। ७५३ मध्ये ५१६ स्थानीय तहमा पशु चिकित्सक नै नरहेको पाइएको छ। उपलब्ध पशु चिकित्सक पनि संघ र प्रदेशमा रहँदा स्थानीय तहमा अभाव छ। तर, परिषद्ले हरेक पालिकामा एक पशु चिकित्सक र पशु स्वास्थ्य प्राविधिकसहितको टोली बनाएर च्यापिड रेस्पोन्समा खटाउन सिफारिस गरेको छ।

भाइरसबाट सर्ने भएकाले लम्पी स्किन रोगको ठ्याक्कै उपचार छैन

● **डा. चन्द्र ढकाल,**
प्रवक्ता, पशु सेवा विभाग



लम्पी स्किन डिजिज भाइरसका कारण अत्यधिक संख्यामा गाईभैँसीमा संक्रमण गराउने सीमाविहीन पशुरोग हो। यस रोगको कारण संक्रमितमध्ये दुईदेखि तीन प्रतिशत पशु मर्न सक्छन्। पशुको पर्याप्त स्याहारसुसार भएन भने मृत्युदर झनै बढ्ने भनिएको छ।

लम्पी स्किन रोग संक्रामक भाइरसबाट सर्ने भएकाले हालसम्म ठ्याक्कै उपचार छैन। संक्रमणबाट जोगाउन खोप लगाउने र किसान आफैँले गोठमा झिँगा, लामखुट्टे, भुसुना लाग्न नदिने र पशुको हेरचाह गर्नुपर्छ। संक्रमण तत्काले घटिहाल्छ भन्ने होइन।

हामीले सातवटै प्रदेश, स्थानीय तहमै पशु चिकित्सकको टोली खटाएका छौं। उहाँहरूले किसानलाई परामर्शसँगै रोग नियन्त्रणका उपाय र यसका प्राथमिक उपचारको काम गर्नुका साथै जानकारी दिइरहनुभएको छ। खोपको आपूर्तिलाई सहज बनाउने प्रयासमा छौं।

राजपरिवारले तालिम गर्ने जहाज र हेलिकोप्टर सर्वसाधारणका लागि खुला

शिवहरि घिमिरे/नयाँ पत्रिका
तस्बिर : **संजित परियार**

तत्कालीन राजा वीरेन्द्र तथा राजपरिवारका सदस्यले पाइलट तालिम लिने तथा घुम्नका लागि प्रयोग गर्दै आएको हेलिकोप्टर र जहाज सर्वसाधारणको अवलोकनका लागि खुला गरिएको छ। नारायणहिटी दरबार परिसरमा राखिएको हेलिकोप्टर र जहाज बिहीबारदेखि सर्वसाधारणका निम्ति खुला गरिएको हो। जहाज र हेलिकोप्टर राखिएपछि अवलोकनकर्ताको भिड बढेको छ।

हेलिकोप्टर र जहाज राखिएको ठाउँ राजदरबारको मुख्य भवनको पछाडि हो। त्यस ठाउँमा घोडाको रेस हुन्थ्यो, त्यसबाहेक चेसलगायत विभिन्न खेल प्रतियोगिता हुन्थे। तर, अहिले उक्त चौरमा घाँस छ भने बीच भागमा हेलिकोप्टर र जहाज राखिएका छन्।

हेलिकोप्टर र जहाज राखिएको चौरलाई वरिपरि तारबार गरिएको छ। जहाज र हेलिकोप्टर राखिएको ठाउँ पिच भए पनि दायाँबायाँ पानी भरिएको छ। सोही कारण सर्वसाधारणले नजिकैबाट जहाज र हेलिकोप्टर नियाल्न पाउँदैनन्। तर, दुई-तीन महिनामै चौरलाई पार्क

» पृष्ठ २ मा क्रमशः

■ **नारायणहिटी दरबार परिसरको बदामेचौरमा राखिएको जहाज र हेलिकोप्टरका आ-आफ्नै कथा**



सरकारले राजपरिवारको इतिहाससँग जोडिएको यो विमानलाई संरक्षणका लागि ०७७ मा नारायणहिटी दरबार परिसरमा लगेको थियो। यो जहाजमा अन्य यात्रुवाहक जहाजमा जसरी सिट राखिएको छैन। राजपरिवारले यसका सिट मोडिफाई गरी जहाजभित्र सुरक्षाकर्मी र आफूहरू बस्ने सोफा तथा कम्फर्टेबल सिट राखेका थिये। ०३१ मा तत्कालीन श्री ५ सरकारद्वारा दुई अर्ब ६७ करोड पाँच लाख ५४५ रुपैयाँमा बेलायतबाट यो जहाज खरिद गरी नेपाल भित्र्याइएको थियो। नाइन एन-आरएसी रजिस्ट्रेसन नम्बर रहेको जहाज भिभिआइपी उडानका निम्ति खरिद गरिएको थियो। यो जहाजमा तत्कालीन राजपरिवार र अन्तर्राष्ट्रिय प्रमुखलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय उडान भर्ने गरिएको थियो।



यो हेलिकोप्टर ०७६ देखि नारायणहिटी दरबार परिसरमा संग्रहका रूपमा राखिएको छ, जसलाई फ्रान्सको एरोसपटाइल कम्पनीले १९८१ मा निर्माण गरेको थियो। यसले १३ जुन १९८२ देखि नाइन एन-आरएएफका रूपमा भिभिआइपी उडान गर्ने गरेको थियो। पछि १ जुलाई १९९१ मा नेपाली सेनाको ११ नम्बर बाहिनी अड्डालाई हस्तान्तरण गरिएको थियो। सेनाले विपत् व्यवस्थापन, खोज, उद्धार, राहत वितरण र राजपरिवारमा हुने महत्त्वपूर्ण समारोहमा प्रयोग गरेको थियो। राजपरिवारका सदस्य घुम्न जाने साधन पनि यही थियो। यसले १९ फेब्रुअरी २०१५ मा अन्तिम उडान गरेको थियो। हेलिकोप्टरले सञ्चालन अवधिभर नौ हजार सात घन्टा उडान भरेको छ।

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

यी हुन्...

पृष्ठ १ बाट क्रमशः

२७. कान्छा महर्जन
२८. नाति महर्जन, श्रीमती : तीर्थमाया महर्जन
२९. नाति महर्जन, बुहारीः लक्ष्मी महर्जन
३०. आशानारायण महर्जन (डंगोल), श्रीमती तीर्थमाया महर्जन
३१. जोगलाल महर्जन
३२. जितबहादुर महर्जन, श्रीमतीः आशामाया महर्जन (तुसिं महर्जनको छोरी)
३३. ड्राइभर भाइचा (आशाकाजी महर्जन), छोरा : देवनारायण महर्जन
३४. न्हुच्छेमान महर्जन
३५. साहिँला महर्जन
३६. हेरामान महर्जन, बुहारी : न्हुच्छेमाया महर्जन
३७. कान्छाभाइ महर्जन
३८. श्रीमाया तण्डुकारनी, छोरा : हिरालाल तण्डुकार
३९. मचाभाइ महर्जन
४०. रत्नमाया डंगोलनी
४१. सुकु महर्जन
४२. लक्ष्मीमाया डंगोल (डंगोलनी)
४३. कर्णबहादुर गुरुङ
४४. जोगचा महर्जन (जगतमाया वा जोगमाया)
४० सालमा मृत्यु भएको। छोरी आशामाया महर्जन को नाममा
१-७-३-० जग्गा गएको। ७० वर्ष, सुगर मुटु रोगी।

■ **मोही खडा गर्नेलगायतका उक्त जग्गा हत्याउने कार्यमा संलग्न**
रामकुमार सुवेदी (संलग्नता : वारेश तथा विचौलिया)

■ **०४७/४८ सालमा संलग्न नापी कार्यालयका कर्मचारीहरू**
१. प्र.ना.अ शम्भुप्रसाद शर्मा
२. टो.प्र दानबहादुर श्रेष्ठ
३. ना.नि. कृष्णमान श्रेष्ठ
४. अमिन अरुणकुमार श्रेष्ठ
५. प्र.ना.अ. अग्निधर शर्मा
६. ना.अ. ध्रुवप्रसाद अर्याल
७. टो.प्र श्री नन्दकिशोर सिंह
८. ना.नि. जितबहादुर अछामी
९. अमिन बालकेश्वर मण्डल
१०. नापी निरीक्षक गणेशमान मुल्मी
११. टो.प्र. ज्ञानराज तुलाधर
१२. नापी निरीक्षक केशवराज मिश्र
१३. अमिन स्वयंराज श्रेष्ठ
१४. ना.नि. कृष्णमान सिंह

■ **मोहीबाट जग्गा प्राप्त गर्ने पहिलो व्यक्तिहरू**
१. विनिता अधिकारी
२. अगम ढुंगाना
३. उमाकुमारी ढकाल्नी
४. माधवी सुवेदी
५. सरला घले गुरुङ
६. चमेली श्रेष्ठ
७. बाबा कार्की
८. मीनबहादुर गुरुङ

■ **मोहीयानी हकको क्षतिपूर्ति लिदाँ साक्षीहरू**
१. प्रवीणकुमार महर्जन
२. पूर्णबहादुर शाही
३. वसनारायण महर्जन
४. बालगोपाल घिमिरे
५. रामकुमार सुवेदी
६. राममणि सिग्देल
७. बाबुराजा महर्जन
८. ज्ञाननाराँ महर्जन
९. सुशीला महर्जन
१०. गोपाल तण्डुकार
११. लुमबहादुर महर्जन

■ **मोही कायम गर्ने गरी भू.सु.का. बाट भएको फैसला गर्ने कर्मचारी**
१. भू.सु.अ. उमानाथप्रसाद ज्ञवाली

२३० हिनामिना भएको जग्गा : १२ आना संलग्न व्यक्ति : २६ जना

०२१ मा अधिग्रहण भएको ललितानिवासपरिसरको जग्गामध्ये सेनाका तत्कालीन मेजर सुवर्णशमशेरका छोरा कनकशमशेर राणालाई ०३५ मा आठ रोपनी फिर्ता गरिएको थियो। पैसा लिएर उनलाई जग्गा फिर्ता गरिएको थियो। तर, एउटै कित्तामा रहेको थप १२ आना दुई पैसा जग्गा पनि उनले कम्पाउन्डमा राखेका थिए। सो जग्गा दर्तामा छुट भएको भन्दै सुनीति राणाले निवेदन दिएकोमा ०६२ मा डिल्लीबजार मालपोत कार्यालयले उनको नाममा दर्ता गरिदिएको थियो। बिचौलियाद्वय शोभाकान्त ढकाल र रामप्रसाद सुवेदीको प्रयासमा सो जग्गा उनको नाममा दर्ता गरिएको थियो। आठ रोपनी मात्र फिर्ता दिने निर्णय भएकोमा किर्ते कागजपत्र तयार गरी मालपोत र समरजंग कम्पनीका कर्मचारी मिलेर सो जग्गा पनि व्यक्तिको नाममा लगिएको थियो। यो प्रक्रियामा संलग्न काठमाडौं- ४ का तत्कालीन वडासचिव शिवजी भट्टराई सिआइबी हिरासतमा छन्।

■ **जग्गा प्राप्त गर्ने व्यक्तिहरू**
१. सुनीति राणा
२. रुक्मशमशेर राणा
३. शैलजा राणा
४. हाटकशमशेर राणा
५. हेमनशमशेर राणा
६. हेमाद्रीशमशेर राणा

■ **मालपोत तथा अन्य कार्यालयका कर्मचारीको हकमा**
१. प्र.मा.अ. टीकाराम घिमिरे
२. मा.पो.अ. हुपेन्द्रमणि केसी
३. ना.सु. श्रीहरि पुडासैनी
४. ख. श्यामकुमार क्षेत्री
५. ना. अ. मो. साबिर हुसैन
६. वडासचिव शिवजी भट्टराई
७. वडासचिव कृष्णराज विष्ट
८. त.शा.अ.मुरलीकृष्ण श्रेष्ठ

■ **समरजंग कम्पनीका कर्मचारी**
१. अर्जुनप्रसाद भण्डारी

■ **अन्यको हकमा**
१. रमेश ठकुरी
२. मेघराज कोइराला
३. मन्दिरा कोइराला
४. कल्पना ठकुरी
५. ध्रुवप्रसाद गुप्ता
६. भीमबहादुर गोसाई
७. रामकृष्ण ठकुरी
८. शोभाकान्त ढकाल
९. रामकुमार सुवेदी

■ **नापी कार्यालय**
१. अमिन उत्तम खड्का
२. हवेन्द्रप्रसाद देव

३३/३५ हिनामिना भएको जग्गा : २५ रोपनी संलग्न व्यक्ति : ८६ जना

ललितानिवासपरिसरको थप जग्गा हात पार्ने र जग्गासम्म बाटो योजनाअनुसार ०६६ मा तत्कालीन भवन सम्भार कार्यालयले विशिष्ट व्यक्तिको निवास विस्तारसम्बन्धी गुरुयोजना बनायो। त्यसमा मन्त्रिपरिषद् लाई समेत प्रभावमा पारी बिचौलियाहरूले आफूअनुकूल निर्णय गराएका थिए। विस्तारमा पर्ने जग्गामा मोही लाग्ने भन्दै नक्कली मोहीसँग जग्गा सट्टापट्टा गर्नेदेखि बाटो विस्तार गरेर २५ रोपनी पाँच आना तीन पैसा एक दाम जग्गा हिनामिना गरिएको थियो। यो कार्यमा कम्तीमा ८६ जनाको संलग्नता रहेको सिआइबीको निष्कर्ष छ। आइतबार पत्राउ परेका सचिव कृष्णबहादुर राउत यही निर्णयमा सहभागी भएकोमा तानिएका हुन्। यससम्बन्धी प्रस्ताव मन्त्रिपरिषद्मा लैजान उनले टिप्पणी उठाएका थिए।

■ **जग्गा प्राप्त गर्ने व्यक्ति र मञ्जुरी दिनेहरूको हकमा**
१. श्रीकृष्ण महर्जन
२. द्वारिका महर्जन
३. ग्वाराभाइ महर्जन
४. मचानानी महर्जन
५. बाबुराजा महर्जन
६. रेना गुरुङ
७. तीर्थमाया महर्जन (पति आसनारायण महर्जन)
८. तीर्थमाया महर्जन (पति नाति महर्जन)
९. देवनारायण महर्जन (बाबु-नाति महर्जन)
१०. देवनारायण महर्जन (बाजे ड्राइभर भाइचा)
११. कान्छा महर्जन
१२. हर्ष महर्जन
१३. नाति महर्जन
१४. मोतीराजा महर्जन
१५. कान्छा महर्जन
१६. आशामाया महर्जन
१७. मेयजुहेरा महर्जन
१८. मचाम महर्जन
१९. नरयन्द्र महर्जन
२०. रामकृष्ण महर्जन

■ **विभागीय मन्त्री** (२०६६/१२/१९)
१. विजयकुमार गच्छेदार
२. सञ्जय साह

■ **२०६६/१२/१९ को भौतिक योजना तथा निर्माण मन्त्रालयको प्रस्तावमा संलग्न कर्मचारी**
१. सचिव दीप बस्न्यात
२. उ.स. कानुन विनोदकुमार गौतम
३. म.नि. अशोकनाथ उप्रेती
४. सु.ई. सुरोजराज राजकर्णिकार
५. सिडिई बालकृष्ण श्रेष्ठ
६. ई. राजेन्द्रमान श्रेष्ठ

■ **विभागीय मन्त्री** २०६७/१/२७
१. डम्बरबहादुर श्रेष्ठ (भूमिसुधार तथा व्यवस्था मन्त्री)

■ **२०६७/०१/३१ को भूमिसुधार मन्त्रालयको प्रस्तावमा संलग्न कर्मचारी**
१. सचिव छविराज पन्त
२. सहसचिव जितबहादुर थापा
३. उपसचिव हुपेन्द्रमणि केसी

■ **अनुसूची संशोधनसम्बन्धी भौतिक योजना तथा निर्माण मन्त्रालयको मिति २०६७/०३/२८ को प्रस्तावमा संलग्न कर्मचारी**
१. सचिव दीप बस्न्यात
२. सु.ई.सुरोजराज राजकर्णिकार
३. स.स. नारायणगोपाल मलेगो
४. उ.स. कानुन विनोदकुमार गौतम
५. शा.अ. कृष्ण रावत (हाल सहसचिव प्रम.को कार्यालय)

■ **मालपोत कार्यालय, डिल्लीबजारका कर्मचारीहरू**
१. ना.अ. जनकबहादुर भण्डारी
२. सर्वेक्षक देवबहादुर लामिछाने
३. अमिन भरतचन्द्र अर्याल
४. ना.अ. कमल घिमिरे

■ **नापी कार्यालय, डिल्लीबजारका कर्मचारीहरू**
१. भू.अ. शंकरप्रसाद सुवेदी
२. ना.सु. अंगुर सिग्देल
३. ना.सु. केदारप्रसाद श्रेष्ठ

■ **भूमि प्रशासन कार्यालय, डिल्लीबजारका कर्मचारीहरू**
१. प्र.मा.अ. प्रेमबहादुर खापुङ
२. प्र.मा.अ. हरिकृष्ण तिमल्सिना
३. मा.पो.अ. पर्शुराम पोखरेल (मृत्यु)
४. ना.सु. टंकनाथ पौडेल
५. ना.सु. प्रकाश भट्ट (प्रतिवेदनमा चापागाईं उल्लेख)
६. शा.अ. कृष्णप्रसाद पौडेल
७. ख. अर्जुन खतिवडा

■ **समरजंग कम्पनीका कर्मचारी**
१. चिरञ्जीवी अधिकारी

■ **संलग्न बिचौलियाहरू**
१. रामकुमार सुवेदी
२. डा. शोभाकान्त ढकाल
३. राममणि सिग्देल

■ **जग्गा सट्टापट्टा पाउने जग्गाधनीहरू**
१. डिएलएफ डेभलपर्स
२. माधवी सुवेदी
३. उमाकुमारी ढकाल
४. सरला गुरुङ
५. सरस्वती घले
६. चमेली श्रेष्ठ
७. बाबा कार्की
८. अगम ढुंगाना
९. खेललाल खरेल
१०. लक्ष्मी ढकाल
११. कल्याण गुरुङ
१२. इन्द्रेव गुरुङ
१३. भाटभटेनी डेभलपर्स प्रा.लि.
१४. रजनी पनेरू (निर्मलादेवी गोयलले सट्टापट्टामा जग्गा लिएको)

■ **का.म.पा. को कर्मचारी**
१. रत्नप्रसाद जोशी

■ **गुठीको जग्गा भएको र जोतभोग भएको भनी मुचुल्कामा संलग्न कर्मचारीहरू**
१. पुरुषोत्तम पौडेल
२. डबलसिंह ठगुन्ना
३. शिवजी भट्टराई

■ **गुठीको जग्गा भएको र जोतभोग भएको भनी मुचुल्कामा संलग्न कर्मचारीहरू**
१. रामकृष्ण महर्जन
२. आशामाया महर्जन
३. बाबुराजा महर्जन
४. तीर्थमाया महर्जन
५. बेखानारायण महर्जन
६. नानीहिरा महर्जन
७. कृष्ण महर्जन
८. बालगोपाल घिमिरे
९. कान्छा महर्जन
१०. मचाकाजी महर्जन
११. भरत गिरी
१२. श्रीकृष्ण महर्जन
१३. श्यामकृष्ण महर्जन

०५८/७० हिनामिना भएको जग्गा : ५ रोपनी संलग्न व्यक्ति : १२३ जना

०५८ देखि नै गुठी खडा गरेर ललितानिवासपरिसरको थप जग्गा हिनामिना गर्ने प्रयास भएको थियो। त्यसका लागि बिचौलिया रामकुमार सुवेदीले गुठी संस्थानमा १४ जनाको तर्फबाट निवेदन दिएका थिए। त्यसो त भूमिसुधार मन्त्रालयले पहिले पनि मन्त्रिपरिषद्मा पठाउने प्रयास गरेकामा कहिले सरकार ढलेर त कहिले विविध कारणले सम्भव भएको थिएन।

१८ असोज ०६९ मा मन्त्रिपरिषद् बैठकले जग्गा गुठीको नाममा दर्ता गर्न सहमति दिएको थियो। मन्त्रिपरिषद्ले तीन रोपनी १२ आना तीन पैसा गुठीको नाममा दर्ता गर्न अनुमति दिएकोमा गुठीका कर्मचारीले चारवटा कित्ता थपेर पाँच रोपनी दुई पैसा जग्गा टिकिन्छा गुठीको नाममा दर्ता गराई हिनामिना गरेका थिए। यसका लागि कुत बुझाएको नक्कली कागजपत्र पेस भएको थियो। यो कार्यमा गुठी, मालपोत, समरजंग कम्पनीका कर्मचारीसहित कम्तीमा १२३ जनाको मिलेमतो रहेको सिआइबीको निष्कर्ष छ।

■ **स्थलगत सर्जमिन मुचुल्का तयार पारी पेस गर्ने गुठी संस्थान तहसिल शाखा कार्यालयका कर्मचारीहरू** (२०५८ र २०६०)
१. स.द्वि. डबलसिंह ठगुन्ना
२. स.प्र. रामेश्वर बिडारी
३. स.प्र. पुरुषोत्तम पौडेल
४. व.स. विश्वविनय पन्त
५. व.स. बाबुराम पौडेल

■ **गुठी संस्थान तहसिल शाखा कार्यालयको सर्जमिन मुचुल्कामा हस्ताक्षर गर्ने व्यक्तिहरू** (२०६०)
१. आशानारायण महर्जन
२. आशामाया महर्जन भन्ने छोरीमाया महर्जन (वर्ष ५५), वडा नं. १२
३. आशामाया महर्जन (वर्ष ५५), वडा नं. १२
४. कान्छा महर्जन
५. किरण महर्जन
६. कृष्ण महर्जन
७. गोपाल महर्जन
८. ग्वाराभाइ महर्जन
९. चन्द्रमाया महर्जन
१०. चैत्यनारायण महर्जन
११. ज्ञाननारायण महर्जन
१२. तरिबाबु महर्जन
१३. तीर्थमाया महर्जन (आसनारायण महर्जन)
१४. तीर्थमाया महर्जन (नाती महर्जनको श्रीमती) (रोहवर)
१५. दशनारायण महर्जन
१६. देवनारायण महर्जन
१७. देवनारायण महर्जन
१८. द्वारिका महर्जन
१९. धनभाजु महर्जन
२०. नाति महर्जन
२१. नानीहिरा महर्जन
२२. पञ्चनारायण महर्जन तुई भाइ बन्ने (रोहवर)
२३. पञ्चनारायण महर्जन सानुकान्छा भन्ने
२४. बसनारायण महर्जन
२५. बाबुराजा महर्जन
२६. बालगोपाल घिमिरे
२७. बालकृष्ण महर्जन
२८. बिलबहादुर महर्जन
२९. बुद्धिनारायण महर्जन
३०. बेखानारायण महर्जन
३१. भरत गिरी
३२. मचाकाजी महर्जन
३३. मचाबाबु प्रजापति
३४. मचाबाबु महर्जन
३५. मचाम महर्जन
३६. मयजुहेरा महर्जन
३७. महेन्द्र महर्जन
३८. राजेन्द्र महर्जन
३९. रामकुमार सुवेदी
४०. रामकृष्ण महर्जन (तरि महर्जनको छोरा)
४१. रामदेवी महर्जन
४२. रेणा गुरुङ
४३. लक्ष्मीनारायण महर्जन
४४. लक्ष्मी महर्जन
४५. श्याम महर्जन
४६. श्यामकृष्ण महर्जन
४७. श्रीकृष्ण महर्जन (लक्ष्मीनारायण महर्जनको छोरा)
४८. श्रीमती मोहन महर्जन
४९. सञ्जय महर्जन
५०. सन्तु महर्जन (सन्तु महर्जन)
५१. सुश्री पूर्ण डंगोल (७२ वर्ष)
५२. हिरामाया महर्जन
५३. हेरामाया महर्जन
५४. छोरीमैया महर्जन (वर्ष ३७), वडा नं. १३
५५. मचानानी महर्जन (न्हुच्छे महर्जनकी छोरी)

■ **समरजंग कम्पनी कार्यालयका कर्मचारीहरू** (२०५९-२०६०, २०६९) :
१. कार्यालय प्रमुख अर्जुन भण्डारी
२. कार्यालय प्रमुख रमेश पोखरेल

■ **पशुपति टिकिन्छा गुठीको नाममा जग्गा दर्ता गरी मोही कायम गर्न सिफारिस गर्ने कर्मचारी** (२०५९-२०६०)
१. का.म.पा. ४ नं. वडा कार्यालयका तत्कालीन वडासचिव शिवजी भट्टराई (२०६०/५/१२)
२. का.म.पा. वडा नं. ४ का वडाध्यक्ष रत्नप्रसाद जोशी (२०५९/३/३२)

■ **गुठी संस्थान केन्द्रीय कार्यालयमा मञ्जुरनामा कागज गर्ने व्यक्तिहरू** (२०६०/८/११)
१. सुनीति राणा
२. शैलजा राणा
३. रूक्मशमशेर जबरा

■ **टिप्पणी र राय पेस गर्ने गुठी संस्थान तहसिल शाखा कार्यालयका कर्मचारीहरू** (२०६०-२०६२, २०६९)
१. ख. रामेश्वर बिडारी
२. ख. डबलसिंह ठगुन्ना
३. ना. सु. कृष्णराज अर्याल
४. शा. अ. रामकुमार घिमिरे
५. उपसचिव अच्युतानन्द पोखरेल (२०६१)
६. का. प्र. जयप्रसाद रेग्मी (२०६९)
७. व. ले. स. वैकुण्ठ आचार्य
८. वरिष्ठ सहायक नवराज पौडेल

■ **गुठी संस्थान केन्द्रीय कार्यालयमा टिप्पणी आदेश गर्ने तथा निर्णयार्थ मन्त्रिपरिषद्मा पठाउने कर्मचारीहरू** (२०६१-२०६२)
१. प्रशासक दिलीपकुमार भट्ट
२. का. अ. हेमराज सुवेदी
३. हरिबोल आचार्य (२०५९)
४. शा. अ. पुण्डारी केसी
५. सहायक प्रथम बद्रीप्रसाद सुवेदी (२०६२/७/६)
६. प्रेमहरि ढकाल (२०६२/७/६)
७. सेमन्तराज चापागाईं
८. सहायक प्रथम प्रशान्त पौडेल (२०६३/७/२१)
९. सहायक प्रथम विश्वविनय पन्त

■ **विभागीयमन्त्री** (२०६३)
१. प्रभुनारायण चौधरी (मृत्यु)

■ **भूमिसुधार मन्त्रालयबाट मन्त्रिपरिषद्मा प्रस्ताव पठाउने कार्यमा संलग्न कर्मचारीहरू** (२०६३) :
१. सचिव रवीन्द्रमान जोशी
२. सहसचिव नारायणगोपाल मलेगो
३. उपसचिव इन्द्रप्रसाद ढुंगाना
४. शाखा अधिकृत हुपेन्द्रमणि केसी
५. ना.सु. वासुदेव हुमागाईं
६. सचिव युवराज भुसाल
७. सहसचिव रुद्रबहादुर श्रेष्ठ
८. उपसचिव रघुनाथ अधिकारी

■ **भूमिसुधार मन्त्रालयबाट मन्त्रिपरिषद्मा प्रस्ताव पठाउने कार्यमा संलग्न कर्मचारीहरू** (२०६९)
१. सचिव दिनेशहरि अधिकारी
२. सहसचिव तेजराज पाण्डे
३. उपसचिव हुपेन्द्रमणी केसी

■ **विभागीयमन्त्री** (२०६९)
१. चन्द्रदेव जोशी

■ **पशुपति टिकिन्छा गुठीकै नाममा दर्ता कायम गर्नुपर्ने भनी निर्णय गर्ने गु. सं. के. का. का कर्मचारीहरू** (२०६९ माघ)
१. प्रशासक बलिरामप्रसाद साह तेली
२. मु. का. अ. हेमराज सुवेदी
३. हरिप्रसाद जोशी
४. का. अ. तुल्सी पोखरेल (मृत्यु)
५. मीना भट्टराई

■ **मोहीको नाममा जग्गा प्राप्त गर्ने व्यक्तिहरू** (२०७०/१/१७)
१. देवनारायण महर्जन
२. द्वारिका महर्जन
३. श्रीमती मोहन महर्जन
४. सञ्जय महर्जन र सकुलानन्द महर्जन

■ **गलत लगत भिडाउने नापी कार्यालयका कर्मचारीहरू** (२०६९ साल)
१. सर्वेक्षक घमनकुमार कार्की (२०६९)
२. राजेन्द्रप्रसाद मण्डल (२०६९)
३. तत्कालीन नापी अधिकृत मम्नु दत्त (२०६९)

■ **मोही कायम गर्नेसम्बन्धी टिप्पणी उठाउने भूमिसुधार कार्यालयका कर्मचारीहरू** (२०७० वैशाख)
१. उपसचिव भेषबहादुर कार्की (२०७०/१/८)

■ **मन्त्रिपरिषद्ले निर्णय गरेकोभन्दा बढी जग्गा टिकिन्छा गुठीको नाममा दर्ता गर्ने मालपोतका कर्मचारीहरू** (२०७० वैशाख) :
१. ना. सु. फणिन्द्रप्रसाद दाहाल
२. ना. सु. मणिकुमार राणा
३. शाखा अधिकृत बद्रीबहादुर कार्की
४. उपसचिव लक्ष्मीनारायण उप्रेती
५. प्रमुख मालपोत अधिकृत दिनेशप्रसाद शर्मा
६. सहायक प्रथम नवराज पौडेल (श्रेस्तामा हस्ताक्षर गर्ने कर्मचारीहरू)

■ **जग्गा मोहीहरूको नाम कायम गराई १० दिनभित्रै आफ्नो नाममा नामसारी लिने बिचौलिया तथा निजका आफन्तहरू**
१. रामकुमार सुवेदी
२. शोभाकान्त ढकाल
३. माधवी सुवेदी, उमाकुमारी ढकाल

■ **भूमिसुधार मन्त्रालयले उठाएको टिप्पणीमा संलग्न कर्मचारी**
१. भू. सु. अधिकारी सुशील वैद्य
२. ना. सु. अंगुरकुमार सिग्देल
३. ना. सु. कृष्णप्रसाद रेग्मी

■ **नापी कार्यालयका कर्मचारी**
१. खरिदार नारायण धमला

७७ जिल्लामै...

पृष्ठ १ बाट क्रमशः

यो रोग सुरुका दुई महिनामा १६ जिल्लाका २९ पालिकामा फैलिएको थियो। त्यतिखेर तीन हजार तीन सय एक पशु संक्रमित हुँदा १३ मरेका थिए। तर, सरकारले लम्पी स्किन संक्रमण नियन्त्रणमा प्रभावकारी कदम चाल्न नसक्दा गत चैतदेखि महामारीको रूप लिएको छ।

लम्पी स्किनका कारण नेपालमा ३८ अर्ब ४१ करोडको क्षति भएको छ। नेपाल पशु चिकित्सा परिषद्का प्रवक्ता डा. मनोजकुमार शाहीले यस रोगका कारण एक खर्ब ३८ अर्बको क्षति हुन सक्ने आकलन गरिएको बताए।

पशु सेवा विभागका अनुसार हाल ११ लाख खोप मात्र स्टक छ। हाल नेपालमा गाईभैंसीको संख्या एक करोड २६ लाख छ। त्यसमध्ये संक्रमितबाहेकका करिब ९० लाखभन्दा धेरैलाई खोपको आवश्यकता रहेको डा. शाहीले बताए। उनका अनुसार दुई लाख सक्रिय संक्रमित भनिएको छ। तर, त्योबाहेकका आठदेखि नौ लाख पशुमा भाइरसको संक्रमण फैलिएको उनी अनुमान गर्छन्।

विशेषगरी यस रोगको संक्रमण गाईभैंसी, राँगा, बाच्छाबाच्छी र पाडापाडीमा सर्ने गरेको विभागले उल्लेख गरेको छ। लामखुट्टे, किर्ना, भुसुना, रगत चुस्ने भिँगालगायतको संक्रमणबाट एकबाट अर्को पशुमा सर्ने हुँदा छिटो संक्रमणको दर बढेको हो। क्याप्रिपक्स प्रजातिको लम्पी स्किन डिजिज भाइरसका कारण लाग्ने यो रोगको संक्रमण भोडाबाख्रामा लागेको देखिँदैन भने मान्छेमा सरेको पुष्टि भएको छैन। लम्पी स्किन नियन्त्रणका लागि सरकारले प्रभावकारी कदम नचालेको भन्दै किसानसम्बद्ध संघसंगठनले आन्दोलनको घोषणा गरेका छन्। राष्ट्रिय किसान सञ्जालले शुक्रबार पत्रकार सम्मेलनको आयोजना गरी खोपको उपलब्धता र मरेका पशुको बिमाबापतको क्षतिपूर्ति उपलब्ध गराउन सरकारलाई सात दिनको अल्टिमेटम दिएको छ।

■ सभामुखको रुलिङ

लम्पी स्किनबारे संसदमा प्रश्न उठेपछि सभामुख देवराज घिमिरेले रोग रोकथामबारे गरेका कामकारबाहीबारे जानकारी गराउन शुक्रबार कृषि मन्त्री वेदुराम भुसाललाई रुलिङ गरेका छन्। 'लम्पी स्किन विषयमा बैठकमा कुरा उठेको छ। यस सम्बन्धमा स्पष्ट पार्न र यो रोगको रोकथामका बारेमा सदनलाई जानकारी गराउन सम्बन्धित मन्त्रीलाई निर्देश गर्दछु,' उनले भने।

राजपरिवारले...

पृष्ठ १ बाट क्रमशः

बनाइने र फूल तथा बोटबिरुवा रोपिने सूचना अधिकारी पुरुषोत्तम थापाले बताए।

उनले पछिल्लो समय जहाज र हेलिकोप्टर पनि अवलोकनका निम्ति खुला गरिएकाले आगन्तुकको संख्या बढ्ने बताए। 'अहिले जहाज र हेलिकोप्टर अलि परैबाट मात्र हेर्न सकिन्छ, नजिकै जान ठाउँ व्यवस्थित छैन,' उनले भने, 'अब यसलाई व्यवस्थित बनाएर नजिकैबाट जहाज र हेलिकोप्टर अवलोकन गर्न सक्ने बनाउँछौं।'

नारायणहिटीमा दैनिक दुई हजारदेखि तीन हजारसम्मले अवलोकन गर्छन्। उनीहरूले दरबार क्षेत्रमा रहेका सबैजसो ठाउँ र वस्तु हेर्न पाउँछन्। त्यस्तै, नक्सालपट्टि रहेको गणतन्त्र स्मारक पनि अवलोकनका निम्ति खुला भइसकेको छ। नारायणहिटीकै शुल्क तिरेको टिकट प्रयोग गरी त्यहाँ छिर्न पाइन्छ।

विगतका वर्षका तुलनामा पछिल्लो समय दरबार अवलोकनका लागि आउनेको संख्या बढेकाले यसलाई थप सजावट र व्यवस्थित बनाउन आवश्यक रहेको सूचना अधिकारी थापा बताउँछन्। उनका अनुसार बजेट सीमित हुँदा दरबार परिसरमा बिरुवा रोप्ने, सजाउने र फूल रोप्ने कार्य गर्न कठिन भइरहेको छ। नारायणहिटीमा प्रवेश गर्दा दुई सय रुपैयाँ शुल्क लिइन्छ। त्यस्तै, विद्यार्थीलाई ५० रुपैयाँ र ज्येष्ठ नागरिकका लागि शुल्क लाग्दैन। त्यस्तै, विदेशी पर्यटकलाई पाँच सय रुपैयाँ लाग्छ।

पुराना संरचना मर्मत गर्नसमेत कठिन भइरहेको छ। तर, यसपटक सरकारले नीति तथा कार्यक्रममा दरबार परिसरमा रहेका पुराना संरचना पुनर्निर्माणलाई पनि समेटेकाले पुराना भवन पुनर्निर्माण हुने सूचना अधिकारी थापाको भनाइ छ। 'दरबार परिसरमा रहेका केही पुराना संरचना पुनर्निर्माणका लागि सरकारले यसपटक कार्यक्रममा समेटेको छ,' उनले भने, 'पुरानै शैलीमा दरबार क्षेत्रमा रहेका संरचनाको संरक्षण गर्छौं।'

सन् १९८१ मा बनेको हेलिकोप्टर : विपत्मा प्रयोगदेखि राजा परिवारले तालिम समेत लिए

दरबारमा राखिएको हेलिकोप्टर नेपाली सेनाको हो। यो हेलिकोप्टर १९८१ मा एरोसपटाइल कम्पनीले फ्रान्समा निर्माण गरेको थियो। यसले १३ जुन १९८२ देखि नाइन एन-आरएएफका रूपमा भिभिआइपी उडान गर्ने गरेको थियो। यो हेलिकोप्टर १ जुलाई १९९१ मा नेपाली सेनाको ११ नम्बर बाहिनी अड्डालाई हस्तान्तरण गरिएको थियो। नेपाली सेनाले यसलाई विशेष प्रयोजनमा प्रयोग गर्दै आइरहेको थियो।

सेनाको गनसिप, तोराबोराका साथै अन्य हवाई मिसनमा यो हेलिकोप्टर प्रयोग गरियो। यसबाहेक नेपालमा हुने विपत्जन्य घटनामा पनि प्रयोग भयो। नेपाली सेनाले विपत् व्यवस्थापन, खोज, उद्धार, राहत वितरण र राजपरिवारमा हुने महत्त्वपूर्ण महोत्सव तथा समारोहमा प्रयोग गरेको थियो। यसबाहेक राजपरिवारका सदस्य घुम्न जाने साधन पनि यही थियो। महोत्सव तथा समारोहमा ब्यानर डिस्प्ले फ्लाइटका रूपमा यही हेलिकोप्टर प्रयोग गरिन्थ्यो।

यो हेलिकोप्टरबाट नेपाली सेनाले नेपालमा हुने आधारभूत पाइलट तालिम लिन्थ्यो भने राजपरिवारका सदस्यले पाइलट सीप र तालिम लिने गरेका थिए। यसले १९ फेब्रुअरी २०१५ मा अन्तिम उडान गरेको थियो। यो हेलिकोप्टरले सञ्चालन अवधिभर नौ हजार सात घन्टा उडान भरेको छ।

त्रिभुवन विमानस्थलमा ग्राउन्डेड गरेर राखिएको यो हेलिकोप्टर ०७६ देखि नारायणहिटी दरबार परिसरमा संग्रहका रूपमा राखिएको छ। राजपरिवारले प्रयोग गरेको र विपत्जन्य घटनामा प्रयोग भएकाले यो हेलिकोप्टरलाई संग्रहालयमा राखिएको तथा यसलाई खिया लाग्न र थप बिग्रनबाट बचाइने नारायणहिटी दरबार संग्रहालय विकास समिति सूचना अधिकारी थापाको भनाइ छ।

राजपरिवार यो हेलिकोप्टर लिएर हिमाली र पहाडी जिल्लामा समेत पुगेको थियो। काठमाडौं आसपासका नागार्जुन, शिवपुरीलगायत ऐतिहासिक ठाउँमा जाँदा यही हेलिकोप्टर प्रयोग हुन्थ्यो। 'यो हेलिकोप्टर राजपरिवारका सदस्यले पाइलट तालिम लिन पनि प्रयोग गर्नुभयो,' नारायणहिटी दरबार संग्रहालय विकास समितिका सूचना अधिकारी पुरुषोत्तम थापाले भने, 'निजी घुमघाम तथा अवलोकनमा जाँदा राजपरिवार का सदस्य यही जहाज र हेलिकोप्टर प्रयोग गर्नुहुन्थ्यो।'

श्री ५ सरकारले किनेको दुई अर्ब ६७ करोडको जहाज चल्दाचल्दै ग्राउण्डेड

हाल दरबार संग्रहालयमा राखिएको नेपाली सेनाको विमान पनि राजपरिवारले प्रयोग गर्दै आइरहेको थियो। यो जहाज ०७७ मा नारायणहिटीमा लगेर ग्राउन्डेड गरी राखिएको हो। यो जहाजमा अन्य यात्रुवाहक जहाजमा जसरी सिट राखिएको छैन। राजपरिवारले यसका सिट मोडिफाई गरी जहाजभित्र सुरक्षाकर्मी र आफूहरू बस्ने सोफा तथा कम्फर्टेबल सिट राखेका थियो।

०३१ मा तत्कालीन श्री ५ सरकारद्वारा दुई अर्ब ६७ करोड पाँच लाख ५४५ मा बेलायतबाट यो जहाज खरिद गरी नेपाल भित्र्याइएको थियो। नाइन एन-आरएसी रजिस्ट्रेसन नम्बर रहेको यो जहाज नितान्त भिभिआइपी उडानको निम्ति खरिद गरिएको थियो। १ वैशाख ०३८ मा तत्कालीन शाही नेपाली सेनालाई जहाज हस्तान्तरण भएको थियो। यो जहाजमा तत्कालीन राजपरिवार र अन्तर्राष्ट्रिय प्रमुखलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय उडान भर्ने गरिएको थियो।

नेपाली सेनाले राजपरिवारको आवश्यकता र निर्देशनअनुसार यो जहाज सञ्चालन गर्दै आएको थियो। राजतन्त्रपछि पनि यो जहाजलाई सेनाले महत्त्वपूर्ण उडानमा प्रयोग गर्दै आइरहेको थियो। त्यसपछि २००१ मा भारत तथा २०१५ मा पाकिस्तानमा भूकम्प जाँदा यस जहाजले नेपालका तर्फबाट राहत सामग्री पुऱ्याएको थियो। नेपालमा ०७२ मा गएको भूकम्पका बेला यो जहाजले अन्तिम उडान भरेको थियो। यो जहाजले हालसम्म नौ हजार ८१२ उडान भरेको छ।

सरकारले राजपरिवारको इतिहाससँग जोडिएको यो विमानलाई संरक्षणका लागि नारायणहिटी दरबार परिसरमा लगेको थियो। तर, उड्ने अवस्थामै रहेको जहाजलाई थन्क्याएको भन्दै कतिपयले विरोधसमेत गरेका थिए। दरबार क्षेत्रमा राखिएको जहाज अब सर्वसाधारणले अवलोकन गर्न सक्नेछन्।

राजपरिवारसँग जोडिएको जहाज भएकाले यसलाई चल्दाचल्दैको अवस्थामा संरक्षण गरिएको नारायणहिटी दरबार संग्रहालय विकास समितिका सूचना अधिकारी थापाको भनाइ छ। तर, नेपाली सेनाका सहायक रथी सूचना अधिकारी कृष्णप्रसाद भण्डारीका अनुसार जहाज र हेलिकोप्टर चालू अवस्थाका होइनन्।

सो जहाज नेपाली सेनाको सैनिक हवाई निर्देशनालयमा कार्यरत पाइलटले उडान भर्दै आइरहेका थिए। जहाज पाइलट तेजेन्द्रजंग थापालगायतको टोलीले उडान भर्दै आइरहेको थियो। यी दुवै मर्मतसम्भार गर्नुपर्ने अवस्थाका हुन्। तर, संग्रहालयमा राखिने भएपछि मर्मत गरिएन। 'जहाज र हेलिकोप्टर चालू अवस्थाका होइनन्, सो जहाज नेपाली सेनाको सैनिक हवाई निर्देशनालयमा कार्यरत पाइलटले उडान भर्दै आउनुभएको थियो,' उनले भने।

शीर्ष नेतासँग...

पृष्ठ १ बाट क्रमशः

उनले एमसिसीका वरिष्ठ अधिकारीले चाँडै नेपाल भ्रमण गर्न लागेको पनि जानकारी दिएका छन्। एकदिने औपचारिक भ्रमणका लागि लु शुक्रबार ढाकाबाट आएका थिए। अमेरिकी उपविदेशमन्त्री उजरा जिया नेतृत्वको टोलीले भारत र बंगलादेशको भ्रमण गरेको थियो। ने

नयाँ पत्रिका
शनिवारीय परिशिष्टाङ्क
झ्यालबाट झ्याल
शनिबार ३० असार ०८०
nayapatrikaofficial @naya_patrika

रमाउँदै पीडा भुलेर

अब हामी अवसर पाए पनि भुटान बस्ने गरी जाँदैनौं । तर, एकपटक पुर्खाले पसिना बगाएको गाउँ हेर्न जाने मन छ ।



भुटानी चित्रकार सारु राईले कोरेको पेन्टिङ । पुनर्वासका वेला शिविर छाड्दै गरेकाहरूबारे कोरेको यो पेन्टिङ उनले ह्यारिसबर्गस्थित डेरी स्ट्रिटमा रहेको सारु आर्टमा राखेका छन् ।

पुनर्वास भएका हरेक नेपालीभाषी भुटानीको घरघरमा र व्यक्तिपिच्छे भुटान, नेपाल र अमेरिकामा भोगेको संघर्षका बेग्लाबेग्लै कथा छन्

सन् १९९० को दशकदेखि भुटानबाट देश निकाला भएपछि भारत हुँदै पूर्वी नेपाल आएर शरणार्थीका रूपमा जीवत व्यतीत गरेका नेपालीभाषी भुटानी नागरिकले करिब दुई दशकपछि तेस्रो देश जाने अवसर प्राप्त गरे । सन् २००८ देखि २०१६ सम्म उनीहरूको तेस्रो मुलुक पुनर्वास (भुटान, नेपालपछिको देश) भयो । नेपालबाट अमेरिका, बेलायत, नेदरल्यान्ड, अस्ट्रेलिया, डेनमार्क, नर्वे, न्युजिल्यान्ड र क्यानडा अर्थात् आठ देशमा सन् २०१६ डिसेम्बरसम्म एक लाख आठ हजार ४७४ जना भुटानी शरणार्थी पुनर्वास भए । यीमध्ये अमेरिकाले ९२ हजार २ ९० जनालाई पुनर्वासअन्तर्गत स्वागत गऱ्यो । सन् २००८ फेब्रुअरी २८ मा अमेरिकामा पहिलो पुनर्वासी भुटानीका रूपमा पिङ्गला धिताल सियाटल पुगिन् । त्यसपछि क्रमशः भुटानीहरू अमेरिका जानेक्रम पुनर्वास कार्यक्रमको समयसीमा समाप्तिसँगै २०१६ डिसेम्बरपछि बन्द भयो । अमेरिकाको ओहायो र पेन्सिलभेनिया राज्यमा सबैभन्दा धेरै भुटानीको बसोवास छ । अमेरिकामा भोट हाल्ने पूर्वभुटानीको संख्या ५० हजारभन्दा धेरै छ ।

पुनर्वास भएका हरेक नेपालीभाषी भुटानीको घरघरमा र व्यक्तिपिच्छे भुटान, नेपाल र अमेरिकामा भोगेको संघर्षका बेग्लाबेग्लै कथा छन् । पहिलो पुस्तासँग भुटानको उन्नतिका लागि गरेको मिहिनेतको कथा मात्र होइन, जबर्जस्ती देश छोड्नुपर्दाको कथा, देश छाडेर पूर्वी नेपालको शरणार्थी शिविरमा व्यतीत गरेको समय र त्यहाँको कठिन संघर्ष अनि भविष्यको खोजीमा अमेरिका आएर गरेको संघर्षको कथा छ । 'हामीसँग भुटानले धपाएको समयका कथा छन्, माइखोला बगरमा फालिएपछि शिविरमा बस्दाका कथा छन् । अनि पुनर्वासका क्रममा यहाँ आएर भोगेका संघर्षका बेग्लै कथा छन् । अमेरिकामा आएको पहिलो पुस्ताले खेपेको हैरानीको बेग्लै कथा छ, एउटा पुस्ताले दुखैदुःखमा जीवन बिताएको छ,' पिटसबर्गमा बस्दै आएका लेखक रूपनारायण पोखरेलले सुनाए । उनीहरूको सबैभन्दा बढी सम्झनामा नेपाल छ । नेपालको राजनीतिले तरंगित मात्र छैनन्, उनीहरू नेपालमा जस्तै यहाँको राजनीतिबारे बहस गर्छन् । रवि लामिछाने, हर्क साङपाङ र बालेन शाहहरूको चर्चा नहुने कुनै घर छैन । अमेरिकामा ठूलो दर्के झरी पर्दा पनि उनीहरू नेपाल सम्झिन्छन् ।



पर्शुराम काफ्ले
pkaphle@gmail.com

अमेरिका डायरी

ह्यारिसबर्गमा तिलक निरौला भन्छन्, 'अलिकति ठूलो पानी दर्किँदा पनि नेपालको याद आउँछ । हाम्रो समुदायले नेपालको समाचार हेर्छ, नेपालका नेता बाहिर जाँदा, बाहिरका नेता नेपाल जाँदा हामी चासोपूर्वक हेर्छौं ।'

पूर्वीनेपालमा रहेका भुटानी शरणार्थीको भविष्यप्रति चिन्ता गर्दै तेस्रो मुलुक पुनर्वास कार्यक्रमको पक्षमा सुरुवातीदेखि नै वकालत गर्दै आएकामध्ये एक थिए, पूर्वीशिविर सचिव हरि बंगाले । अमेरिकाको सेन्सिनाटीमा भेटिएका बंगालेको मस्तिष्कमा काठमाडौंमा तेस्रो मुलुक पुनर्वासका क्रममा भएको कूटनीतिक लबिङ अनि नयाँदिल्लीमा भएको आन्दोलन ताजा बनेर आइरहन्छ । उनीहरूको एउटा समूहले तत्कालीन भारतीय प्रधानमन्त्री एचडी देवेगौंडा भेटेको थियो । भाजपाकी तत्कालीन नेतृ (मोदी सरकारका पालामा विदेशमन्त्री) सुष्मा स्वराज आन्दोलनस्थल जन्तरमन्तर गएरै ऐक्यबद्धता जनाएकी थिइन् । बंगालेलगायतको टोलीले भाजपा नेताहरू अटल बिहारी बाजपेई र लालकृष्ण आडवाणीलाई पनि भेटेका थिए । देवेगौंडाले भनेका थिए, 'भारतले तिमीहरूलाई सहयोग गर्छ भन्ने कुरा कहिल्यै पनि नसोच्नू । संयुक्त राष्ट्रसंघमा भुटान पनि एउटै भोट हो, हामी पनि एउटै भोट हौं । हामीले जहाँ भनेको छ, त्यहाँ भोट हाल्ने, सधैँभरि एक भोट सुरक्षित भएको देशलाई भारतका कुनै पनि सरकारले दबाब दिँदैनन् ।'

सन् नब्बेको दशकमा भुटानमा लोकतन्त्रको तरंग आइसकेको थियो । छिमेकी भारतको सिमानामा भएको गोर्खाल्यान्ड आन्दोलन र नेपालमा भएको प्रजातान्त्रिक आन्दोलनका बारेमा दक्षिण भुटानका नागरिक सञ्चार माध्यमबाट सुसूचित थिए । बंगालेको विश्लेषणमा नेपालीभाषीको बढ्दो प्रभावका कारण भुटानका राजाले आफ्नो जातीय शक्ति सुरक्षित गर्न नागरिक धपाउने प्रपञ्च रचेको थियो । 'आफ्नो जनसंख्याभन्दा नेपालीभाषीहरूको जनसंख्या बढी छ । नेपालीभाषीहरूको हातमा शक्ति जान्छ भन्ने त्रासमा भुटानका राजाले हामीलाई धपाएका हुन् भन्ने हामीलाई लाग्छ,' बंगालेको निष्कर्ष छ ।

पिट्सबर्गमा बस्दै आएका कृष्ण फुँयाल भुटानमा जनगणनामा सहभागी थिए । उनी जिल्ला प्रशासन कार्यालयमा जागिर गर्थे । शरणार्थी समस्या सुरु हुनुअघि नौ महिना लगाएर जनगणना सम्पन्न भयो । सन् १९५८ भन्दा अघिको कागजपत्र नभएकाहरूलाई भुटानबाट निकाला गर्ने सरकारी निर्णय थियो । 'दक्षिण भुटानमा अनागरिक भेटिएनन्, एक लाख गैरभुटानी निकाल्ने उसको पूर्वयोजना सफल भएन । हामी प्रमाणिक नागरिक हौं भन्नेमा ढुक्क थियौं, तर विभिन्न बहानामा हामी निकालियौं,' फुँयाल सुनाउँछन्, 'हाम्रा पुर्खाले पूर्वाधार बनाए । हामीले गाडी दौडाउने वेलामा खेदिनुपऱ्यो । बाठा र धनी नेपालीभाषीलाई निकालेपछि चैन हुन्छ भन्ने लागेको रहेछ, भुटानले त्यही गऱ्यो । तर, अहिले न भुटानलाई चैन छ, न हामीलाई नै ।'

नेपालमा ठूलो जनसंख्या आएपछि नेपाल र भुटानबीच वार्ता भयो, तर त्यसले परिणाम निकाल्ने संकेत गरेन । भुटान उनीहरूलाई लैजान तयार नभएपछि शरणार्थीका रूपमा बसिरहेका ठूलो संख्याको भविष्य अन्योलमा थियो । ह्यारिसबर्गमा भेटिएका पत्रकार एवं लेखक भक्त घिमिरे त दुई देशबीचमा खास वार्ता तीनपटकभन्दा नभएको र बाँकी वार्ता अर्को मिति तय गर्नका लागि मात्र भएको जानकारी आफूसँग रहेको सुनाउँछन् । दिगो समाधानका लागि बंगालेलगायतको टोलीले तीनवटा विकल्पसहित शरणार्थी समस्या समाधानको उपाय निकाल्यो । पहिलो, शरणार्थीलाई नेपालमै समायोजन गर्ने । दोस्रो, शरणार्थीहरू स्वदेश फिर्ता हुनुपर्ने । तेस्रो, पुनर्वासका लागि तेस्रो मुलुकमा लैजानुपर्ने । बंगालेको निष्कर्ष थियो, तेस्रो विकल्प मात्रै सम्भव छ । यही क्रममा उनीहरूले काठमाडौंमा कूटनीतिक लबिङ थाले ।

संयुक्त राष्ट्रसंघका तत्कालीन नेपाल प्रतिनिधि अब्राहम अब्राहमले एकपटक बंगालेलाई भने, 'तेस्रो देश पुनर्वासको वकालत गर्ने तिम्रो के हैसियत हो ? तिमी शिविरका प्रतिनिधि पनि होइनौ । तिमी आफ्नो परिवारसहित कुनै देशमा जान चाहन्छौ भने भन, त्यो देशको राजदूतसित म कुरा गर्छु । होइन भने तेस्रो देश पुनर्वासको कुरा नगर । यो सम्भव छैन,' अब्राहम भुटानी राजाको भाषा बोल्दै थिए ।

तत्कालीन अमेरिकी राजदूत जेम्स एफ मोरियार्टीले भुटानी विषयमा चासो दिन थाले । मोरियार्टीको कार्यालयले १५ मिनेटका लागि दिएको समय उछिनेर बंगालेले मोरियार्टीसँग अमेरिकी दूतावास काठमाडौंमा डेढ घन्टा ब्रिफिङ गरे । अब्राहमले भनेको कुरा उनले राजदूतलाई सुनाए । मोरियार्टीको जवाफ थियो, 'युएनएचसिआरको म्यान्डेट नै शरणार्थी समस्या समाधान हो । म अब्राहमसँग कुरा गर्छु ।' बंगालेले शरणार्थी शिविरमा माओवादी गतिविधि बढ्ने, हिंसा भड्किने सम्भावनाबारे छलफल गरे । बंगालेले राजदूतलाई भने, 'दिगो समाधानको उपाय सुरु नगर्ने हो भने शिविरमा माओवादी समूह जन्मेर हतियार उठाउन सक्छन् । हिंसा भड्किएको अवस्थामा शिविरका शरणार्थीलाई आतंककारीको बिल्ला लाग्छ । तेस्रो देश पुनर्वासको विकल्प बन्द हुनेछ र हाम्रो भविष्य बर्बाद हुनेछ । त्यसकारण यो परिस्थिति आउनुअघि नै तेस्रो देश पुनर्वास सुरु गरौं ।' मोरियार्टीले भने, 'म मेरो सरकारलाई रिपोर्ट गर्छु, त्यसपछि कुरा गरौंला । हामी तत्कालै आठदेखि १० हजार शरणार्थी अमेरिका लैजान सक्ने ग्यारेन्टी म गर्छु ।'

युएनका अब्राहमले २० हजार शरणार्थीलाई दक्षिण भारतमा पुनर्वास गरिदिने प्रस्ताव भारतबाट आएको बंगालेको टिमलाई सुनाएका थिए । अब्राहम भन्थे, 'भारतले २० हजारलाई लैजान चाहेको छ । योबाहेक अन्त पुनर्वास हुँदैन । भुटान भारत सीमाको शान्ति खलबलिन हामी दिँदैनौं ।'

तत्कालीन परराष्ट्रमन्त्री केपी शर्मा ओलीले हरिसँग एकपटक भनेका थिए, 'तपाईंहरू पुनर्वासमा गए हुन्छ । नेपालबाट भन्दा तपाईंहरूलाई बाहिरबाटै भुटान जान सजिलो हुन्छ ।' ओलीले यो प्रक्रियामा सहयोग गरेको उनीहरू सम्झिन्छन् । कूटनीतिक लबिङबीच अमेरिकाले शरणार्थी लैजाने घोषणा गऱ्यो । शरणार्थी शिविरमा पुगेर अमेरिकी तत्कालीन सहायक विदेशमन्त्री एलेन सौरब्रेईले घोषणा गरिन्, 'अमेरिकाले ६० हजार शरणार्थी लैजानेछ ।' अमेरिकाले नेतृत्व लिएपछि क्रमशः आठ देशले शरणार्थी लैजाने घोषणा गरे । सन् २०१६ को डिसेम्बरसम्म आठ देशले एक लाख आठ हजारभन्दा बढी शरणार्थीलाई सम्मानपूर्वक स्वागत गरे ।

पुनर्वास भएकामध्ये सबैभन्दा बढी नेपालीभाषी भुटानीहरू अमेरिकामा छन् । अमेरिकाको पेन्सिलभेनिया र ओहायो राज्यमा सबैभन्दा ठूलो संख्या छ । अरू राज्यमा पनि उनीहरूको संख्या उल्लेखनीय छ । केन्टुकीको लुइसभिल बस्दै आएका टीका अधिकारी भन्छन्, 'अमेरिका आएकामध्ये ठूलो संख्याले तीव्र गतिमा आर्थिक र सामाजिक प्रगति गरेको छ । सबैभन्दा राम्रो प्रगति गर्नेहरूमा भियतनाम र भुटानी नेपाली समुदाय हो । हाम्रा मानिसले अंग्रेजी पढेका थिए, त्यसैले यहाँ सजिलो भयो ।' सिन्सिनाटीका प्रकाश गड्तौला भन्छन्, 'हाम्रा अधिकांश मानिस आफ्नो घरमा बस्छन् । पचासौं वर्षदेखि बाहिरका आप्रवासीहरू भाडामा बसेर जीवन गुजारा गरेका छन् । मिहिनेतले गर्दा नेपालीभाषीले राम्रा गाडी र घर जोडेका छन् । भुटानले खेदेको पीडा सम्झेर आत्मविश्वासका लागि पनि भुटानी नेपालीहरूले घर किनेका छन् ।' लुइसभिलमा शिक्षण गर्दै आएका मित्र सुवेदी भन्छन्, 'हाम्रो समुदायका केटाकेटी अध्ययनमा निकै तेज छन् । उनीहरूले राम्रो प्रगति गरेका छन् ।'

पुनर्वासका भुटानीलाई अहिले अमेरिकाका विभिन्न ठाउँ भुटानका गाउँजस्तै परिचित लाग्न थालेका छन् । 'अहिले हाम्रा मानिस भुटानका गेलेफुदेखि साम्ची होइन, पारिवारिक मिलनका लागि ह्यारिसबर्गदेखि केन्टुकी, पिट्सबर्गदेखि ओहायो, नर्थ केरोलिना जान्छन्,' ओहायोमा रहेका भोला पोखरेल भन्छन् । अमेरिका आएका पहिलो पुस्ता भुटान छाड्नुअघि बारीमा फलेका अलैंची र सुन्तला सम्झेका छन् । 'सबै छाडेर आइयो । सम्झनामा मात्रै छ,' पिट्सबर्गमा रहेका गोपाल काफ्ले भुटान सम्झिन्छन् ।

नेपालमा जन्मेको एउटा पिँढीले बेलडांगी, शनिश्चरे पथरी मात्र होइन, हलेसीदेखि पाथीभारा सम्झेको छ । भुटानका आफन्त, नेपालमा रहेका आफन्त र डेढ दशकभन्दा बढी समय व्यतीत गरेको शरणार्थी शिविर, त्यहाँको छिमेक सम्झिन्छन् उनीहरू । 'अलिकति ठूलो पानी दर्किँदा पनि हामीलाई नेपालको याद आउँछ । हाम्रो समुदायले नेपालको समाचार हेर्छ, नेपालका नेताबाहिर जाँदा, बाहिरका नेता नेपाल जाँदा हामी चासोपूर्वक हेर्छौं,' ह्यारिसबर्गमा व्यवसाय गर्दै आएका अगुवा तिलक निरौला भन्छन् ।

नयाँ पुस्ता अमेरिकी समाजमा अभ्यस्त छ, तर नेपाली संस्कृतिमा भिजेको छ । तर, नयाँ पुस्ताको ठूलो समूह भने मातृभाषा (नेपाली)को अभ्यास गर्दैन । नयाँ पुस्ताले पढाइमा राम्रो प्रगति गरेको छ । अमेरिका पुगेको दोस्रो पुस्ता व्यवसाय र पेसामा अमेरिकी समुदायसँग घुलमिल छ । 'आर्थिक रूपमा हाम्रो समुदायले राम्रो प्रगति गरेको छ । अत्यन्तै छिटो प्रगति गर्ने आप्रवासीमध्ये हामी अग्रपंक्तिमा छौं,' पेन्सिलभेनियाँको ह्यारिसबर्गमा बस्दै आएका लेखक एवं पत्रकार सिएम निरौलाले सुनाए ।

पिटसबर्गकी जानुका रेग्मीको अनुभव छ, नेपाल आएर सुरुमा भुटानका छिमेकी खोज्यौं, पछि शिविरमै नयाँ छिमेकी थपिए, अहिले फेरि नयाँ छिमेकी छन् । आफन्त र छरछिमेकी नै छिमेकीका रूपमा छन् । हामीलाई गाउँमै बसेजस्तो हुन्छ यहाँ ।' नयाँ पुस्तालाई भाषा, संस्कृति र योग सिकाउन नेपालीभाषी अगुवाहरू सक्रिय छन् । समूहमा पुनर्वास भएकाले भाषा संस्कृति संरक्षण सहज भएको समुदायका अगुवा एवं फ्रिडम होम केयरका निर्देशक टीका अधिकारी बताउँछन् । 'नेपालका दाजुभाइ यहाँ अनुकूल लागेन भने स्वदेश जाने ठाउँ छ । हाम्रा लागि बस्ने ठाउँ यही नै लेखेको रहेछ,' अधिकारी भन्छन् । नेपालीभाषी समुदायको नयाँ पुस्तामाझ भाषा र संस्कृतिप्रति रुचि पैदा गराउने प्रयास थालिएको योग शिक्षक एवं लेखक डा. लक्ष्मीनारायण ढकालको भनाइ छ ।

पिटसबर्गका कृष्ण रेग्मी र संचमान राईले एस एन्ड के एजुकेसनल सेन्टर खोलेका छन् । सानो पुस्तकालयमा इतिहास, धर्म, संस्कृतिका पुस्तक छन् । भाषा सिकाइको पाठ्यपुस्तक तयार छ । उनीहरूले अनलाइनमार्फत भाषा सिकाउन थालेका छन् ।



सिन्सिनाटीका प्रकाश गड्तौला भन्छन्, 'हाम्रा अधिकांश मानिस आफ्नो घरमा बस्छन् । पचासौं वर्षदेखि बाहिरका आप्रवासीले भाडामा बसेर जीवन गुजारा गरेका छन् । मिहिनेतले गर्दा नेपालीभाषीले राम्रा गाडी र घर जोडेका छन् । भुटानले खेदेको पीडा सम्झेर आत्मविश्वासका लागि पनि भुटानी नेपालीले घर किनेका छन् ।'

पेन्सिलभेनियाको राजधानी हेरिसबर्गका तिलक निरौलाले भुटानका प्रधानमन्त्री डा. लोटे छिरिङ निर्वाचित भएलगत्तै बधाई सन्देश पठाए । उनले भुटान भ्रमणको इच्छा व्यक्त गरे र शरणार्थी मामिला समाधान गर्न आग्रह गरे । प्रधानमन्त्री छिरिङको जवाफ आयो, भुटान घुम्नका लागि आउने हो भने यस विषयमा कुरा गरौंला, बाँकी विषयमा म कुरा गर्न सक्दिनँ ।'

यो वर्ष जर्जियाको एट्लान्टाबाट ६ जनाले मार्च महिनामा भुटानको भिसा आवेदन दिए । ट्राभल एजेन्सीले ६ हजार डलरमा टिकट काट्यो । मे २४ देखि २९ सम्म भुटान जाने गरी टिकट भएको थियो । ओहायोस्थित पिस इनिसिएटिभ भुटानका संस्थापक सुदर्शन प्याकुरेल भन्छन्, 'दुई वर्ष लगाएर हामीले यसका लागि काम गरेका थियौं । ह्वाइट हाउससम्म पुगेर हामीले लबिङ गऱ्यौं । भ्रमणमा जानका लागि सकारात्मक जवाफ भुटानतिरबाट आएको थियो र साथीहरूले आवेदन दिएका थिए । तर, अन्तिममा भिसा आएन ।' प्याकुरेलको समूहलाई डिसी पुगेका वेला स्टेट डिपार्टमेन्टको दक्षिण एसिया हेर्ने अधिकारीले भनेका थिए, 'हामी भारत र भुटानका समकक्षीसँग कुराकानी गरेर तपाईंहरूलाई खबर गर्छौं । तर, खबर आएन ।'

नक्कली शरणार्थी प्रकरण र शिविरमा रहेका ६ हजार पाँच सय शरणार्थीको भविष्यबारे पुनर्वासमा आएका अगुवाहरूको गहिरो रुचि छ । अधिकांश त यो प्रकरणको पछाडि भुटान सरकारको हात हुन सक्ने शंका गर्छन् । कुनै समय रेडियो नेपालमा काम गरेका पत्रकार भगीरथ खतिवडा भन्छन्, 'टेकनाथ रिजालको गिरफ्तारीपछि हामीले त्यो उचाइका नेता गुमायौं । हामी अदालतको फैसलाको प्रतीक्षामा छौं ।' केन्टुकी बस्दै आएका लेखक एवं साहित्यकार शिव दाहाल भन्छन्, 'अमेरिकामा नेपाली नागरिक आए-नआएको विषय होइन, यस प्रकरणले हाम्रो मुद्दा निकै कमजोर भएकोमा हामी दुःखी छौं ।'

ह्यारिसबर्ग बस्दै आएका वाइपी आचार्यको भन्छन्, 'बाँकी शरणार्थीलाई स्वदेश फर्काउने सम्भावना देख्दैनौं, फर्किने अवस्था आयो भने पनि उनीहरूलाई भुटानमा गएर बस्न सहज होला कि नहोला भन्ने अर्को चिन्ता छ । शरणार्थी शिविरबाट भुटानमा गएर हाम्रा मानिसको भाग्य उदाउने सम्भावना छैन ।' पत्रकार खतिवडा भने त्यसवेला र अहिलेको भूराजनीतिक जटिलता नबुझेसम्म शरणार्थी समस्या समाधान गर्न नसकिने बताउँछन् ।

भुटानमा कुनै समय आन्दोलनका अगुवा रहेका ह्यारिसबर्ग निवासी विश्वनाथ क्षेत्रीको विश्लेषणमा नक्कली शरणार्थी काण्डका कारण बाँकी शरणार्थीको पुनर्वासका लागि नेपालले कूटनीतिक प्रयास गर्न सक्ने अवस्था छैन । उनी भन्छन्, 'नेपालले मुख्य एजेन्डा बनाएर अघि बढेको अवस्थामा मात्रै शिविरमा रहेका मानिसको भविष्य तय हुन्छ । अब शरणार्थी शिविरबाट आन्दोलन गरेर केही हुनेवाला छैन ।' पत्रकार भक्त घिमिरेको भनाइ छ, 'जे कारण हामीलाई भुटानबाट खेदिएको हो, त्यो कारण अहिले पनि यथावत् छ । सबैलाई बाहिर पुनर्वास गरे पनि भुटानभित्र परिवर्तन नभएसम्म यो विषय समाधान हुँदैन । उसले गल्ती स्वीकार नगरेसम्म यो समस्या कालान्तरसम्म रहन्छ ।' लेखक रूपनारायण पोखरेलको पनि आशंका छ, 'भुटानले कतै हाम्रो इस्यु समाप्त पार्न नक्कली प्रकरणको पृष्ठभागमा काम गरेको त छैन ?'

पिस इनिसिएटिभ्स अफ भुटान पिआइबीका संस्थापक सुदर्शन प्याकुरेल भन्छन्, 'शरणार्थीहरूको दिगो र अर्थपूर्ण समाधान, भुटानको जेलमा रहेका ३७ जना राजबन्दीहरूको रिहाई र पुनर्वासमा आएकाहरूलाई भुटान भ्रमणमा जाने अधिकारका लागि हामी काम गरिरहेका छौं ।' दुई महिनापछि उनीहरूले संयुक्त राष्ट्रसंघमा स्केन्डेभियन हाउसमा भुटानी राजबन्दी रिहाईका लागि दबाब दिन कार्यक्रम गर्दै छन् ।

समुदायका अगुवा हरि बंगाले भन्छन्, 'अहिले हाम्रो परिवार भुटान, नेपाल, अमेरिका र अर्को देशमा छरिएको छ । शिविरमा रहेका र बाहिर रहेका मानिसबीच पारिवारिक पुनर्मिलन गराउनुपर्ने मुद्दा छ । तर, यो शिविरमा भएकाहरूको सबै समस्याको समाधान होइन, दीर्घकालीन समाधान पुनर्वास नै हो ।' अमेरिकाको अफिस अफ द रिफ्युजी रिसेटलमेन्टसँग यस विषयमा छलफल गर्ने तयारीमा उनीहरू छन् ।

नेपालीभाषी समुदाय एकपटक भुटान जान चाहन्छ । आफ्ना पुर्खाले पसिना बगाएर सिञ्चित गरेको गाउँघर उनीहरू हेर्न चाहन्छन् । कोलम्बस निवासी भोला पोखरेल भन्छन्, 'अब हामी अवसर पाए पनि भुटान बस्ने गरी जाँदैनौं । तर, एकपटक गाउँ हेर्न मन छ । पर्यटकका रूपमा हामी जान चाहन्छौं । हामीले विगतमा आन्दोलन गरे पनि अब भुटानका राजाप्रति पूर्वाग्रह छैन ।'

कोराको रौनकता र साइकल कानुन



साइकल संस्कृति विकासको अनुपम अवसर बन्दै छ, कोरा उत्सव



तारालाल श्रेष्ठ
shresthatara@gmail.com
समाज

असारको अन्तिम साता । कोरा राइडको रौनकता थपिँदै थियो । कोरा राइड, अर्थात् पवित्र साइकल परिक्रमा । काठमाडौंबाट सन् २०११ देखि सुरु गरिएको कोरा राइड देशभर फैलिँदो छ । विश्वव्यापी बन्न कोसिस गरिरहेको छ यो साइकल उत्सव । विश्वका केही सहरमा समेत नेपाली भूमिबाट उठेको कोरा राइड उत्सव मनाइरहेको देख्दा हामी साइकल समुदाय हर्षित छौं । यद्यपि, सडकमा पेडल पेलिरहँदा हामी कति सुरक्षित छौं ? कोरा उत्सवको सन्दर्भमा साइकल ऐनको स्मरण गराउनु यस आलेखको अभीष्ट हो ।

के हो कोरा ?

नेपालमा कोरा राइड सुरु भएको १३ वर्ष भइसक्यो । कोराको अर्थ परिक्रमा हो । सकेसम्म गोलाकार साइकल रुट तय गर्ने र सामूहिक साइकल हाँक्ने उद्देश्यले कोरा आयोजना गरेको बुझिन्छ । राज ज्ञवालीको शब्दमा गोलाकार रुटमा कसैले गिभअप गरे पनि सहजै फर्कन मिल्ने भएर कोरा रुट तय गरिएको थियो । कोरामा सानोदेखि ठूलो साइकल रुट तय गरिन्छन् र मास पेडलिङ सम्पन्न हुन्छ । काठमाडौंदेखि फर्पिङ हुँदै हेटौंडा ७८ किमि छ । यस रुटमा साइकल हाँक्दा एकैदिनमा घर फर्कन सकिन्न । कोरामा सहजै १०० किमि पेडल पेलेर घर फर्कन सकिन्छ । कोही सिंहदरबार परिक्रमा गर्छन् । कोही चक्रपथ । कोही उपत्यकाकै परिक्रमा गर्छन् । सहजै पेडल पेलेर घर आइपुग्छन् ।

यसपाला पनि कोरा राइडका लागि हजारौँहजार साइकल साथीहरू तम्तयार छन् । काठमाडौं, ललितपुर, भक्तपुर, कीर्तिपुर, पनौती, पाँचखाल हुँदै पूर्वमा मेचीदेखि पश्चिममा महाकालीसम्म हुलका हुल साइकल साथीहरू कोरा राइडमा नाम दर्ता गरी जोडिइसकेका छन् । धरान, विराटनगर, दमक, गाईघाट, उदयपुर, वीरगन्ज, पर्सा, जितपुर, हेटौंडा, चितवन, पोखरा, कावासोती, बुटवल, सैनामैना, लमजुडेखि महेन्द्रनगरसम्म जहाँतहीं कोरा राइडहरू एकैदिन, एकै समय सम्पन्न हुँदै छन् । हेटौंडामा दुई समूहले अलग-अलग रुटमा कोरा गर्दै छन्, स्वच्छ प्रतिस्पर्धामा गत वर्षभन्दा दुवै समूहमा दोब्बर बढी सहभागी हुँदैरहेछन्, जहाँ १० वर्षदेखि ७५ वर्षसम्मका हजारौँ साइकलेहरू सामूहिक पेडल पेल्दै छन् । कोही काठमाडौंबाट हेटौंडा जाँदै छन् । हेटौंडाबाट कति काठमाडौं वा इच्छाअनुसार यताउता जाँदै छन् । हिजो ५० किमि पेडल पेल्नेहरू आज १०० किमि साइकल हाँक्ने कुरा गर्दैछन् । नवीन रुट खोजी गर्दै छन् । साइकल संस्कृति विकासको अनुपम अवसर बन्दै छ, कोरा उत्सव ।

> कोरा शब्दले परिक्रमा भन्ने बुझाउँछ । हरेक पवित्र मठ, मन्दिर, चैत्य, गुम्बा, मूर्ति वा सम्मानित सबै चिजलाई दायाँ पारेर घुम्ने परम्परा पूर्वीय सभ्यतामा स्थापित छ । बौद्ध दर्शनमा कोराको चलन अझ व्यापक देखिन्छ ।
>
> विश्वभर साइकल ऐनकानुनबाटै साइकलयात्रीलाई उच्च सम्मान सुविधा सुनिश्चित गर्ने प्रचलन बढ्दो देखिन्छ । जहाँ जति धेरै कानुनी अधिकार प्रदान गरिएको हुन्छ त्यहाँ उति नै बढी साइकल संस्कृति विकास भएको पाइन्छ ।

बुटवलमा साइकल समूह धेरै छन् । अन्यत्र पनि साइकल समूह बढ्दो छ । उनीहरूबीच प्रतिस्पर्धा हुने नै भयो । बुटलमा अघिल्ला वर्षहरूमा कोरा भव्य रूपमा सम्पन्न भए । यसपाला समूहहरू मिल्न नसकेर कोरै नहुने भयो भन्दै साथीहरू कराइरहेका छन् । कोराका लागि अन्यत्र जाने कुरा गर्दै थिए । ललितपुरबाट महिला साथीहरू धरान कोरा राइड जाने तयारीमा देखिन्थे । कुन रुट कहाँको कस्तो ? कसले कुन रुट किन छान्दै छन् ? अनेक किस्साहरू छन्, कोराका । मुट्ठी दान उठाएर सक्दो सहयोग पनि गरिन्छ । हजारौँ साइकल साथीहरू सयौँ किमि सामूहिक पेडल पेल्दाका कथाहरू कति हुन्छन् कति ।

साइकल ऐनको अभाव

कोराको यस्तो उत्सवमय माहोलमा विराटनगरमा एक साइकल साथीमाथि अप्रिय घटना घट्यो । साइकल साथी नराम्ररी कुटिएको बीभत्स दृश्य देखेर एकाएक हामी विचलित बन्यौं । उक्त भिडियो सामाजिक सञ्जालमा भाइरल भइगयो । साइकल समुदायसँगै आमनागरिकलाई उक्त भिडियोले स्तब्ध बनायो । विश्वविद्यालयका विद्यार्थीले उक्त अन्यायविरुद्ध आक्रोश पोख्न थाले । साइकल साथीहरू हामी के गर्न सक्छौं भन्न थाले । आफन्तजन फोनबाट साइकल हाँक्दै छस् कि कता छस् ? त्यो भिडियो हेरिस् ? भन्छन् । मेरा विश्वविद्यालयको एक प्राध्यापक मित्र भन्दै थिए,'नेपालको सहरहरूमा साइकल हाँक्नेहरू अनार्किस्ट हुन् । सामान्य साहसवालाले यस्तो अस्तव्यस्त सहरमा साइकल हाँक्न सक्दैन ।' मित्रले भनेझैं भयो, सडकमा जे पनि हुन सक्दोरहेछ । साइकल यात्रा अनार्किस्टले मात्रै रोज्ने जात्राजस्तो देखियो ।

टुँडिखेल-धुलिखेल राइडपछि साइकल दुर्घटनाका ताजा तथ्यांङक पस्कने नेपाल प्रहरीका एसएसपी सञ्जीव शर्मालाई सोध्न मनलाग्यो,'विराटनगर घटनालाई साइकल दुर्घटना भन्ने कि नभन्ने, सञ्जीव सर ?' हेटिकोप्टर, हवाईजहाज, यान्त्रिक साधन सबै दुर्घटनामा परिरहेकै छन् । साइकल दुर्घटनामा पर्दा हामीलाई निकै बेचैन बनाउँछ । सञ्जीव सर पीडित साइकल साथी भेट्न विराटनगर जाने कुरा गर्दै हुनुहुन्थ्यो ।

साइकल सुरक्षित यात्रा होइन । साइकल चोरी उस्तै अत्यधिक छ । साइकललाई हेप्ने, होच्याउने संस्कृति हावी छ । साइकल पूर्वाधार छैन । यावत् बहाना छन्, साइकल नचढ्नलाई । तर, साइकल चाहनेलाई कुने कुराले छेकेको छैन, छेक्नेछैन । हामी साइकल हाँकिरहेकै छौं । मलाई साइकल समुदायसँग जोडिएका बीभत्स दृश्य सामाजिक सञ्जालमा पोस्ट गर्न मन लाग्दैन । त्यसो गर्दा साइकल संसारमा भर्खर पाइला राख्दै गरेकाहरू हच्किचाउँछन् । साइकल संसारमा आउन इच्छुकहरू पछि हट्छन् । साइक्लिङ निकै सुन्दर हो । सडकमा पेडल पेलिरहेका सबै सुन्दर लाग्छन्, जस्तो साइकलवाला होस् । उनीहरू आफ्नैझैं लाग्छन् ।

विराटनगर घटनाले ऐनको अभावबोध गराउँदै छ । आफ्नै सुरमा साइकल हाँकेर घर फर्किरहेका पवन शाहलाई एक कारवालाले मुक्का हान्छ । शाहलाई भक्लक्कै बाटोमा साइकलसहित लडाइदिन्छ । घोप्टो परेर लडेका शाह बेहोस देखिन्छन् । मुक्का हान्ने युवाले शाहको साइकल उठाउँछ । उनको साथीले साइकल समातिदिन्छ । हेर्दा मृतझैं देखिएका शाहको दुवै खुट्टा समाती किनारातिर तानेर फालिदिन्छन् । घिसार्दा शाहको मुख सडकमा घिस्रिरहेको दृश्य हेरिसक्नुहुन्न । सडकमा उनको अनुहारबाट बगेको रगत लतपतिएको देखिन्छ । पीडकहरूलाई पीडितप्रति अझ पनि पटक्कै दयाभाव जाग्दैन । दृश्य हेर्दा कुनै हरर सिनेमाको सिनझैं भान हुन्छ । यस्तो अवस्थामा कसलाई कस्तो कारबाही गर्ने ? अन्ततः जिप्रका मोरङमा आयुष भेटवाल, कुसल भेटवाल र रोशन कार्कीविरुद्ध ज्यान मार्ने उद्योगमा मुद्दा दर्ता भएको देखिन्छ ।

विश्वभर साइकल ऐनकानुनबाटै साइकलयात्रीलाई उच्चसम्मान सुविधा सुनिश्चित गर्ने प्रचलन बढ्दो देखिन्छ । जहाँ जति धेरै कानुनी अधिकार प्रदान गरिएको हुन्छ त्यहाँ उति नै बढी साइकल संस्कृति विकास भएको पाइन्छ । ती देशहरूमा साइकलयात्रीलाई सम्मान गर्ने संस्कार शिक्षालय, समाज सबैबाट सिकाइने गरिन्छ । यान्त्रिक सवारीसाधन चालकलाई पनि साइकलयात्रीलाई कसरी सुरक्षा, सुविधा र सम्मान गर्ने भन्ने प्रशिक्षण कक्षा चलाइने गरेको पाइन्छ । साइकल संस्कृति स्थापित सहरहरूमा यान्त्रिक सवारी हाँक्नेहरूसमेत सबैजसो साइक्लिस्ट पनि हुन्छन् । यान्त्रिक सवारी नहाँकेको वेलामा उनीहरू साइकल हाँकिरहेका हुन्छन् । त्यस्तो समाजमा हजुरबा-हजुरआमाहरू नातानातिनाको साइकल शिक्षक हुन्छन् । साइकल पूर्वाधारलाई बढाउँदै साइकल मात्रै कुद्ने राजमार्गसमेतमा लगानी बढ्दो देखिन्छ । साइकल हाँक्नेले बोध गरेको संसार पेडल नपेल्नेले सहजै बोध गर्न सक्दैनन् । साइकलयात्रीलाई आदर सम्मान गर्न साइकल संसारको अनुभव र अनुभूतिले सुसज्जित हुनुपर्दछ । यदि मुक्का हान्ने कारवाला मित्रहरू सक्रिय साइकले हुँदो हो त यति विभत्स हर्कत तिनले गर्ने थिएनन् । हेटौंडा हर्नामाडीका सक्रिय साइकले बुद्धिबहादुर आले भन्छन्,'बल बढी हुनेहरू पेडल बढी पेल्नु । यसले हाम्रो अहम पसिनासँग बगेर जान्छ, मान्छेको तनमन पवित्र हुन्छ,' यसर्थ, साइकललाई हेप्ने संस्कार तोड्न हामीले धेरै अहंकारी आक्रोशीहरूलाई पेडल पेल्न अभिप्रेरित गर्नुपर्ने देखिन्छ ।

कोराको सान्दर्भिकता

हामी साइकल कोराको उत्सवमय माहोलमा छौं । कोरा शब्दले परिक्रमा भन्ने बुझाउँछ । हरेक पवित्र मठ, मन्दिर, चैत्य, गुम्बा, मूर्ति वा सम्मानित सबै चीजलाई दायाँ पारेर धुम्ने परम्परा पूर्वीय सभ्यतामा स्थापित छ । बौद्ध दर्शनमा कोराको चलन अझ व्यापक देखिन्छ । बौद्धनाथ, स्वयम्भू, कैलाश सरोवर, पोटाला प्यालेस जतातै कोरा अनवरत चलिरहेकै छ । हाम्रै दैनिक जीवन कोरामै अडिएको छ । इकोसिस्टम कोरै त हो । हाम्रा हरेक दैनिकी प्रत्यक्ष वा परोक्ष कोरै हुन् । हाम्रो हरेक जीवनचक्र साइकलको चक्काझैं चलिरहन्छ । मृत्युपछि पनि रोकिन्न । गतिशीलता, त्यो पनि पवित्र गतिशीलताको प्रतीक हो, कोरा यात्रा ।

एक पवित्र साइकल जात्रा हो, कोरा । जहाँ जोकोही सहजै सहभागी हुन्छन् । वसन्त महर्जनको शब्दमा, बुद्ध व्यापक यात्रा गर्ने दार्शनिक थिए । जति बढी यात्रा उति बढी जीवन्तता प्रकृतिको नियम नै हो । कोराले कुनै पनि पवित्रस्थलहरूको परिक्रमालाई बुझाएझैं कोरा राइडमा सहयोगी भावनाले साइक्लिङ गरिन्छ । यो यात्रा हो, ध्यान पनि हो । जोश हो, बोध पनि हो । सामूहिक शक्तिको प्रतिस्पर्धात्मक बिम्ब पनि हो । जहाँ कोही हार्दैनन्, सबै जित्छन् । जुन समय सामान्य साइकले हुलकाहुल यस अभियानमा स्वतःस्फूर्त समाहित हुन्छन्, त्यसपछि नेपाली कोरा विश्वव्यापी बन्नेछ भन्ने बोध गर्दैछु । यस शक्तिलाई नेपालमा साइकल कानुन निर्माणमा सदुपयोग गर्न पनि पक्कै सकिन्छ । नदीझैं गतिशीलतामा सँलदै अघि बढ्न कोराले हामी सबैलाई अभिप्रेरित गरोस् । साइकल संसारमा सबैलाई स्वागत छ ।

मनमोहक खप्तड

खप्तड प्राकृतिक सुन्दरताले भरिपूर्ण मात्र छैन, यसको प्राकृतिक, धार्मिक र पौराणिक महत्त्व पनि उत्तिकै छ





तेजराज भट्ट
tejdhn@gmail.com
पर्यटन





चारैतिर जंगलले घेरिएका सुन्दर र रमणीय घाँसे मैदान । घाँसे मैदानसँगै जोडिएका खापर दह, सहस्रलिंग, डाँफेकोट, खप्तडबाबाको आश्रम, केदार ढुंगा, नागढुंगा, खप्तड दह, गणेश मूर्ति आदि धार्मिक र पर्यटकीय महत्त्वका स्थलहरू । फेदीमा पवित्र तीर्थस्थल त्रिवेणी धाम । अनुपम प्राकृतिक सुन्दरताले भरिपूर्ण फाँटहरूसँगै मनोरम पर्यटकीय, धार्मिक तथा पुरातात्त्विक स्थलहरूले खप्तड पुग्ने जोकोहीलाई मोहित मात्र तुल्याउँदैन, त्यहाँ पुग्न घन्टौं हिँड्दा लागेको थकान पनि मेटिएको महसुस हुन्छ ।

सुदूरपश्चिमको प्राकृतिक र धार्मिक पर्यटनको प्रमुख गन्तव्य हो खप्तड । खप्तड प्राकृतिक सुन्दरताले भरिपूर्ण मात्र छैन, यसको प्राकृतिक, धार्मिक र पौराणिक महत्त्व पनि उत्तिकै छ । खप्तडभित्रका धार्मिक एवम् पुरातात्त्विक स्थलहरूमा ढुंगामा कुदिएका मूर्ति, हातहतियारका चित्रहरू देख्न पाइन्छ । यहाँ चारैतिर जंगलले घेरिएका २२ पाटन र ५२ थुम्का (दह) छन् । त्रिवेणी धाम, खापर दह, सहस्रलिंग, डाँफेकोट, खप्तडबाबाको आश्रम, केदार ढुंगा, नागढुंगा, गणेश मूर्तिजस्ता स्थलले खप्तडको सुन्दरता र महिमा मात्र बढाएको छैन, यी धार्मिक र पुरातात्त्विक दृष्टिले पनि महत्त्वपूर्ण छन् । त्रिवेणी, खप्तड दह, सहस्रलिंग आदि स्थान हिन्दू धर्मावलम्बीका लागि पवित्र तीर्थस्थल हुन् ।


> मौसमअनुसार खप्तडले आफ्नो रूप पनि फेर्छ र हरेक रूपहरू उत्तिकै सुन्दर हुन्छन् । बर्खामा ढकमक्क फुलेका भुइँफूलले पाटनहरू ढाकेका हुन्छन् । रंगिबिरंगी गुराँस फुल्ने वेला खप्तडको सुन्दरता वर्णन गरेर सकिन्न । हिउँदमा खप्तड हिउँले ढपक्कै छोपिन्छ ।

गंगा, जमुना र सरस्वती नदीको संगमस्थल हो त्रिवेणी धाम । खप्तडबाबाको आश्रम, सहस्रलिंग, खापर दह, डाँफेकोट, सीतापाइला, घोडादाउने घुम्नैपर्ने महत्त्वपूर्ण ठाउँहरू हुन् । खप्तडमा पिरामिड आकारका पर्वत शृंखलाहरूले जोकोहीलाई आकर्षित गर्छ । यिनै स्थलहरूले खप्तडलाई अन्यन्तै सुन्दर र मनमोहक तुल्याएको छ । त्यसैले त खप्तडलाई 'धर्तीको स्वर्ग'को उपमा पनि दिइन्छ र खप्तड पुग्दा 'स्वर्गीय' आनन्दको अनुभूति हुन्छ ।

गत महिना भएको आध्यात्मिक सम्मेलनमा सहभागी हुन सयौं पर्यटक खप्तड पुगे । त्यही वेला पहिलोपटक खप्तड पुगेका डडेल्धुरा अमरगढी नगरपालिका-५ का तारा अवस्थीलाई खप्तड आफूले पढेको, सुनेको र तस्बिरमा देखेकोभन्दा कैयौं गुणा सुन्दर लाग्यो । खप्तड पुग्दाको अनुभूति र यहाँको सुन्दरता शब्दमा मात्र व्यक्त गर्न नसकिने उनी बताउँछन् । 'खप्तड जीवनमा एकपटक पुग्नैपर्ने ठाउँ रहेछ । प्रकृतिको वरदान नै रहेछ,' अवस्थीले सुनाए, 'खप्तडको सुन्दरता र यहाँ पाइला टेक्दा हुने आनन्दको अनुभूति न शब्दमा व्यक्त गर्न सकिन्छ न तस्बिरमै देखाउन मिल्छ ।'

मौसमअनुसार खप्तडले आफ्नो रूप पनि फेर्छ र खप्तडका हरेक रूपहरू उत्तिकै सुन्दर हुन्छन् । बर्खामा ढकमक्क फुलेका भुइँफूलले पाटनहरू ढाकेका हुन्छन् । रंगिबिरंगी गुराँस फुल्ने वेला खप्तडको सुन्दरता वर्णन गरेर सकिन्न । हिउँदमा खप्तड हिउँले ढपक्कै छोपिन्छ । हिउँ खेल्न रुचाउने पर्यटकका लागि फागुन र चैत उपयुक्त समय हो, तर अत्यधिक बाक्लो हिउँ परेका वेला भने त्यहाँ पुग्न कठिन हुन्छ । खप्तड क्षेत्रमा भुइँफूल फुलेको दृश्य निकै मनमोहक हुन्छ । यस्तो दृश्य हेर्न साउन-भदौंतिर खप्तड पुग्नुपर्छ । चैत-वैशाखतिर रंगिबिरंगी गुराँस फुलेका देख्न पाइन्छ ।

मिथकीय विषयमा संरचित गीतिनाटक



ज्ञानु अधिकारी
shabdaga@gmail.com
चर्चा

नेपाली साहित्यमा विभिन्न विधाका डेढ दर्जन कृति प्रकाशित गरिसकेका लालगोपाल सुवेदी समकालीन क्रियाशील स्रष्टाहरूमध्ये एक हुन् । मूलतः गीत र कवितामा बढी रुचि राख्ने सुवेदीका समालोचना र निबन्ध कृति पनि प्रकाशित छन् । उनको सबैभन्दा पछिल्लो कृति 'राहुल-यशोधरा संवाद' गीतिनाटक हो । पछिल्लो समय नेपाली साहित्यमा नाटक र गीतिनाटक सबैभन्दा कम लेखिने विधामा पर्दछ र यसै विधालाई समाएर सुवेदीले प्रस्तुत कृति प्रकाशित गरेका छन् । गीति तत्त्व र आख्यान तत्त्वको सुन्दर संयोजनबाट गीतिनाटक बन्ने भएकाले विषय र प्रस्तुति दुवै दृष्टिले यो विशिष्ट हुन्छ ।

लोकलयमा लेखिएको यस नाटककृतिमा तीनवटा खण्ड रहेका छन् । यस कृतिको पहिलो खण्डमा 'राहुल-यशोधरा संवाद' शीर्षकको गीतिनाटक रहेको छ भने दोस्रो खण्डमा 'अंगुलीमाल', र तेस्रो खण्डमा 'योगमाया र धर्मसभा' शीर्षकका गीतिनाटक रहेका छन् । यीमध्ये दुईवटा बुद्ध भगवान्सँग सम्बद्ध विषयवस्तु रहेको छ र एउटा ऐतिहासिक विषयवस्तुसँग सम्बद्ध देखिन्छ । जीवनवादी र आशावादी दृष्टिकोण व्यक्त गरिएका यी गीतिनाटकहरूले सरल भाषामा गम्भीर विषयवस्तु प्रस्तुत गरेका छन् ।

यस गीतिनाटकको पहिलो खण्डको रूपमा रहेको 'राहुल-यशोधरा संवाद' गीतिनाटक भगवान् गौतम बुद्धको जीवनीसँग सम्बद्ध मिथकीय विषयवस्तुमा आधारित छ । यशोधरा, राहुल, सिद्धार्थ, शुद्धोदन, प्रजापति गौतमी, यशोधराका पिता तथा मातालगायतका सीमित पात्रहरूको प्रयोग गरिएको यस गीतिनाटक कपिलवस्तु दरबारको परिवेशलाई नै केन्द्र बनाएर लेखिएको छ । यस गीतिनाटकले सिद्धार्थको यशोधरासँग विवाह भएपछिको समयबाट प्रारम्भ भएर उनी बुद्धत्व प्राप्त गरी गौतम बुद्ध बनेर कपिलवस्तु फर्किएसम्मको समयावधिलाई ओगटेको छ । विषयवस्तुको समयावधि लामो भए पनि घटनाको सार मात्र प्रस्तुत गरिएकाले गीतिनाटक संक्षिप्त र सटिक देखिन्छ । मूलतः यस गीतिनाटकमा राहुलको जन्म, सिद्धार्थ गौतमको राजदरबारबाट बहिर्गमन, यशोधराको विरहजन्य पीडा र मातृवात्सल्य, शुद्धोदन र गौतमीको असन्तुष्टि, राहुलको बालसुलभ प्रश्न र जिज्ञासा, सिद्धार्थको बुद्धत्व प्राप्ति र पुनरागमनजस्ता सन्दर्भलाई विषय बनाइएको छ ।

यस कृतिको प्रारम्भमा नै प्रस्तुत गरिएको सिद्धार्थ र यशोधराको संवाद यस कृतिको सबैभन्दा महत्त्वपूर्ण विषय सन्दर्भ हो । यहाँ सिद्धार्थले आफू राजदरबारमा बन्दीजस्तो भएर बस्नुपरेकामा असन्तुष्टि व्यक्त गरेका छन् । दरबारको पर्खालभित्र बस्नुपरेकाले आफूले बाह्य संसारसँग परिचित हुन नपाएको र स्वतन्त्र रूपमा संसारलाई बुझ्न नसकेको भाव यहाँ व्यक्त गरिएको छ । यशोधरालाई सम्झाउँदै सिद्धार्थले भनेका निम्न पद्यांशले पनि सिद्धार्थको भावना र मनोदशालाई प्रस्ट पारेका छन् :

पिरतीमा हुन्न प्यारी स्वार्थी अभिलाषा
धेरै धेरै अर्थ दिन्छ नबोलिने भाषा

नजगाऊ न अहंकार नभन न राजा
ज्ञानी बन्न चाहन्छु म नगरे है बाधा

सिद्धार्थको चाहना बुझेर उनको लक्ष्यमा बाधा नबन्ने प्रण गरेकी यशोधराले सिद्धार्थलाई दिएको साथ, सहयोग र प्रेमलाई प्रभावकारी रूपमा देखाइएको यस गीतिनाटकमा यशोधराको समझदारी र उनले पति, पुत्र र अन्य परिवारप्रति देखाएको प्रेम र सपर्पणलाई आदर्शका रूपमा प्रस्तुत गरिएको छ । यसका साथै यस गीतिनाटकमा प्रयुक्त अन्य पात्रहरूको मनोदशालाई पनि यहाँ देखाउने प्रयास गरिएको छ । यस नाटक घटनाहरूको वर्णनमा









खप्तड जैविक विविधताका दृष्टिले पनि निकै महत्त्वपूर्ण छ। अध्ययनअनुसार खप्तडमा दुई सय तीन प्रजातिका बहुमूल्य जडीबुटी र पाँच सय ६७ प्रजातिका फूलहरू पाइन्छन्। खप्तड राष्ट्रिय निकुञ्ज कार्यालयका अनुसार यहाँ चिराइतो, चुत्रो, झ्याउँ, पदमचाल, टिमुर, सालम, पन्जाजडी, सालम्मी, भोजपत्र, श्री काकोली, डोलु, पाँचऔंले र कालकुट विषजस्ता अमूल्य जडीबुटी पाइन्छन्। नेपालमा पाइने आठ सय ५० प्रजातिका चराचुरुंगीमध्ये खप्तडमा दुई सय ६० प्रजातिका चराचुरुंगी पाइने अनुमान गरिन्छ। विश्वकै दुर्लभ जातिमा पर्ने हरियो छेपारो खप्तडमा पाइन्छ। बाघबुट्टे निगालो खप्तडबाहेक अन्यत्र पाइँदैन।

रतुवा, मृग, कस्तुरी, घोरल, चितुवा, रातो बाँदर, डाँफे, मुनालजस्ता जनावर र पशुपन्छीले विचरण गर्ने स्थल पनि हो खप्तड। चार दशकदेखि राष्ट्रिय निकुञ्जका रूपमा खप्तडलाई संरक्षित गरिँदै आएको छ। २२ हजार पाँच सय हेक्टर क्षेत्रफलमा फैलिएको खप्तड सुदूरपश्चिमका चार जिल्ला डोटी, अछाम, बाजुरा र बझाङको संगमस्थलका रूपमा रहेको छ। खप्तडको पूर्वमा बाजुरा, पश्चिममा डोटी, उत्तरमा बझाङ र दक्षिणमा अछाम पर्छ।

धार्मिक महत्त्व

खप्तडका बारेमा गरिएका विभिन्न शोध र अनुसन्धानात्मक आलेखमा उल्लेख गरिएअनुसार स्कन्दपुराणको मानख खण्डमा खप्तडलाई खेचराद्रि पर्वत भनिएको छ। खेचराद्रि शब्द अपभ्रंश हुँदै खप्तड शब्दको उत्पत्ति भएको मानिन्छ। पौराणिक कथनले खप्तड देवीदेवताको क्रीडाक्षेत्र र ऋषिमुनिहरूको तपोभूमिका रूपमा रहेको देखिन्छ। सत्य युगमा भगवान् शिव र पार्वती विवाह-सूत्रमा जोडिएपछि मधुमास यसै रमणीय क्षेत्रमा बिताएको किंवदन्ती प्रचलित छ।

त्यस्तै त्रेतायुगमा भगवान् रामले खप्तडमा भगवान् शिव र पार्वतीको पूजाआराधना गरेको, शिवजी राँगाभैंसीको रूपमा खप्तडमा विचरण गरिरहेका वेला पाण्डव आउँदा केदार ढुंगामा परिणत भएको प्रसंग पनि खप्तडका बारेमा गरिएका विभिन्न शोध र अनुसन्धानात्मक आलेखमा पाइन्छ। कुरुक्षेत्रमा भएको गोत्रहत्याको पापमोचन गरी कुलको उद्धारका लागि पाण्डव खप्तड पर्वतमा गई शिवजीको दर्शन गर्न खोजेको प्रसंग उल्लेख छ। केदारढुंगाको उत्पत्ति भगवान् शिवसँग जोडिएको पौराणिक कथन रहेको खप्तडमा २०३८ सालदेखिका पूजारी ध्रुवराज जोशी बताउँछन्। त्रिवेणी धाममा नदीमा नुहाएर त्रिवेणी धामको मन्दिरमा पूजाआजा गर्दा मनोकामना पूरा हुने जनविश्वास छ।

खप्तडको पवित्र भूमिमा ५० वर्ष बिताएका खप्तड बाबाले त्यहाँ कठोर तपस्या गरेका थिए। त्रिवेणी धामबाट माथि खप्तडबाबाको आश्रम छ। कुटीबाहिर खप्तडबाबाको प्रतिमा राखिएको छ भने भित्र उनले प्रयोग गर्ने सामान हेर्न पाइन्छ। जेठ महिनाको शुल्क दशमीमा खप्तडमा गंगादशहराको मेला लाग्छ। त्यसवेला सुदूरपश्चिमसँगै देशका विभिन्न स्थानबाट पर्यटक खप्तड पुग्छन्।

खप्तड पुग्न डोटीको झिग्राना, अछामको साँफे र चौखुट्टे, बझाङको तमेल र बाजुराको काँडा भएर पैदलमार्ग जानुपर्छ। बझाङको तमेल-दारुगाउँ-ल्वाखड हुँदै र बाजुराको काँडा भएर जाने बाटो तुलनात्मक रूपमा छोटो पर्छ। डोटीको सिलगढी-झिग्राना भएर जाने बाटो पर्यटकले धेरै प्रयोग गर्ने बाटो हो। खप्तड जानलाई झिग्राना, दारुगाउँ, साँफे, चौखुट्टे र काँडासम्म गाडीमा जान सकिन्छ। सुदूरपश्चिमका तराईका प्रमुख सहर धनगढी, अत्तरिया, महेन्द्रनगरलगायत ठाउँबाट सार्वजनिक यातायातमा यी ठाउँ पुग्न सकिन्छ। त्यहाँबाट पैदलमार्ग हिँड्नुपर्छ।

खप्तडको मनमोहक सुन्दरतासँगै त्यहाँबाट अपी-सैपाल हिमाललगायत सुन्दर हिमशृंखलाहरूको पनि दृश्यावलोकन गर्न पाइन्छ। घोडादाउने पाटन घोडाका बथान चरिरहेका दृश्य आकर्षक देखिन्छ। खप्तडको यस्तै सुन्दरताले एकपटक त्यहाँ पुगेकालाई पुनः आकर्षित गर्छ। खप्तडको त्यही सुन्दरताको आकर्षणले काभ्रेको पनौती नगरपालिकाका ७० वर्षीय चन्द्रबहादुर खड्कालाई ४२ वर्षपछि पुनः खप्तड पुऱ्यायो। कर्मचारी भएका वेला उनी २०३८ सालतिर खप्तड पुगेका रहेछन्। उनलाई खप्तड स्वर्गबाट खसेको टुक्राजस्तो लाग्छ। खप्तडको घोडादाउने पाटनमा पाइला टेकेपछि बझाङको बाटो भएर पाँच घन्टाको कठिन हिँडाइको थकान मेटिएको उनले सुनाए।

पनौतीका पूर्वमेयर खड्का खप्तडको यही सुन्दरताले वृद्धावस्थामा पनि आफूलाई यहाँ डोऱ्याएर ल्याएको बताउँछन्। 'वरिपरि देवताका स्थल, धुपीसल्लाका घना जंगल, बीचबीचमा रहेका पाटनहरू। खप्तड साँच्चै स्वर्गबाट खसेको टुक्राजस्तो देखिन्छ। पाटन हेर्दैमा मान्छे मन्त्रमुग्ध हुन्छन्। भावुक मान्छेहरू विभिन्न हिसाबले सोच्छन्,' खड्काले सुनाए, 'यहाँ पुग्दाको आनन्द बयान गर्ने सकिन्न।'

भन्दा पनि परिस्थितिले सिर्जना गरेको पात्रहरूको मनस्थितिलाई अभिव्यक्त गर्न सफल छ। यस क्रममा सिद्धार्थले गृहत्याग गरेर गएपछि उनका मातापितालाई परेको पुत्र विछोडको पीडा र शून्यबोधलाई यस काव्यमा यसरी प्रस्तुत गरिएको छ।

पाएर पनि गुमेझैं मनमा के हुन्छ के हुन्छ
दरबार भन्नु मात्रै छ संसार शून्य-शून्य छ।

बौद्ध मिथकमा आधारित यस गीतिनाटक भाषाशैलीगत दृष्टिले जति सरल छ त्यति नै अन्तर्वस्तुगत दृष्टिले गम्भीर पनि छ। यस कृतिमा गीतिनाटकको कथानकसँगै मिसिएर बौद्धदर्शनका बाछिटा पनि प्रस्तुत भएका छन्। परिवार, धन, सम्पत्ति, छोराछोरी सबै मोहजाल हुन् भन्दै राहुल जन्मिएकोमा बेखुसी भएका सिद्धार्थले पूर्वजन्ममा साहु भएकाले अहिले राहुका रूपमा जन्मिएकाले उसको नाम पनि राहुल रहेको सन्दर्भ पनि यस कृतिमा व्यक्त गरिएको छ। बौद्ध मिथकमा आधारित 'राहुल-यशोधरा संवाद' गीतिनाटक विषयवस्तुका दृष्टिले त्यति नौलो नभए पनि इतिहास र साहित्यमा त्यति प्रवेश नपाएको राहुल र यशोधराको कोणबाट लेखिएकाले कृति केही मौलिक बन्न पुगेको छ। आमनेपालीको लोकभाषालाई नाटकमा प्रयोग गरी दार्शनिक चेतनाको प्रवेश गराउनु यस कृतिको राम्रो पक्ष हो।



थाप्लोमा दुःखको भारी छ
मोहको यात्रा जारी छ
हामी छौं पिरको भुंग्रोमा
सुख त डाँडापारि छ।


सरल भाषा र छोटा पदावलीमा संरचित यस गीतिनाटकमा यशोधराका माध्यमबाट नारी जीवनका विविध जटिलतालाई समेत प्रस्तुत गरिएको छ। जवानीमा नै पतिको साथ र सहयोग नपाएकी यशोधराले आफ्नो सपना र चाहनालाई सिद्धार्थको लक्ष्यप्राप्तिका लागि मनभित्रै दमित गरिदिएको सन्दर्भ यहाँ विशेष रूपमा देखाइएको छ। यसरी पतिलाई निर्बाध रूपमा लक्ष्यप्राप्तिका लागि प्रेरित गर्नु, एक्लै बालक राहुललाई मातापिताकै स्नेह र वात्सल्य दिएर हुर्काउनु, कर्तव्य, जिम्मेवारी र आफूमाथि आएका दायित्वलाई अविचलित रूपमा पूरा गर्नुजस्ता घटनासन्दर्भ प्रस्तुत गरेर यशोधराको उच्च व्यक्तित्वलाई उजागर गर्नु पनि यस कृतिको विशेषता हो। यशोधरालाई मिथक पात्रका रूपमा प्रस्तुत गरिएको भए पनि वर्तमान स्थितिमा आमनेपाली नारीको वास्तविकता पनि यही र यसै पक्षलाई यस कृतिमा केन्द्रीय विषय बनाएर प्रस्तुत गरिएको छ।

सरल भाषा र सामान्य अभिव्यक्तिमा पनि गम्भीर भाव व्यक्त गर्न सक्ने सामर्थ्य यस गीतिनाटकमा रहेको छ। यहाँ राजकुमार सिद्धार्थको विवाहपश्चात् उनी दरबार छोड्नुअघिदेखि दरबार छोडेर बुद्ध बनेर फर्किँदासम्मको मोटामोटी घटनालाई कृतिमा प्रस्तुत गरिएको छ। कपिलवस्तु दरबारमा भएका घटनाहरूको वर्णनलाईभन्दा त्यस परिस्थितिले पात्रहरूको मनमा पारेका प्रभाव र उनीहरूको अनुभूतिजन्य अभिव्यक्तिलाई मूर्तरूप दिइएको यस गीतिनाटकले पाठकहरूलाई ठाउँठाउँमा संवेदित बनाउँछ। सिद्धार्थ, यशोधरा र राहुलको जीवनका जटिलतम् पक्षहरूलाई सूत्रात्मक रूपमा प्रस्तुत गरिएको यस गीतिनाटकमा विशेषगरी यशोधरा र राहुलको अभिव्यक्ति प्रभावपूर्ण रूपमा प्रस्तुत भएको छ। बुद्धले बुद्धत्व प्राप्त गर्नुमा बुद्धको त्याग र साधनाको प्रतिफल त छँदै छ त्यसका साथै यशोधरा र राहुलको समर्पणको पनि अहं भूमिका छ भन्ने आशय बोकेको यस गीतिनाटकले परिधिमा रहेका पात्रलाई उजागर गरेको छ।

यस कृतिमा अन्य दुई गीतिनाटक पनि समाविष्ट छन्। छोटा आयामका ती गीतिनाटकमध्ये 'अंगुलीमाल' बौद्ध मिथकसँग नै सम्बद्ध छ। बुद्ध, अंगुलीमाल, अहिंम्रक, प्रसेनजित, बुढीआमालगायतका पात्रहरूको प्रयोग गरिएको यस गीतिनाटकमा मूलतः बुद्ध र अंगुलीमालको संवाद प्रस्तुत गरिएको छ र हिंसामाथि अहिंसाको जित भएको सन्दर्भलाई देखाइएको छ। यसैगरी, 'योगमाया र धर्मसभा' ऐतिहासिक विषयमा लेखिएको गीतिनाटक हो। यसमा योगमाया, काहिँली कमिनी, सापे दमाईं, राइनी, घर्तिनी, नैनकलालगायतका अन्य पात्रको पनि उपस्थिति छ। राणाकालीन नेपाली समाजमा देखिएका सामाजिक तथा सांस्कृतिक विकृति तथा कुसंस्कारविरुद्धमा विद्रोही अभियान चलाउने विदुषी योगमायाको ऐतिहासिक सन्दर्भ यहाँ प्रस्तुत गरिएको छ। योगमायाको सुकर्म र उनले स्थापना गरेको धर्मसभाको गतिविधिलाई प्रस्तुत गरिएको गीतिनाटक पनि यस कृतिको महत्त्वपूर्ण पठनीय विषय हो। समग्रमा भगवान् बुद्ध र योगमायाको मानवीय समाज र मानव सभ्यताका लागि गरेका योगदानको सम्मान गर्दै तयार पारिएको प्रस्तुत कृति नेपाली नाट्यसाहित्यका लागि उल्लेखनीय प्राप्ति हो।

प्रोटोनको माधुर्य

श्रमिकको शोषणबाट उठेको फाल्तु धनलाई प्रतिष्ठाको वैश्विक प्रतिस्पर्धामा उडाएका हुन्। छिमेकदेखि समुद्रपारसम्मका अन्तर्राष्ट्रिय प्रयोगशालामा युवालाई अवसर दिलाएर क्षमतावान् बनाउन देशको खासै खर्च नलाग्ने सानो कूटनीतिक प्रयास पनि गर्दैनन्।



प्रोटोनको संरचना। त्रिरंगका क्वार्कमध्ये दुईको घुमाइ माथि फर्केको छ भने एकको तल। स्प्रिङजस्तो देखाइएको ग्लुओन साटासाट गर्दै बन्धित रहन्छन्। प्रोटोनभित्र हुने क्वार्क-प्रतिक्वार्कका जे-साईजस्ता केही जोडी पनि देखाइएको छ। सानो केन्द्रीय पिण्डवृत्त (हरियो रङमा देखाइएको डेन्स इनर्जी कोर) भित्रका गुरुतात्त्विक ग्लुओनले प्रोटोनको साराजसो पिण्ड बोकेका छन्। त्यसबाहिर निलो रङको चार्जवृत्त हो। अनि बाहिरी पत्रमा ग्लुओनकै स्केलर बादल छ। सौजन्यः आर्गोन नेसनल लेब



उदयराज खनाल

विज्ञान

युरी गागरिनलाई सन् १९६१ मा अन्तरिक्ष घुमाएर ८ वर्षपछि चन्द्रस्थल टेकेको मानवले ४५ वर्ष लगाएर सौरचुम्बक क्षेत्र काटेका यन्त्रको अन्तरतारकीय भ्रमण गाथा सुन्दै ब्रह्माण्डको सीमा नियाल्दै छ। आणविक ऊर्जाको उपयोग मात्र होइन, एक-एक अणु टिप्दै इच्छित स्थानमा राखेर, नानो र स्मार्ट पदार्थ बनाउँछ। आनुवंशिक सम्पादनबाट अन्त्यरोगका उपचार खोज्दै, मस्तिष्कका ८६ अर्ब न्युरोनको सिकोमा कृत्रिम बौद्धिकता निर्माण गर्दै छ। शोधित ज्ञानलाई वैज्ञानिक विधिले प्रमाणित गर्दै उपयोगमा ल्याउन सक्ने प्राविधिक क्षमताबाट मात्र समृद्धि प्राप्त हुने बुझेर युवालाई दक्ष तुल्याउने सिंगापुर जस्ताले एकै पुस्तामा विकास गरे। जागरुक प्राविधिज्ञको त्रासमा शिक्षालयलाई निकृष्ट स्वार्थको रणभूमि बनाएर गुणस्तरहीन तुल्याउने दरिद्र मानसिकताका नेता भने कैयनपटक मन्त्री बनेको धाकले आफ्नै अक्षमता गनेको पनि बुझ्दैनन्। बाँझो खेत छोड्दै लाहुरिन बाध्य युवाको रेमिटेन्स प्रदत्त विलासलाई समृद्धि ठान्छन्। राजनीतिक अभिभावकत्वको विहीनतामा व्याप्त यो निराशमा पनि जिज्ञासा नदब्ने विश्वासले, मधुर चार्म क्वार्कद्वारा हालै प्रकटित प्रोटोनको पिण्डगोलबारे लेख्दै छु।

> प्रोटोनहरूको विद्युतीय विकर्षणलाई निस्तेज पारेर सानो न्युक्लियसमा बाँध्ने कस्तो सबलता होला ? यसको खोजमा न्युट्रोन तथा अन्य कणलाई ठोक्काएर न्युक्लियसभित्र हेर्दा, कैयन् नयाँ कण निस्केपछि सबै प्राथमिक हुन नसक्ने राय जुट्यो। गेलमानले तीन क्वार्कको प्रस्ताव गरेर तत्कालका सबै कणको सफल बयान गर्दै औंल्याएका केही नयाँ कण पनि भेटिए।

भिक्षाको रोटी टुक्रा पार्दै खाँदा खसेको धुलोबाट प्रेरित भएका कणादमुनिले २५०० वर्षभन्दा अघि नै पञ्चतत्त्व र दिक्काल तथा मनात्मा सम्मिलित नवद्रव्यीय भौतिकताको अणुवादी वैशेषिक दर्शन प्रतिपादन गरे। केही सय वर्षअघि मात्र डालटन र एवोगाद्रोहरूले जुटाएको प्रत्यक्ष प्रमाणअनुसार दुई ग्राम कोयलाका १०६२३ (१ को पछि २३ शून्य) कार्बन अणुको एक नानोमिटर (एक मिटरको अर्बवां भाग) भन्दा कम अन्तरदूरीले सूक्ष्मताको आभास दिन्छ। धातुबाट सजिलै निस्किने काथोडरेका कण जोखेका टमसनले, अणुमा इलेक्ट्रोन हुने प्रमाणित गरे। सुनको पातलो पातामा ठोक्किएर उछिट्टिएका अल्फारेको विश्लेषणबाट रदरफोर्डले अणुको सारा पिण्ड र धनात्मक चार्ज बोक्ने फेम्टोमिटर (नानोमिटरको पनि १० लाखवां भाग) जसो व्यासको घना केन्द्र (न्युक्लियस) पत्ता लगाए। हाइड्रोजन न्युक्लियसको एकै मात्र धनात्मक चार्जलाई प्रोटोन भनियो र न्युक्लियसमा हुने त्यसको संख्या नै तत्त्वको पहिचान रहेछ। प्रोटोन र त्यसको दुई हजारवाँ भाग पिण्ड बोक्ने इलेक्ट्रोनको चार्जमान बराबर र विपरीत भएकाले अणु र त्यसबाट बन्ने सामान्य पदार्थको कुल चार्ज शून्य हुन्छ। उही तत्त्वका अणुको भिन्न पिण्ड भेटिएबाट कुनै चार्जहीन कणको संकेत मिल्यो। म्याडम क्युरीकी छोरी आइरिन र ज्वाईं फ्रेडरिकको प्रयोगमा अल्फारेले हानेको केही अणुबाट चार्जहीन छेदनशील (पेनेट्रेटिङ) विकिरण निस्केको देखियो। थप नापबाट चाडविकले प्रोटोनभन्दा अलि भारी न्युट्रोन पनि न्युक्लियसमा हुने पत्ता लगाएर १९३५ को नोबेल पुरस्कार पाए भने क्युरी दम्पतीले रसायनको विषय लिएर पारिवारिक नोबेल संख्या पाँच पुऱ्याए। आठ मिनेट आयुका एक्ला न्युट्रोनलाई दुर्बल बेटा क्षयले स्थिर प्रोटोन बनाउँदा इलेक्ट्रोनसँगै न्यूनतम पिण्डधारी चार्जहीन प्रतिन्युट्रिनो पनि निस्कने रहेछ, प्रायः ठूला अस्थिर न्युक्लियसले फाल्ने अल्फा विकिरण त स्थिर हिलियम न्युक्लियस हुन्, र गामाचाहिँ अति ऊर्जित प्रकाशाणु फोटोन।

प्रोटोनहरूको विद्युतीय विकर्षणलाई निस्तेज पारेर सानो न्युक्लियसमा बाँध्ने कस्तो सबलता होला ? यसको खोजमा न्युट्रोन तथा अन्य कणलाई ठोक्काएर न्युक्लियस भित्र हेर्दा, कैयन् नयाँ कण निस्केपछि सबै प्राथमिक हुन नसक्ने राय जुट्यो। गेलमानले तीन क्वार्कको प्रस्ताव गरेर तत्कालका सबै कणको सफल बयान गर्दै औंल्याएका केही नयाँ कण पनि भेटिए। शक्तिशाली इलेक्ट्रोन ठोक्काउँदा प्रोटोनभित्रका तीन बिन्दुबाट प्रायः उछिट्टिने देखियो। गरुंगो कण हेड्रोन, तीन क्वार्कका प्रोटोनजस्ता बेरिओन वा क्वार्क-प्रतिक्वार्कका मेसोन, को अष्टक बनाउने गेलमानको अष्टाङ्गीमार्गले (बौद्ध दर्शनबाटै प्रेरित) केन्द्रका दुई कणसहितको षट्कोणमा पुऱ्यायो भने यसको दशकजस्ता अन्य चित्रणले विभिन्न यान्त्रिक मण्डलाकार लिन्छन्। थप सैद्धान्तिक र प्रायोगिक खोजबाट भेटिएका ६ किसिमका क्वार्कलाई क्रमशः भारिलो तीन जोडीमा राखिन्छ, अप डाउन, चार्म स्ट्रेन्ज र टप बटम। प्रत्येक जोडीका पहिलोको विद्युतीय चार्ज +२/३ र दोस्रोको १ कम अर्थात् -१/३ हुन्छ। इलेक्ट्रोनका दुई भारिलो अवतार मुओन र टाओन देखिएपछि, प्रत्येकलाई साथ दिने भिन्न चार्जहीन न्युट्रिनोसँग जोडी मिलाएर, लेप्टोन (हलुका कण) को पनि त्रिगुणी समूह बन्यो। सारा पदार्थका आधार, यी अर्ध घुमाइका (फर्मियोन) लेप्टोक्वार्क क्रमशः, प्रत्यक्ष अवतारित सत्व, अन्तरभूत रज र निराकृत तम गुणका त्रिमूर्ति हुन्। अन्तर्क्रियाका मध्यस्तकर्ता कणचाहिँ पूर्ण घुमाइका बोसोन छन्- पिण्डत्व प्रदान गर्ने स्केलर हिग्सको घुमाइ शून्य छ भने गुरुत्वाणु ग्राविटोनको दुई, विद्युत् चुम्बकीय फोटोन, तीन दुर्बली (विपरीत चार्जका दुई डब्लू र चार्जहीन जेड), तथा क्वार्कलाई टाँस्ने सबल ग्लुओनहरू एकल घुमाइका हुन्छन्। ग्राविटोन, फोटोन र ग्लुओन पिण्डहीन हुन्। अति ऊर्जित अन्तर्क्रियामा उत्पन्न हुने सबै किसिमका प्रतिकणले तुरुन्तै कण भेट्टाएर विलीन हुने गरेकाले कणको आधिपत्य बसाल्ने कण-प्रतिकण सममितिको (सिमेट्री) खण्डकर्ता एक्स बोसोन खोजिँदै छ।

विद्युतीय चार्ज दुई किसिमका मात्र छन् भने क्वार्कले गर्ने तीन किसिमका सबल अन्तर्क्रियात्मक चार्जले रातो, हरियो र निलो भन्ने प्राथमिक रङको नाम पाए। हेड्रोनभित्रै बन्धित (कन्फाइन्ड) हुने रङबाट, त्रिरंगी क्वार्कका श्वेत बेरिओन या विपरीत रंगी क्वार्क प्रतिक्वार्कका श्याम मेसोन बन्छन्। असीम ऊर्जाले मात्र एक्लिने आंशिक विद्युतीय चार्जका क्वार्कहरूको बन्धित अवस्था, पूर्ण चार्जका रंगहीन हुन्छ। विशेषमा प्रोटोनभित्रका दुई अप र एक डाउन क्वार्कमध्ये, भर्नौं रातोले रातो-प्रतिनिलो ग्लुओन फालेर निलोमा परिणत हुँदा निलोले त्यसलाई टिपेर रातो बन्ने जस्ता ६ वटा रङ परिवर्तनकारी ग्लुओन छन् भने, रातो-प्रतिरातो फाल्दा टिप्ने क्वार्क नभएकाले त्यस्ता ग्लुओन हुँदैनन्। तर, रातो-प्रतिरातो र निलो-प्रतिनिलो मिश्रित ग्लुओन फाल्ने रातो क्वार्क रातै र टिप्ने निलो पनि निलै रहन्छ। यस्तै हरियो-प्रतिहरियोसमेत मिसिएको अर्को रङ संरक्षक गरेर, जम्मा आठ ग्लुओनका अष्टकले क्वार्कलाई हेड्रोनभित्र टाँसेर राख्छन्। चार्जहीन फोटोनले अर्कोसँग विद्युतीय अन्तर्क्रिया गर्दैन भने, रंगीन ग्लुओनहरूको बन्धित ग्लुबल खोजिँदै छ।

रंगगतिशास्त्र (क्रोमोडाइनामिक्स) को आधारमा हेड्रोनका गुण र विशेषमा प्रोटोनको घुमाइ र पिण्डजस्ता स्पष्ट गुण, निकालेर प्रयोगशालामा प्रमाणित गरिन्छ। यसरी निरन्तरको प्रयोगमा प्रमाणित रहेसम्म सिद्धान्त, एकै प्रयोगले खण्डित गरे पनि मिथ्या। केही दशकअघि यसको घुमाइले संकट उत्पन्न गऱ्यो। आधा-आधा घुमाइका दुई र उल्टो आधाको अर्को जोडेर कुल आधा घुमाइको प्रोटोन निकाल्ने सरल गणित टिकेन। तीन क्वार्कसँगै प्रोटोनभित्र हुने धेरै ग्लुओन र उत्पन्न असंख्य क्वार्क प्रतिक्वार्क जोडीका मेसोनहरूको सबै घुमाइ जोडेर ठ्याक्कै आधा कसरी बनाउने ? यो समस्या अझै समाधान भएको छैन, यद्यपि घुमाइको अधिकांश भाग ग्लुओनले प्रदान गर्ने देखिन्छ।

इलेक्ट्रोनको विद्युतीय ऊर्जालाई पिण्ड ऊर्जासँग बराबर गरेर निकालिने ५.६ फेम्टोमिटरको चार्जव्यास र प्रकाशसँगको अन्तर्क्रियाबाट नापिने दुरुस्तै मिलेकाले यो विद्युताणु हो। न्युक्लियसभन्दा फुलित देखिए पनि, एक्लो इलेक्ट्रोनको व्यास त्यसको करोडवाँ भाग हुने संकेत छ। इलेक्ट्रोनहरू ठोक्काएर, १.७ फेम्टोमिटरको प्रोटोन चार्जव्यास नाप्न सकिन्छ। तर, प्रोटोनको पिण्डमा तीन क्वार्कको योगदान एक प्रतिशत मात्र भएकाले त्यत्रो पिण्ड कसरी प्राप्त गर्छ, कहाँ राख्छ भन्ने जान्न आवश्यक छ। भित्रका ग्लुओनको ऊर्जाले नै पिण्डको रूप लिने सैद्धान्तिक अनुमान थियो। ३० मार्चको नेचर (२०२३, अंक ६१५, पृष्ठ ८१३) मा प्रकाशित पत्रअनुसार, अमेरिकाको जेफरसन लेबमा केही नेपाली मूलका वैज्ञानिकहरू पनि सम्मिलित भएको प्रयोगले, प्रोटोनको पिण्डव्यास नापेर रोचक विवरण प्रस्तुत गरेको छ।

यस प्रयोगमा प्रोटोनभित्र पहिल्यै भेटिएका चार्म प्रतिचार्मबाट निर्मित जे-साइ भनिने मधुर मेसोन निकाल्न विशेष फोटोनको उपयोग गरियो। निकै छोटो आयुको यो कण, तुरुन्तै क्षयित भएर फाल्ने दुई फोटोनबाट चिनिन्छ। जे/साइ उत्पत्ति विवरणले बताउने ग्लुओन घनत्वबाट पिण्ड व्याप्ति जानिन्छ। ०.८ फेम्टोमिटर व्यासको केन्द्रीय गुरुतात्त्विक घना बादलका ग्लुओनले, घुमाइ एकैतर्फ फर्किएका जोडीमा संगठित भएर दुई घुमाइका ग्राविटोनको व्यवहार गर्दै, प्रोटोनको अधिकतर पिण्ड च्याप्ने रहेछ। यस पिण्डगोल घेर्ने १.७ फेम्टोमिटर व्यासको चार्जगोललाई नै प्रोटोन मानिएको थियो। विभिन्न दिशामा घुमाइ भएका ग्लुओनहरूको सामूहिक शून्य घुमाइको अवस्थाबाट बनेको स्केलर बादलचाहिँ चार्जगोलभन्दा केही परसम्म फैलिएको देखियो।

फेम्टोमिटरभन्दा सानो कणभित्र हेर्ने क्षमताले देशको विकास कसरी गर्ला, नेपालीलाई समेत काम दिएर प्रशिक्षण र तलबमा किन खर्चिन्छन्, वा श्रमिकको शोषणबाट उठेको फाल्तु धनलाई प्रतिष्ठाको वैश्विक प्रतिस्पर्धामा उडाएका हुन्। हाम्रा वरिष्ठ नेताले जानून्। छिमेकदेखि समुद्रपारसम्मका अन्तर्राष्ट्रिय प्रयोगशालामा युवालाई अवसर दिलाएर क्षमतावान् बनाउन, देशको खासै खर्च नलाग्ने सानो कूटनीतिक प्रयास पनि गर्दैनन्। जनतालाई गाँसबासकै भुमरीमा रुमल्याएर, ध्रोत अभावले विज्ञान गर्न नदिए पनि शिक्षा, भूमिसुधार, समाजवादजस्ता शब्दका अघि विशेषण झुन्ड्याएर वैज्ञानिक बन्न विज्ञान नै गर्न नपर्ने बाटो खोजेको भ्रम छर्दा ताली बर्सिन्छ भने युवालाई दक्ष तुल्याएर आफ्नो प्रभुत्व किन जोखिममा पार्नु ?

चिनियाँ सहयोगमा संसद् सचिवालयमा आए आठवटा बिजुली गाडी

कमलराज भट्ट/नयाँ पत्रिका

■ चार्जिङ स्टेसनको टुंगो छैन, कसले चढ्ने भन्ने पनि निर्णय हुन बाँकी

उत्तरी छिमेकी चीनले संघीय संसद् सचिवालयलाई आठवटा बिजुली गाडी अनुदानमा उपलब्ध गराएको छ। चीनबाट तीनवटा उच्च प्रविधिको एसयुभी बिजुली गाडी र पाँचवटा ई-६० ह्याचब्याग गाडी प्राप्त भएका छन्। तर, ती गाडीका लागि चाहिने चार्जिङ स्टेसनको केही टुंगो छैन।

चीन सरकारका प्रतिनिधिले अनुदानबापतको आठवटा गाडी सोमबार संसद् सचिवालयका पदाधिकारीलाई हस्तान्तरण गरेका हुन्। गाडी प्राप्त गर्न संसद् सचिवालयको सवारी महाशाखा प्रमुख सहसचिव सुरजकुमार दुरा रसुवागढी-केरुङ नाका पुगेका थिए। तत्कालीन सभामुख अग्निप्रसाद सापकोटाको निमन्त्रणामा २७-३० भदौसम्म नेपाल भ्रमणमा आएका चिनियाँ जनकग्रेसका अध्यक्ष ली चान्सुले नेपालको संसद्लाई सहयोग गर्ने घोषणा गरेका थिए। चान्सुले कुनै शीर्षकमा साढे तीन करोडबराबरको सहयोग गर्ने प्रतिबद्धता जनाएपछि संसद् सचिवालयले अध्ययन गरेर सो रकमबराबरको गाडी माग गर्ने निष्कर्ष निकालेको थियो।

त्यसपछि निर्णय चिनियाँ सरकारलाई पत्राचार गर्दा उसल स्वीकार गरेर अहिले गाडी दिएको सचिवालयको भनाइ छ। 'पत्राचार स्वीकार गरेपछि विभिन्न माध्यमबाट चिनियाँ पक्षसँग संवाद भइरहेको छ। त्यसैअनुसार १० तारिखमा हामीले रसुवा नाकाबाट गाडी बुझ्यौं,' सहसचिव दुराले भने। गाडी लिन सचिवालयको टोली आइतबार रसुवागढी नाका पुगेको थियो। 'सोमबार हस्तान्तरण भयो, मैले रिसिभ गरो। भन्सार क्लियर गरी लरीमा हालेर मंगलबार दुईवटा बुधबार ६ वटा गाडी काठमाडौं आइपुग्यो,' उनले भने। दुराका अनुसार चीन सरकारले गाडी व्यवस्थापनको जिम्मा बिवाइडी कम्पनीलाई दिएको थियो। सरकारले जिम्मा दिएको कम्पनीका प्रतिनिधिले नेपाली पक्षलाई गाडी हस्तान्तरण गरेका थिए।



तस्बिर : **संजित परियार**/नयाँ पत्रिका

गाडी प्राप्त भएपछि संसद् सचिवालयले यसको प्रयोग, चार्ज गर्ने तरिका र ठाउँ, सर्भिसिङ सेवाबारे बिवाइडीको नेपाली एजेन्टसँग छलफल गरेको छ। साथै, पहिलोपटक गाडीको पूर्ण चार्ज गरिदिन अनुरोध पनि गरेको छ। नेपाली एजेन्ट कम्पनीले सचिवालयको अनुरोधमा पहिलोपटकका लागि बिजुली गाडी फुल चार्ज गरिदिएको सवारी महाशाखा प्रमुख दुराले बताए। उनका अनुसार चारवटा गाडी फुल चार्ज भई संसद् सचिवालय परिसरमा आइसकेका छन्, बाँकी चार गाडी चार्जिङ स्टेसनमै छन्। आइतबारसम्म नम्बर प्लेट जडान गरिने उनले बताए। गाडीको प्रयोग कसरी गर्ने भन्ने सभामुख र राष्ट्रिय सभा अध्यक्षसँग परामर्श गरेर तय गरिने उनको भनाइ छ।

सवारी व्यवस्थापन शाखाका अनुसार यसअघि पनि सचिवालयलाई चीनले गाडी सहयोग गरेको छ। तर, पहिलोपटक बिजुली गाडी अनुदानमा आएको हो। सचिवालयलाई भारत र कोरियालगायतले पनि गाडी सहयोग गरेका छन्। हाल सचिवालयसँग चारवटा बस, ८३ वटा जिप र एक सय ११ वटा मोटरसाइकल छन्। संसद् सचिवालयलाई अनुदानमा गाडी प्राप्त भए पनि चलाउन भने संरचनागत र प्राविधिक चुनौती छ। संसद् सचिवालयका सूचना अधिकारी दशरथ धमलाका अनुसार हालसम्म सचिवालयले विद्युतीय गाडी प्रयोगमा ल्याएको छैन।

मिटरब्याजविरुद्धको कानुन निर्माणमा ढिलाइ

विधेयकका प्रावधानमा सत्तारूढ दलकै विमति, गृहमन्त्रीले थाले परामर्श

काठमाडौं/ मिटरब्याजविरुद्धको कानुन निर्माणमा ढिलाइ भएको छ। संसद् चालू नभएको अवस्थामा सरकारले ल्याएको अध्यादेश निर्धारित समयसीमाभित्र पारित नभई निष्क्रिय भएका वेला प्रतिस्थापन विधेयकलाई अगाडि बढाएर कानुनी रूप दिन खोजिएको थियो। तर, दलहरूबीच सहमति नहुँदा विधेयक अगाडि बढ्न सकेको छैन।

प्रधानमन्त्रीको अभिव्यक्तिलाई लिएर सदनमा एमालेको अवरोधले २० असारमा बैठक स्थगित हुँदा अध्यादेश निष्क्रिय भएको थियो। पाँचौं दिन २५ असारमा सदन खुल्दा सञ्चारमन्त्री रेखा शर्माले २९ गते (शुक्रबार) तय भएको प्रतिनिधिसभा बैठकबाट विधेयक पारित भएर मिटरब्याजपीडितलाई न्याय दिने गरी कानुन बन्ने जानकारी दिएकी थिइन्। तर, शुक्रबार बैठकको सम्भावित र अन्तिम कार्यसूचीमा मिटरब्याजसम्बन्धी विधेयक राखिएन।

संसद् सचिवालयका पदाधिकारीका अनुसार सत्तापक्षकै आग्रहमा विधेयक कार्यसूचीमा नराखिएको हो। विधेयकको विषयवस्तुमा सत्तारूढ जसपाको असन्तुष्टि छ। कांग्रेसकै मधेस प्रदेशका सांसदहरूले पनि विरोध गरेका छन्। प्रमुख प्रतिपक्षी एमालेले विधेयकको वैधतामाथि कानुनी प्रश्न उठाएको छ। यस्तो अवस्थामा कानुनमन्त्री धनराज गुरुङ र सत्तारूढ दलका प्रमुख सचेतकले दलीय सहमतिमा अगाडि बढ्ने भनेपछि सभामुख देवराज घिमिरेले प्रतिनिधिसभाको शुक्रबारको बैठकको कार्यसूचीमा मिटरब्याजसम्बन्धी विधेयक नराखेका हुन्।

जसपाका प्रमुख सचेतक प्रदीप यादवले विधेयकका कतिपय प्रावधान असमान र अन्यायपूर्ण रहेकाले आफूहरूको असहमति रहेको बताए। 'अनुचित लेनदेन गर्ने अपराधीलाई सजाय गर्न तयार छौं। तर, न्यायोचित कारोबारीलाई फसाउनुभएन। सन्तुलन हुनुपऱ्यो,' उनले भने। तर, यो विधेयकले सबैलाई अनुचित हिसाबले हेरेको, न्यायोचित लेनदेन गर्नेलाई पनि बाँध्न खोजेको, सबैलाई ठगी भनेर फौजदारीमा राखिदिएको र एकपक्षीय भएको उनको भनाइ थियो।

वन्यजन्तुबाट हुने क्षतिको राहत दायरा बढ्यो

बाँदर र नीलगाईको आक्रमणबाट मानवीय क्षति भए पनि क्षतिपूर्ति पाइने, बाली नष्ट गरे राहत

काठमाडौं/ अब बाँदर र नीलगाईको आक्रमणबाट मानवीय क्षति भए सरकारले क्षतिपूर्ति दिने भएको छ। सरकारले वन्यजन्तुबाट हुने क्षतिको राहतको दायरा बढाउँदै यस्तो निर्णय गरेको हो। यसअघि १४ वटा वन्यजन्तुबाट मानवीय र कृषि बाली (उखु र व्यावसायिक केराखेतीसमेत) मा क्षति पुऱ्याए क्षतिपूर्ति एवं राहत उपलब्ध हुँदै आएको थियो।

मन्त्रिपरिषद्ले वन्यजन्तुबाट हुने क्षतिको राहत निर्देशिका, २०८० जारी गर्दै यो सूचीमा बाँदर र नीलगाई प्रजाति पनि थप गरेको छ। यो व्यवस्था १ साउनदेखि लागू हुनेछ। निर्देशिकामा उल्लेख भएअनुसार बाँदर र नीलगाईबाट मानवीय क्षति (मृत्यु, घाइते) र निजी जमिनमा लगाएको बालीमा क्षति भएमा मात्र राहत पाइनेछ। तर, पशुको क्षति, भण्डारण गरेको अन्नको क्षति भएमा राहत उपलब्ध हुनेछैन।

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु विभागका प्रवक्ता अजय कार्कीले बाँदर र नीलगाईले कृषि बालीमा पुऱ्याउने क्षति बढ्न थालेपछि किसानको माग सम्बोधन गरिएको बताए। सर्वोच्च अदालतले १९ चैत ०७४ मा 'वन्यजन्तुबाट हुने क्षतिको राहत निर्देशिका, २०६९ मा बाँदरले कृषकलाई पुऱ्याएको हानि-नोक्सानीबापत क्षतिपूर्ति पाउने व्यवस्था गर्न प्रधानमन्त्रीको कार्यालय, वन मन्त्रालयसहितका नाममा निर्देशनात्मक आदेश जारी गरेको थियो। सरकारले पाँच वर्षपछि निर्देशिका संशोधन गरेको हो। सरकारले नयाँ निर्देशिका जारी गरेसँगै यसअघि ०६९ मा जारी भएको निर्देशिका खारेज गरेको छ।

अब वन्यजन्तुबाट किसानले खोरमा पालेका कुखुरा र पोखरीमा पालेका माछा नष्ट भएमा पनि राहत पाइने भएको छ। यसअघि मानवीय क्षति, पशुधन, घरगोठ क्षति, खाद्यान्न बाली र भण्डारण गरेको अन्न नष्ट भएमा राहत उपलब्ध हुँदै आएकामा यो शीर्षकमा कुखुरा र माछा पनि थप गरिएको हो। मगरगोहले माछामा क्षति गरेमा राहत पाइनेछ भने अजिंगर, जंगली कुकुर, ब्वाँसो, ध्वाँसे चितुवा, हिउँ चितुवा र चितुवाबाट कुखुरा नष्ट भएमा क्षतिपूर्ति पाइने निर्देशिकामा उल्लेख छ। यो राहत क्षतिको मूल्यांकनका आधारमा वर्षमा एकपटक मात्र बढीमा १० हजार पाइनेछ।

नयाँ निर्देशिकामा वन्यजन्तुको आक्रमणबाट अंगभंग भएर जीवनभर शारीरिक रूपले अशक्त भएकालाई पनि राहतको व्यवस्था थपिएको छ। यसअघि गम्भीर घाइतेलाई दुई लाखसम्म उपचार खर्च दिँइदै आएकामा 'अंगभंग भई जीवनभर गम्भीर रूपले शारीरिक अशक्त हुने अवस्था भएमा एकमुस्ट पाँच लाख उपलब्ध गराइने' व्यवस्था थप गरिएको हो।

द.नं.: ३३/०५७/०५८ "आर्थिक, सामाजिक तथा सांस्कृतिक उन्नतिका लागि सहकारिताको भावनालाई जगाऔं।" स्था.ले.नं.: ३००३२८८०

बालकुमारी बचत तथा ऋण सहकारी संस्था लि.

शंखधरचौक, मध्यपुर थिमि-४, भक्तपुर,फोन नं.: ९७७-०१-५०९३३२३, ५०९३४५५

ईमेल : basic@mail.com.np, वेबसाइट: www.balkumarisaccos.com

कर्जा चुक्ता गर्ने बारे ३५ दिने अत्यन्त जरूरी सूचना

प्रथम पटक प्रकाशित मिति:-२०८०।०३।३०

यस संस्थामावाट सुरक्षण वापत तपसिलमा उल्लेखित सम्पत्ति धित्तो जमानतमा राखी तपसिलका ऋणीहरुले बिभिन्न मितिमा बिभिन्न कर्जा शिर्षक अन्तर्गत लिनु भएको ऋण कर्जाको साँवा ब्याज लगायतका रकम समेत शर्त वमोजिम यस संस्थामा समय समयमा दाखिला गर्नु पर्नेमा हालसम्म नतिरि नबुझाई कर्जा सम्बन्धि शर्त बन्देज उल्लंघन गर्नु भएको र सो सम्बन्धमा पटकपटक मौखिक, लिखित तथा घरसम्म पुगि तरताकेता गर्दा समेत उक्त ऋणको साँवा ब्याज रकम समेत चुक्ता गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गर्नुभएको हुनाले यो सूचना प्रकाशित मितिले ३५ (पैतीस) दिन भित्र यस संस्थामा सम्पर्क राखि संस्थालाई बुझाउनु पर्ने बाँकी ऋणको साँवा, ब्याज, हर्जाना तथा अन्य दै दस्तुर रकम समेत चुक्ता भुक्तान गर्नु हुन सम्बन्धित सम्पूर्ण सबैलाई यसै सूचना मार्फत सूचित गरिन्छ। अन्यथा सहकारी ऐन तथा नियमावली, नेपाल सरकारको प्रचलित कानून वमोजिम धित्तो लिलाम बिक्री गरी यस संस्थाको लेना बाँकी रकम असुल उपर गरिने तर्फ कारवाही गरिने र सो धित्तोवाट यस संस्थाको सम्पूर्ण बाँकी रकम असुल उपर नभएमा प्रचलित कानून वमोजिम सम्बन्धित ऋणीका अन्य जायजेथावाट समेत असुल उपर गर्न आवश्यक कानूनी कारवाही भई जाने व्यहोरा समेत सूचित गरिन्छ।

तपसिल

क्र.सं.	ऋणीको बिवरण	धित्तो विवरण
१	कर्जा नं.:७६७७/०००८A, ७५७६/०२६१A नाम : ध्रुवराज न्यौपाने बाजे : गोबिन्द प्रसाद न्यौपाने बाबु : भैरव प्रसाद भन्ने अम्बरनाथ न्यौपाने ठेगाना: सा. दधिकोट गाविस वडा नं. ६, भक्तपुर, हाल सु.न.पा. ४, दधिकोट।	भक्तपुर जिल्ला सा दधिकोट गा.बि.स. वडा ६(क) हाल सुर्यविनायक न.पा वडा नं. ४क को कि.नं. १४९३ को क्षेत्रफल ०-६-१-० को जग्गा सो जग्गामा बनेको घर समेत तथा भक्तपुर जिल्ला सा दधिकोट गा.वि.स. ६(क) को कि.नं. १४९२ को ०-२-३-० जग्गा।
	जमानीकर्ताको नाम : सन्तोष राज न्यौपाने, बाजे : भैरव प्रसाद भन्ने अम्बरनाथ न्यौपाने, बाबु : ध्रुवराज न्यौपाने जमानीकर्ताको नाम : संगिता ढुंगेल (न्यौपाने), ससुरा : ध्रुवराज न्यौपाने, पति : सन्तोष राज न्यौपाने	
२	कर्जा नं. : ७६७७/०१३४A नाम : राजभाई राजथला बाजे : गोपीलाल राजथला, बाबु : कृष्ण बहादुर राजथला ठेगाना : साविक दधिकोट ८, हाल सु.न.पा. वडा नं. ४।	भक्तपुर जिल्ला दधिकोट गा.बि.स.वडा ८क को कि.नं. १३७ क्षेत्रफल ०-४-०-० जग्गा र सो जग्गामा बनेको घर समेत।
	जमानीकर्ताको नाम : सुर्य लक्ष्मी राजथला, ससुरा : कृष्ण बहादुर राजथला, पति : राजभाई राजथला	
३	कर्जा नं.: ७७७८/००४९B नाम : राधा कुमारी हुमागाई ससुरा : अमर प्रसाद हुमागाई, पती : धिरेन्द्र प्रसाद हुमागाई ठेगाना : मध्यपुर थिमि न.पा १, भक्तपुर।	भक्तपुर जिल्ला मध्यपुर थिमि न.पा वडा १६ को कि.नं. २६१ सीट नं. १०२/११८८-१९ क्षेत्रफल ९५।४० व.मी को जग्गा र सो जग्गामा बनेको घर समेत।
	जमानीकर्ताको नाम : श्री राम हुमागाई, बाजे : अमर प्रसाद हुमागाई, बाबु : धिरेन्द्र प्रसाद हुमागाई	
४	कर्जा नं.: ७४७५/०००१BI , ७६७७/००१०IL, ७६७७/००२१IL ७८७९/००१८H, ७८७९/००९८A, ७८७९/००९९A नाम : विनोद श्रेष्ठ समेत बाजे : जगत बहादुर श्रेष्ठ, बाबु: विष्णु शंकर श्रेष्ठ ठेगाना : म.थि.न.पा.४, भक्तपुर।	भक्तपुर जिल्ला सा मध्यपुर थिमि नगरपालिका वडा नं. १३ नक्सा सीट नं. १०२१२३००३ कि.नं. ३६४ क्षेत्रफल २२९.८५ व.मी. को जग्गा सो जग्गामा बनेको घर समेत।

धितोमा रहेको उक्त सम्पत्तिहरु गोप्य सिलबन्दी बोलपत्र मार्फत खरिद गरी लिन इच्छुक व्यक्ति, फर्म, कम्पनी वा अन्य संगठित संघ संस्थाले यो सूचना प्रकाशित भएको पन्ध्र (१५) दिन (सो दिन बिदा परेमा बिदा पश्चात लगतै कार्यालय खुलेको दिन) को कार्यालय समयभित्र बोलपत्र फाराममा उल्लेखित शर्तहरुको अधीनमा रही रितपुर्वक भरी यस बैंकको **कर्जा असुली विभाग, बिजुली बजार काठमाडौं**मा आईपुग्ने गरी गोप्य सिलबन्दी बोलपत्र आवेदन पेश गर्न हुन आव्हान गरिन्छ।

यसै सूचनालाई आधार मानी सम्बन्धित ऋणी तथा जमानतकर्ता तथा सम्बद्ध व्यक्ति समेतले सम्पत्ति लिलाम हुने दिन भन्दा अगावै बैंकमा उपस्थित भई आफुले बुझाउनु पर्ने सम्पूर्ण बाँकी बक्यौता चुक्ता भुक्तान गरी कर्जा राफसाफ गरेमा लिलामी कार्य रोक्न सकिने व्यहोरा समेत जानकारी गराईन्छ। प्रस्तुत लिलाम बिक्री प्रक्रियाबाट धितोमा रहेको तपसिल बमोजिमको सम्पत्ति लिलाम बिक्री हुन नसकेमा वा धितोको सम्पत्ति लिलामबाट कसैले सकार गरी नलिएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम बैंक आफैले सकार गरी लिन सक्ने व्यहोरा समेत ऋणी, धितो जमानतकर्ता एवं सम्बन्धित सबैमा जानकारी गराईन्छ। साथै, लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण लेना रकम असुलउपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असूली सम्बन्धी ऐन, २०५८, सो को नियमावली, २०५९ तथा प्रचलित कानून वमोजिम ऋणी तथा जमानतकर्ताको अन्य चल अचल जायजेथा, श्रीसम्पत्तिबाट समेत बाँकी लेना रकम असुलउपर गरिने व्यहोरा ऋणी, धितो सुरक्षण तथा जमानत दिनु हुने व्यक्ति तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा अवगत गराईन्छ।

तपसिल

ऋणीको नाम र ठेगानाको विवरण

प्रयागराज श्रेष्ठको छोरी, गोविन्द राजभण्डारीको बुहारी, गुणराज राजभण्डारीको श्रीमती, सल्यान जिल्ला, खलङ्गा गा.वि.स. वडा नं. ६ स्थायी घर भई हाल बाँके जिल्ला, कोहलपुर न.पा. वडा नं. ६ नागरिकता नं. ४५८, (जारी मितिः २०४९/१/१९, स्थान सल्यान) बस्ने भएकी **श्रीमती संगीता कुमारी श्रेष्ठ।**

व्यक्तिगत जमानतकर्ताहरुको नाम र ठेगानाको विवरण

१. गोविन्द राजभण्डारीकी नातिनी, गुणराज राजभण्डारीकी छोरी, बाँके जिल्ला, रभ्रेना गा.वि.स. वडा नं. ७ बस्ने, नागरिकता नं. २७१०६०/१३०२२६, (जारी मितिः २०७१/०३/०५, स्थान काठमाडौं) भएकी **सुश्री सगुन राजभण्डारी।**

२. राम नरसिङ राजभण्डारीको नाति, गोविन्द राजभण्डारीको छोरा, ललितपुर जिल्ला, लेले गाउँ पञ्चायत वडा नं. १ स्थायी घर भइ हाल ललितपुर जिल्ला, ललितपुर म.न.पा. वडा नं. १ बस्ने नागरिकता नं. १९२७६, (जारी मितिः २०४३/३/५, स्थान ललितपुर) भएको **श्री गुणराज राजभण्डारी।**

धितोमा रहेको घर जग्गाको विवरण

ललितपुर जिल्ला, लेले गाउँ पञ्चायत वडा नं. १ स्थायी घर भइ हाल ललितपुर जिल्ला, ललितपुर म.न.पा. वडा नं. १ बस्ने, **श्री गुणराज राजभण्डारी**को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको बाँके जिल्ला, रभ्रेना गा.वि.स. वडा नं. ७क मा अवस्थित कि.नं. क्रमशः ५५०, ६२८ र ६७९ को क्षेत्रफल क्रमशः ०-१-०-०, ०-१-०-० र ०-१-०-० विगाहामा भएको घरजग्गा लगायत लिगलगापात समेत सम्पूर्ण।

लिलाम बिक्री सम्बन्धी अन्य शर्तहरु :

१. बोलपत्र सम्बन्धी शर्त बन्देज सहितको बोलपत्र फाराम बैंकको **केन्द्रीय कार्यालय, कर्जा असुली विभाग, बिजुलीबजार, काठमाडौं**बाट कार्यालय समय भित्रप्राप्त गर्न सकिनेछ।
२. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र अर्थात मितिः २०८०/०४/१३ गते ५:०० बजे भित्र यस बैंकको **केन्द्रीय कार्यालय, कर्जा असुली विभाग, बिजुलीबजार, काठमाडौं**मा बुझाई सक्नु पर्नेछ।
३. प्राप्त बोलपत्रहरु मितिः २०८०/०४/१४ गते ३:०० बजे बैंकको **केन्द्रीय कार्यालय, कर्जा असुली विभाग, बिजुलीबजार, काठमाडौं**मा उपस्थित प्रतिनिधि र/वा सरकारी निकायका प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ। तर बोलपत्रदाता, निजको प्रतिनिधि वा अन्य प्रतिनिधिको उपस्थिती नहुँदैमा बोलपत्र खोल्न कुनै बाधा पुग्ने छैन।
४. बोलपत्र बुझाउने अन्तीम दिन बैंक विदा भएमा विदाको लगत्तै बैंक खुलेको दिनमा समेत उक्त दिनको ५:०० बजे भित्र तोकिएको स्थानमा बोलपत्र बुझाउन सकिनेछ। त्यस्तै बोलपत्र खोल्ने दिन बैंक विदा भएमा विदाको लगत्तै बैंक खुलेको दिन ३:०० बजे बोलपत्र खोलिनेछ।
५. लिलामगर्न लागिएको सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा खरीद गरिलिने गरी बोलपत्र पेश गर्नु पर्नेछ। बोलपत्र पेश गर्दा कुन कुन धितोको सम्पत्तिको लागि के कति बोलकबुल गर्न खोजिएको हो स्पष्ट खुलाई पेश गर्नु पर्नेछ। बैकले सबै वा कुनै धितो पूर्ण वा आंशिक रुपमा समेत स्वीकार गर्न सक्नेछ, यस सम्बन्धी अन्तीम निर्णय गर्ने अधिकार बैंकमा निहित रहनेछ।
६. बोलपत्रमा आफुले सकार गरी लिन चाहेको सम्पत्ति के कति रकममा खरीद गरी लिन चाहेको हो सो को अंक तथा अक्षरमा स्पष्टसँग लेखिएको हुनु पर्नेछ र आफुले कबोल गरेको रकमको कम्तिमा १० प्रतिशतले हुन आउने रकम धरौटी वापत अन्य बैंक वित्तीय संस्थाको ड्राफ्ट/मेनेजर/बैंकर्स चेक वा बैंक जमानत समेत बोलपत्र साथ समावेश गरी पेश गर्न सकिने छ। धरौटी स्वरुप जम्मा गरिएको रकममा व्याज दिईने छैन।
७. बोलपत्रदाताको बोलपत्र स्वीकृत भएमा सो को जानकारी सम्बन्धित बोलपत्रदातालाई बोलपत्रमा उल्लेखित ठेगानामा लिखित रुपमा पठाईनेछ। स्वीकृत बोलपत्रदाताले बैंकले तोकेको अवधीभित्र आफुले कबुल गरेको सम्पूर्ण रकम नगदै जम्मा गर्नुपर्नेछ। साथै उक्त समय भित्र कबुल गरेको रकम दाखिला नगरेमा धरौटी वापत राखिएको रकम बैंकले जफतगर्न सक्नेछ।
८. सम्पत्तिको स्वामित्व हस्तान्तरण गर्दा सरकारी कार्यालयमा लाग्ने सम्पूर्ण शुल्क/दस्तुर सकार गरी लिने व्यक्ति स्वयंले तिर्नु बुझाउनु पर्नेछ।
९. कुनै अड्डा, अदालतबाट लिलाम सम्बन्धी कार्य रोक्का वा वदर गर्ने आदेश भएमा लिलाम रोक्का वा वदर हुनेछ। त्यस्तो अवस्थामा बोलपत्रदाताले धरौटी वापत जम्मा गरेको रकम सम्बन्धित व्यक्तिलाई फिर्ता दिईनेछ। तर सो मा कुनै व्याज प्रदान गरिने छैन।
१०. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहनेछ। रीत नपुऱ्याई दर्ता हुन आएको बोलपत्रउपर कुनै कारवाही हुने छैन।
११. लिलामबिक्री गरिने सम्पत्तिको बारेमा थप जानकारी आवश्यक परेमा यस बैंकको **केन्द्रीय कार्यालय, कर्जा असुली विभाग, बिजुलीबजार, काठमाडौं**मा कार्यालय समय भित्र सम्पर्क गरी बुझ्न सकिनेछ।
१२. अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछ।

NABIL BANK®

प्रधान कार्यालय, दरबारमार्ग, काठमाडौं फोन नं. ४२२७१८१

नबिल बैंक लिमिटेड, व्यक्तिगत कर्जा ईकाइ, पुल्चोक, ललितपुरको धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी १५ दिने सूचना गोप्य सिलबन्दी बोलपत्र आव्हान गरिएको सम्बन्धी

(प्रकाशित मिति : २०८०/०३/३०)

यस बैंकबाट कर्जा लिएका तपसिल बमोजिमका ऋणीफर्मले तथा सो को धितो जमानतकर्ताले ऋण लिँदा गरिदिएको लिखत र ऋण स्वीकृतीपत्रको शर्तमा तोकिए बमोजिम बैंकलाई तिर्नु बुझाउनु पर्ने साँवा किस्ता तथा व्याँज समेतका रकमहरु तिर्न बुझाउन पटक पटक मौखिक एवं लिखित तरताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसँग भएको ऋण कर्जा सम्बन्धी शर्त कबुलियतहरु उल्लङ्घन गरेकोले कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना मितिः २०७९/०७/२५ को नयाँ पत्रिकामा प्रकाशित गरिएकोमा सो बमोजिम समेत ऋणी तथा जमानतकर्ता कसैले पनि ऋणकर्जाको बाँकी साबाँ ब्याज चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरी नतिरेको/नबुझाएको एवं ऋण/जमानत दायित्व फछ्यौंट नगरेको हुनाले ऋणी एवं धितो जमानतकर्ताले यस बैंकलाई लेखिदिएको तपशिल बमोजिमको चल अचल सम्पत्ति धितो जहाँ जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्थामा र परिमाणमा प्रचलित कानून, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ एवं बैंक नियम अनुसार गोप्य सिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना असुलउपर गर्नका लागि यो १५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

धितोमा रहेको उक्त सम्पत्तिहरु गोप्य सिलबन्दी बोलपत्र मार्फत खरिद गरी लिन इच्छुक व्यक्ति, फर्म, कम्पनी वा अन्य संगठित संघ संस्थाले यो सूचना प्रकाशित भएको पन्ध्र (१५) दिन (सो दिन बिदा परेमा बिदा पश्चात लगतै कार्यालय खुलेको दिन) को कार्यालय समयभित्र बोलपत्र फाराममा उल्लेखित शर्तहरुको अधीनमा रही रितपुर्वक भरी यस बैंकको **कर्जा असुली विभाग, बिजुली बजार काठमाडौं**मा आईपुग्ने गरी गोप्य सिलबन्दी बोलपत्र आवेदन पेश गर्न हुन आव्हान गरिन्छ।

यसै सूचनालाई आधार मानी सम्बन्धित ऋणी तथा जमानतकर्ता तथा सम्बद्ध व्यक्ति समेतले सम्पत्ति लिलाम हुने दिन भन्दा अगावै बैंकमा उपस्थित भई आफुले बुझाउनु पर्ने सम्पूर्ण बाँकी बक्यौता चुक्ता भुक्तान गरी कर्जा राफसाफ गरेमा लिलामी कार्य रोक्न सकिने व्यहोरा समेत जानकारी गराईन्छ। प्रस्तुत लिलाम बिक्री प्रक्रियाबाट धितोमा रहेको तपसिल बमोजिमको सम्पत्ति लिलाम बिक्री हुन नसकेमा वा धितोको सम्पत्ति लिलामबाट कसैले सकार गरी नलिएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम बैंक आफैले सकार गरी लिन सक्ने व्यहोरा समेत ऋणी, धितो जमानतकर्ता एवं सम्बन्धित सबैमा जानकारी गराईन्छ। साथै, लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण लेना रकम असुलउपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असूली सम्बन्धी ऐन, २०५८, सो को नियमावली, २०५९ तथा प्रचलित कानून बमोजिम ऋणी तथा जमानतकर्ताको अन्य चल अचल जायजेथा, श्रीसम्पत्तिबाट समेत बाँकी लेना रकम असुलउपर गरिने व्यहोरा ऋणी, धितो सुरक्षण तथा जमानत दिनु हुने व्यक्ति तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा अवगत गराईन्छ।

तपसिल

ऋणीको नाम र ठेगानाको विवरण

प्रयागराज श्रेष्ठको छोरी, गोविन्द राजभण्डारीको बुहारी, गुणराज राजभण्डारीको श्रीमती, सल्यान जिल्ला, खलङ्गा गा.वि.स. वडा नं. ६ स्थायी घर भई हाल बाँके जिल्ला, कोहलपुर न.पा. वडा नं. ६ नागरिकता नं. ४५८, (जारी मितिः २०४९/१/१९, स्थान सल्यान) बस्ने भएकी **श्रीमती संगीता कुमारी श्रेष्ठ।**

व्यक्तिगत जमानतकर्ताहरुको नाम र ठेगानाको विवरण

१. गोविन्द राजभण्डारीकी नातिनी, गुणराज राजभण्डारीकी छोरी, बाँके जिल्ला, रभ्रेना गा.वि.स. वडा नं. ७ बस्ने, नागरिकता नं. २७१०६०/१३०२२६, (जारी मितिः २०७१/०३/०५, स्थान काठमाडौं) भएकी **सुश्री सगुन राजभण्डारी।**

२. राम नरसिङ राजभण्डारीको नाति, गोविन्द राजभण्डारीको छोरा, ललितपुर जिल्ला, लेले गाउँ पञ्चायत वडा नं. १ स्थायी घर भइ हाल ललितपुर जिल्ला, ललितपुर म.न.पा. वडा नं. १ बस्ने नागरिकता नं. १९२७६, (जारी मितिः २०४३/३/५, स्थान ललितपुर) भएको **श्री गुणराज राजभण्डारी।**

धितोमा रहेको घर जग्गाको विवरण

ललितपुर जिल्ला, लेले गाउँ पञ्चायत वडा नं. १ स्थायी घर भइ हाल ललितपुर जिल्ला, ललितपुर म.न.पा. वडा नं. १ बस्ने, **श्री गुणराज राजभण्डारी**को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको बाँके जिल्ला, रभ्रेना गा.वि.स. वडा नं. ७क मा अवस्थित कि.नं. क्रमशः ५५०, ६२८ र ६७९ को क्षेत्रफल क्रमशः ०-१-०-०, ०-१-०-० र ०-१-०-० विगाहामा भएको घरजग्गा लगायत लिगलगापात समेत सम्पूर्ण।

लिलाम बिक्री सम्बन्धी अन्य शर्तहरु :

१. बोलपत्र सम्बन्धी शर्त बन्देज सहितको बोलपत्र फाराम बैंकको **केन्द्रीय कार्यालय, कर्जा असुली विभाग, बिजुलीबजार, काठमाडौं**बाट कार्यालय समय भित्रप्राप्त गर्न सकिनेछ।
२. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र अर्थात मितिः २०८०/०४/१३ गते ५:०० बजे भित्र यस बैंकको **केन्द्रीय कार्यालय, कर्जा असुली विभाग, बिजुलीबजार, काठमाडौं**मा बुझाई सक्नु पर्नेछ।
३. प्राप्त बोलपत्रहरु मितिः २०८०/०४/१४ गते ३:०० बजे बैंकको **केन्द्रीय कार्यालय, कर्जा असुली विभाग, बिजुलीबजार, काठमाडौं**मा उपस्थित प्रतिनिधि र/वा सरकारी निकायका प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ। तर बोलपत्रदाता, निजको प्रतिनिधि वा अन्य प्रतिनिधिको उपस्थिती नहुँदैमा बोलपत्र खोल्न कुनै बाधा पुग्ने छैन।
४. बोलपत्र बुझाउने अन्तीम दिन बैंक विदा भएमा विदाको लगत्तै बैंक खुलेको दिनमा समेत उक्त दिनको ५:०० बजे भित्र तोकिएको स्थानमा बोलपत्र बुझाउन सकिनेछ। त्यस्तै बोलपत्र खोल्ने दिन बैंक विदा भएमा विदाको लगत्तै बैंक खुलेको दिन ३:०० बजे बोलपत्र खोलिनेछ।
५. लिलामगर्न लागिएको सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा खरीद गरिलिने गरी बोलपत्र पेश गर्नु पर्नेछ। बोलपत्र पेश गर्दा कुन कुन धितोको सम्पत्तिको लागि के कति बोलकबुल गर्न खोजिएको हो स्पष्ट खुलाई पेश गर्नु पर

अर्थ पत्रिका
नयाँ पत्रिका
शनिबार ३० असार ०८०

चालू आवमा कुन प्रदेशले कति गरे खर्च ?

सबैभन्दा बढी खर्च गर्नेमा कोसी, कुल तथा पुँजीगत खर्चमा मधेस प्रदेश पछाडि, चालू खर्चमा भने पछि पऱ्यो लुम्बिनी

विराटनगरमा **गणेश लम्साल**, जनकपुरमा **हदिश खुदार**, हेटौंडामा **पोष्टराज अधिकारी**, पोखरामा **रोहितराज पराजुली**, बुटवलमा **विष्णु घिमिरे**, सुर्खेतमा **रमेश रावल** र धनगढीमा **तेजराज भट्ट**

देश संघीयतामा गएसँगै प्रदेश सरकारले पनि विकास निर्माणका काम तथा प्रशासन सञ्चालनका लागि बजेट ल्याउन थाले । विकासको सहजताका लागि भौगोलिक हिसाबलाई समेटेर बनाइएका प्रदेशहरू पनि बजेट खर्चमा भने नयाँ तथा प्रभावकारी प्रमाणित हुन भने सकेनन् । सरकारी बजेट खर्चले पनि देशको अर्थतन्त्र चलायमान बनाउन महत्त्वपूर्ण भूमिका निर्वाह गर्छन् । तर, सातै प्रदेशमा भएको बजेट खर्च हेर्दा खर्च हुन नसक्ने प्रवृत्ति भने यहाँ पनि दोहोरिइरहेको छ ।

चालू आर्थिक वर्षमा सबैभन्दा बढी बजेट खर्च गर्न सक्ने प्रदेशका रूपमा कोसी प्रदेश आएको छ । कोसी प्रदेशले ८२ दशमलव २७ प्रतिशत बजेट खर्च गरेको छ भने सबैभन्दा कम बजेट खर्च गर्ने प्रदेशमा भने मधेस प्रदेश परेको छ । मधेस प्रदेशले कुल बजेटको ६४ प्रतिशत मात्र खर्च गर्न सकेको छ ।

पुँजीगत खर्च गर्ने प्रदेशका रूपमा पनि सबैभन्दा अगाडि कोसी प्रदेश आएको छ । कोसी प्रदेशले ८४.८४ प्रतिशत पुँजीगत गर्च गरेको छ भने सबैभन्दा कम पुँजीगत खर्च मधेस प्रदेशले ५१ दशमलव ९४ प्रतिशत गरेको छ । चालू खर्चतर्फ पनि ७९ दशमलव ४३ प्रतिशत खर्च गरेर कोसी प्रदेश अगाडि आएको छ भने सबैभन्दा कम खर्च गर्ने प्रदेशका रूपमा लुम्बिनीले जम्मा ६५ प्रतिशत मात्र खर्च गरेको छ ।

● कोसीमा ८२ प्रतिशत बजेट खर्च

कोसी प्रदेश सरकारले चालू आर्थिक वर्ष ०७९/८० मा कुल ८२.२७ प्रतिशत बजेट खर्च गरेको छ । चालू आर्थिक वर्षका लागि विनियोजित ३७ अर्ब ७६ करोडमध्ये २४ असारसम्ममा कुल ३१ अर्ब ५९ करोड १८ लाख खर्च गरेको हो । त्यसमध्ये पुँजीगततर्फ १८ अर्ब १३ करोड (८४. ८४ प्रतिशत) र चालूतर्फ १२ अर्ब ९३ करोड (७९.४३ प्रतिशत) रहेको छ । कोसीमा चालू आर्थिक वर्षका लागि सरकारले कुल ३९ अर्ब ९२ करोड ७५ लाखको बजेट प्रस्तुत गरेको थियो । तर, संघीय सरकारको ससर्त अनुदानको पुँजीगततर्फको दुई अर्ब १६ करोड फिर्ता गएकाले बजेटको आकार घटेर कुल ३७ अर्ब ७६ करोड सात लाख ८३ हजारबराबर कायम भएको थियो ।

कुल आम्दानी ३१ अर्ब ३४ करोड

कोसी प्रदेश कोष तथा लेखा नियन्त्रण कार्यालयका सूचना अधिकारी ऋषिकुमार खनालका अनुसार कोसीले चालू आर्थिक वर्ष ०७९/८० को २७ असारसम्म ३१ अर्ब ३४ करोड आम्दानी गरेको छ । यो आम्दानी राजस्व बाँडफाँट, आन्तरिक र अन्तरसरकारी वित्तीय हस्तान्तरणतर्फको ससर्त, समानीकरण, विशेष र समपूरक अनुदानसहितको हो । चालू वर्ष कोसी प्रदेशले कुनै पनि वैदेशिक अनुदान प्राप्त गरेको छैन । पर्यटन र पदयात्रा शुल्कको आम्दानी पनि शून्य छ ।

● मधेस सरकारको खर्च ५७ प्रतिशत मात्रै

मधेस प्रदेश सरकारले चालू आर्थिक वर्ष ०७९/८० मा कुल बजेटको ५७ प्रतिशत मात्रै खर्च गर्न सकेको छ । प्रदेश लेखा नियन्त्रक कार्यालयका अनुसार प्रदेश सरकारले २४ असारसम्म कुल बजेट ४७ अर्ब २४ करोडको ५६ दशमलव ४२ प्रतिशत (२७ अर्ब दुई करोड) मात्रै खर्च गरेको छ । मधेसमा पुँजीगततर्फ ५१ दशमलव ९४ प्रतिशत (१६ अर्ब २२ करोड) र चालूतर्फ ६१ दशमलव ७५ प्रतिशत (१० अर्ब ७७ करोड) खर्च भएको छ । मधेसमा जिल्लागत खर्चमा सबभन्दा बढी सर्लाहीमा र सबभन्दा कम धनुषामा बजेट खर्च भएको छ । सर्लाहीमा विनियोजन गरिएको कुल बजेटको ८१ दशमलव ६५ प्रतिशत र धनुषामा ४३ प्रतिशत मात्रै खर्च भएको छ । सबभन्दा बढी बजेट खर्च गर्ने सर्लाही अर्थमन्त्री सञ्जय यादवको गृहजिल्ला हो । प्रदेश सरकारले आर्थिक वर्ष ०७८/७९ मा कुल बजेटको ६४ प्रतिशत मात्रै खर्च गर्न सकेको थियो । प्रदेश सरकारका अर्थमन्त्री सञ्जय यादवले खर्च सन्तोषनक रहेको बताए । आफूहरूले पदभार ग्रहण गर्दा पुस मसान्तसम्ममा प्रदेशको खर्च ९ प्रतिशत रहेको अवस्थामा पछिल्लो चार महिनामा खर्चको अवस्था बढेको उनको भनाइ छ ।

प्रदेश	आव ०७९/८० को बजेट	पुँजीगत खर्च प्रतिशत	चालू खर्च प्रतिशत	कुल खर्च प्रतिशत
कोसी	३७ अर्ब ७६ करोड	८४.८४	७९.४३	८२.२७
मधेस	४७ अर्ब २४ करोड	५१.९४	७५	६४
गण्डकी	३५ अर्ब ९१ करोड	६८.९६	६३.७४	६६.०७
बागमती	७० अर्ब ९३ करोड	६७	६९	६७
लुम्बिनी	४२ अर्ब ६३ करोड	७२.४८	६५	७१.७
कर्णाली	३२ अर्ब ९७ करोड	६४.५४	७२.९५	६७.८९
सुदूरपश्चिम	३५ अर्ब ८ करोड	६३.२२	६९.२२	६८.८४

● बागमती सरकारको ३३ प्रतिशत बजेट फ्रिज

बागमती प्रदेशमा चालू आर्थिक वर्षमा ३३ प्रतिशत बजेट फ्रिज भएको छ । प्रदेश सरकारले कुल बजेटको ६७ प्रतिशत मात्रै खर्च गरेको प्रदेश लेखा नियन्त्रक कार्यालयले जनाएको छ । बागमतीमा चालू आर्थिक वर्षमा ७० अर्ब ९३ करोड २२ लाखको बजेट विनियोजन भएको थियो । त्यसमा ४७ अर्ब ६४ करोड ९८ लाख खर्च गरेको छ ।

प्रदेश सरकारले चालू आर्थिक वर्षमा पुँजीगततर्फ २८ अर्ब २८ करोड (६७ प्रतिशत) चालूतर्फ १८ अर्ब ७६ करोड (६९ प्रतिशत) र वित्तीय व्यवस्थातर्फ ६० करोड (३० प्रतिशत) खर्च गरेको छ । बागमतीले गत आर्थिक वर्षको तुलनामा बजेट खर्चमा सुधार गरेको छ । आर्थिक मन्दीबीच गत आर्थिक वर्ष ०७८/७९ को तुलनामा चालू आर्थिक वर्षमा २ प्रतिशत बिन्दुले बढी बजेट खर्च गरेको छ । प्रदेश सरकारले गत आर्थिक वर्ष ०७८/७९ मा ६५.६ प्रतिशत बजेट खर्च गरेको थियो । गत वर्ष कुल ५७ अर्ब ७२ करोड विनियोजन गरिएको थियो ।

● गण्डकीको बजेट खर्च ६६.०७ प्रतिशत

गण्डकी प्रदेशले चालू आर्थिक वर्ष ०७९/८० को २८ असारसम्म ६६.०७ प्रतिशत बजेट खर्च गरेको छ । प्रदेशको खर्च भएको कुल बजेटमध्ये चालूभन्दा पुँजीगत खर्च ५.२२ प्रतिशतले बढी छ । चालू आर्थिक वर्षमा गण्डकीले ३५ अर्ब ९० करोड ९० लाख रुपैयाँको बजेट सार्वजनिक गरेको थियो । जसमध्ये पुँजीगततर्फ २२ अर्ब १४ करोड रुपैयाँ, चालूतर्फ १३ अर्ब २६ करोड रुपैयाँ र वित्तीय व्यवस्थापनतर्फ ५० करोड रुपैयाँ विनियोजन गरेको प्रदेश कोष तथा लेखा नियन्त्रण कार्यालय गण्डकीका सूचना अधिकारी चन्द्रशेखर सापकोटाले जानकारी दिए ।

भएको कुल खर्चमध्ये चालूतर्फ ६३.७४ प्रतिशत र पुँजीगततर्फ ६८.९६ प्रतिशत रहेको छ । खर्चमध्ये चालूतर्फ आठ अर्ब ४५ करोड रुपैयाँ र पुँजीगततर्फ १५ अर्ब २६ करोड रुपैयाँ गरी कुल विनियोजित बजेटको २३ अर्ब ७२ करोड रुपैयाँ खर्च गरेको छ । विनियोजन बजेटमध्ये १२ अर्ब १८ करोड ३४ लाख ४० हजार खर्च हुन नसक्दा फ्रिज भएको छ ।

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

गण्डकी प्रदेशले चालू आवमा आन्तरिक स्रोतबाट पाँच अर्ब नौ करोड १६ लाख रुपैयाँ राजस्व संकलन गर्ने लक्ष्य लिएको थियो । लिएको लक्ष्यको करिब ७२ प्रतिशत अर्थात् तीन अर्ब ६५ करोड रुपैयाँ राजस्व संकलन गरेको छ ।

● लुम्बिनीमा ७२ प्रतिशत बजेट खर्च

लुम्बिनी प्रदेशमा चालू आर्थिक वर्षमा ७१ दशमलव ७० प्रतिशत मात्रै बजेट खर्च भएको छ । प्रदेश लेखा नियन्त्रण कार्यालयका प्रमुख दीपक ज्ञवालीका अनुसार २४ असारसम्म पुँजीगत खर्च ७२ दशमलव ४८ र चालू खर्च ७० दशमलव ६५ प्रतिशत रहेको छ । लुम्बिनीमा ४२ अर्ब ६३ करोड ५७ लाख बजेट विनियोजन भएकोमा ३० अर्ब ५७ करोड खर्च भएको छ । लेखा नियन्त्रक लक्ष्मण ज्ञवालीका अनुसार २४ असारसम्म लक्ष्यको ७८ दशमलव १२ प्रतिशत राजस्व उठेको छ । त्यस्तै, असार १५ सम्मको तथ्यांकमा संघबाट प्राप्त हुने राजस्व लक्ष्यको ७२ दशमलव २५ प्रतिशत संकलन भएको छ । त्यस्तै, प्रदेशको आन्तरिकतर्फको राजस्व ४९ दशमलव १२ प्रतिशत र प्रदेशको स्थानीय तह र प्रदेश बाँडफाँटतर्फको ५२ दशमलव ६१ प्रतिशत राजस्व संकलन भएको छ । चालू आर्थिक वर्षमा प्रदेशको समग्र आम्दानी ३३ अर्ब ३० करोड ८२ लाख रहेको ज्ञवालीले बताए ।

● कर्णालीमा ६७.८९ प्रतिशत खर्च

चालू आर्थिक वर्ष ०७९/८० मा कर्णाली प्रदेशले २२ अर्ब २८ करोड बजेट खर्च गरेको छ । यो कुल बजेटको कर्णालीमा ६७.८९ प्रतिशत हो । ०७९/८० का लागि कर्णाली प्रदेशमा ३२ अर्ब ९७ करोड बजेट विनियोजन भएको थियो । कर्णालीमा १० अर्ब बढी विनियोजित रकम खर्च नभएर 'बजेट फ्रिज' हुने देखिन्छ । बजेट खर्चमा चालूतर्फ ७२ दशमलव ९५ प्रतिशत बजेट खर्च भएको प्रदेश लेखा नियन्त्रक कार्यालय सुर्खेतका लेखा प्रमुख मानबहादुर बमले बताए । त्यसैगरी, पुँजीगततर्फ ६४.५४ प्रतिशत बजेट खर्च भएको छ । चालूतर्फ विनियोजित १३ अर्ब १० करोडमा नौ अर्ब ९५ करोड खर्च भएको छ । पुँजीगततर्फ १९ अर्ब ८६ करोड विनियोजन भएकोमा १२ अर्ब ८२ करोड खर्च भएको प्रमुख बमले बताए ।

● सुदूरपश्चिममा २४ दिनमै साढे आठ अर्ब खर्च

सुदूरपश्चिम प्रदेश सरकारले असारको २४ दिनमा मात्रै साढे आठ अर्बभन्दा बढी बजेट खर्च गरेको छ । चालू आर्थिक वर्षका लागि विनियोजित (संशोधित) ३५ अर्ब आठ करोड बजेटमध्ये १ देखि २४ असारसम्म मात्र उक्त रकम खर्च गरेको प्रदेश लेखा नियन्त्रण कार्यालयले जनाएको छ । त्यसमध्ये ६ अर्ब ४८ करोड पुँजीगत बजेट रहेको कार्यालयका सूचना अधिकार यज्ञराज पाण्डेयले जानकारी दिए ।

प्रदेश सरकारले चालू वर्षमा कुल बजेटको ६८.८४ प्रतिशत (करिब २४ अर्ब १५ करोड) रकम खर्च गरेको छ । त्यस्तै, चालु खर्च तर्फ २२ अर्ब ८४ करोड ५७ लाखमध्ये १५ अर्ब ८१ करोड ३७ लाख (६९.२२ प्रतिशत) खर्च भएको छ । सरकारले गत वर्ष कुल खर्च ६६.६१ प्रतिशत र पुँजीगत खर्च ६३.२२ प्रतिशत गरेको थियो । विगतको भन्दा यस वर्ष खर्च प्रतिशत बढेको सूचना अधिकारी पाण्डेयले बताए ।

सरकारले यस वर्ष राजस्व संकलनको लक्ष्य भेट्टाउन सकेन । दुई अर्ब राजस्व संकलनको लक्ष्य रहेकोमा २४ असारसम्म एक अर्ब ३३ करोड संकलन भएको प्रदेश लेखा नियन्त्रण कार्यालयले जनाएको छ ।

सेवा विस्तार गर्दै नेपाल रेलवे

जनकपुर/ गत २० चैत ०७८ देखि नियमित सञ्चालनमा रहेको नेपालको एक मात्र जयनगर-कुर्था रेलवे सेवा विस्तार हुने भएको छ । भारतीय बजार जयनगर-कुर्था ३५ किलोमिटर ओहोरहदोहोर गर्दै आएको नेपाली रेलसेवा आउँदो १ असारदेखि महोत्तरीको सीतापुर भंगहासम्म थप १७ किलोमिटर सेवा विस्तार हुने भएको हो । जयनगर-कुर्थासम्म दैनिक दुईपटक सेवा दिँदै आएको नेपाल रेलवे आउँदो आइतबारदेखि महोत्तरीको भंगहा बिजलपुरासम्म सञ्चालन हुने नेपाल रेलवे कम्पनीका इन्जिनियर रवीन्द्र साहले बताए । संघीय सरकारका भौतिक पूर्वाधार तथा यातायातमन्त्री प्रकाश ज्वालाले रेलको उद्घाटन गर्ने उनको भनाइ छ । नेपाल रेलवे न्यारोगेज सेवा सञ्चालन भएका बखत पनि बिजलपुरसम्म सञ्चालन हुने गरेको थियो । तर, ०५२ सालमा आएको बढीले बिघहीको पुल भत्काएपछि रेल सेवा जनकपुर-जयनगरमा मात्र सीमित हुन पुगेको थियो ।

● आर्थिक वर्ष सकिए पनि नेपाली रेलको बिमा भएन

झन्डै डेढ वर्षदेखि नियमित सञ्चालनमा रहेको जयनगर-कुर्था दुईवटा नेपाली रेलको आर्थिक वर्ष सकिन लाग्दा पनि बिमा हुन सकेको छैन । नेपाल सरकारले रेलका लागि चाहिने आवश्यक बजेट उपलब्ध नगराउँदा दुवै नेपाली रेल बिमाविना नै नियमति जयनगर-कुर्था सञ्चालन हुँदै आएको छ । दैनिक दुईपटक सञ्चालन हुँदै आएको रेलको बिमा बजेट व्यवस्था हुन नसकेको नेपाल रेलवे कम्पनीले जनाएको छ । एकपटकमा रेलले हजारभन्दा बढी यात्रु लिएर हिँड्ने गरेको छ ।

दुवै रेलको बिमाका लागि चालू आर्थिक वर्षमा १५ लाख रुपैयाँ र गत आर्थिक वर्षमा ३० लाख रकम विनियोजन गरिएको थियो । जबकि एउटै बोगीसहितको रेलको बिमा गर्नलाई ९० लाख रुपैयाँ चाहिन्छ । यस हिसाबले दुवै रेलको बिमाका लागि एक करोड ८० लाख रुपैयाँ खर्च हुन्छ । रेलवे कम्पनीका इन्जिनियर रवीन्द्र साहले भने, 'रकम अपुग भएपछि इन्स्योरेन्स गराउन सकिएन । चालू आर्थिक वर्षमा पनि बिमाका लागि १५ लाख मात्रै रकम विनियोजन गरिएको छ । हामीले थप बजेट माग गरेका थियौं । तर, थप बजेट अहिलेसम्म आएन ।' उनले आगामी आर्थिक वर्षमा बिमाका लागि रकम विनियोजन गर्ने भनेर मन्त्रालयबाट आश्वासन आएको बताए ।

रेलको बिमा नभए पनि रेल दुर्घटनाग्रस्त हुँदा त्यसमा सवार यात्रुलाई नेपाल रेलको ऐनअनुसार मृतकका परिवारजनले सात लाख रुपैयाँ क्षतिपूर्तिबापत पाउने व्यवस्था रहेको उनले बताए । तर, रेलमा कुनै प्रकारको समस्या भएको खण्डमा अनावश्यक खर्चको भार पर्ने उनको भनाइ छ । गत पुसमा वैदेही स्टेसनमा नेपाली रेलमै किचिएर यात्रुको मृत्यु भएको थियो । रेल खुल्न लागेपछि टिकट नै नलिई रेलमा चढ्ने क्रममा रेलबाट लड्दा किचिएर धनुषा नगराइन नगरपालिकाका ३५ वर्षीय पूर्ण सदाको मृत्यु भएको थियो । उक्त घटनाको छानबिनका लागि नेपाल रेलवे कम्पनीले छानबिन तथा मृतक परिवारलाई क्षतिपूर्तिका लागि समिति गठन गरिएको थियो । तर, छानबिन समितिले मृतकले टिकट नलिई रेलमा चढेको भन्दै मृतकका परिवारलाई क्षतिपूर्ति दिएन ।

नबिल बैंक लिमिटेड, दुवाकोट शाखा, भक्तपुरको तपसिलमा उल्लेखित ऋणीलाई कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना

(प्रकाशित मिति : २०८०/०३/३०)

यस बैंकबाट ऋण लिएका तपसिल बमोजिमका ऋणीले ऋण लिदाँ गरिदिएको लिखित र ऋण स्वीकृति पत्रको शर्तमा तोकिए अनुसार बुझाउनु पर्ने साँवा, ब्याज समेतको बैंकको सम्पूर्ण लेना रकम नबुझाई ऋण लिदाँ गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवम् लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी चासो नदेखाई ऋण दायित्व फर्छ्यौट गर्ने तर्फ कुनै तदारुकता नदेखाएको हुनाले सो ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

अतः यस बैंकमा सम्पर्क गरी यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र बैंकलाई बुझाउन बाँकी रहेको सम्पूर्ण साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दैदस्तुर चुक्ता भुक्तान गरी बैंकको कर्जा फरफारक पछ्यौंट गर्न गराउनका लागि सम्बन्धित ऋणी, धितो जमानतकर्ता सहितका अन्य जमानतकर्ता एवं सम्बद्ध सबैलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ । सो म्याद भित्र बक्यौता रहेको सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा ऋणी एवं धितोजमानतकर्ताले बैंकलाई लेखिदिएको तपसिल बमोजिमको धितो लिलाम बिक्री गर्ने, सो हुन नसकेमा बैंक आफैले धितोको सम्पत्ति गैर बैंकिङ्ग सम्पत्तिको रुपमा सकार गर्ने वा अन्य व्यवस्था गरी बैंकको आफ्नो लेना असुलउपर गरिनेछ । कथंमकदाचित सो धितोबाट असुलउपर हुन नसके वा आंशिक रकम मात्र असुलउपर भई कर्जा बाँकी रहन गएमा उक्त बाँकी रकम ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ता व्यक्ति तथा निजको हकको अन्य चल अचल सम्पत्ति समेतबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानून बमोजिम लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको लेना रकम असुलउपर गरिलिनुका साथै कर्जा असुलीको लागि ऋण असुली न्यायधिकरण एवं अन्य सक्षम न्यायिक निकायमा दावी उजुरी गरिने तथा ऋणी र धितो जमानत दिने एवं अन्य जमानतकर्ताहरुलाई समेत कर्जा सूचना केन्द्रको **कालो सूची**मा समावेश गर्ने प्रक्रिया अघि बढाइने व्यहोरा समेत ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ताहरु लगायत सम्बद्ध सबैलाई यसै सूचनाबाट जानकारी गराईन्छ ।

धितो जमानत गरिदिने जमानतकर्ता एवं अन्य जमानतकर्ताहरुले माथि उल्लेखित समयअवधी भित्र आफुले जमानत लेखिदिएको कर्जा एवं सोको ब्याज दैदस्तुर चुक्ता भुक्तान गरी आफ्नो धितो एवं जमानत फुकुवा गरी लिन सक्नु हुनेछ सो को लागि समेत यसै सूचना द्वारा सूचित गराईन्छ, अन्यथा माथि उल्लेख गरिए बमोजिम धितो एवं जमानत लेखिएको सम्पत्ति लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकले आफ्नो लेना असुलउपर गर्नुका साथै कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाइने व्यहोरा जमानतकर्ताहरुलाई समेत जानकारी गराईन्छ ।

तपसिल

ऋणीको नाम र ठेगानाको विवरण

इन्द्र बहादुर के.सी.को नाति, श्याम बहादुर के.सी.को छोरा, भक्तपुर जिल्ला, लोकन्थली गा.वि.स. वडा नं. ०१, बस्ने, नागरिकता नं. ८९८, (जारी मितिः २०४९/०८/११, स्थान भक्तपुर) भएको **श्री बिदुर के.सी** ।

जमानतकर्ताहरुको नाम र ठेगानाको विवरण

१. टिकाराम गिरीकी छोरी, इन्द्र बहादुर के.सी.की बुहारी, श्याम बहादुर के.सी.की श्रीमती, भक्तपुर जिल्ला, लोकन्थली गा.वि.स. वडा नं. ०१ बस्ने, नागरिकता नं. ९२६०, (जारी मितिः २०६५/०१/२४, स्थान भक्तपुर) भएकी **श्रीमती मन के.सी** ।

२. भिमसेन थापाकी छोरी, श्याम बहादुर के.सी.की बुहारी, बिदुर के.सी.की श्रीमती, भक्तपुर जिल्ला, मध्यपुर न.पा. वडा नं. १५ स्थायी घर भइ हाल भक्तपुर जिल्ला, लोकन्थली गा.वि.स. वडा नं. ३ बस्ने, नागरिकता नं. १२५२४, (जारी मितिः २०६०/४/६, स्थान भक्तपुर) भएकी **श्रीमती अम्बिका के.सी** ।

धितोको विवरण

धितोमा रहेको घर जग्गाको विवरण :

भक्तपुर जिल्ला, लोकन्थली गा.वि.स. वडा नं. ०१ बस्ने, **श्रीमती मन के.सी.** को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको भक्तपुर जिल्ला, मध्यपुर न.पा. वडा नं. १५ सिट नं. १०२११८९२२ मा अवस्थित कि.नं. १७० क्षेत्रफल ७७ व.मि. जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत ।

NABIL BANK®
प्रधान कार्यालय, दरबारमार्ग, काठमाडौं फोन नं. ४२२७१८१

हार्दिक समवेदना



स्व. सीता दाहाल

सम्माननीय प्रधानमन्त्री तथा नेकपा माओवादी केन्द्रका अध्यक्ष श्री पुष्पकमल दाहाल प्रचण्डकी धर्मपत्नी तथा माओवादी केन्द्रकी सल्लाहकार **श्रीमती सीता दाहाल**को उपचारका क्रममा यही असार २७ गते असामयिक निधन भएकाले दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं ।
साथै, यस दुःखद घडीमा शोकसन्तप्त परिवारजनमा सहन सक्ने शक्ति प्राप्त होस् भन्दै हार्दिक समवेदना प्रकट गर्दछौं ।

नयाँ पत्रिका
परिवार

का.जि.द.नं.१२८/०६३/६४, म.से.हु.नि.द.न. १७/०६९/०७०
शनिबार ३० असार ०८० www.nayapatrikadaily.com नयाँ पत्रिका

पाकिस्तान ‘ए’सँग नेपाल चार विकेटले पराजित



नयाँ पत्रिका

नेपाली राष्ट्रिय क्रिकेट टोली एसिसी इमर्जिङ टिम्स कप क्रिकेट प्रतियोगितामा पाकिस्तानको ‘ए’सँग चार विकेटले पराजित भएको छ । टिम्स कपमा एक्लो सिनियर टोली पठाएको नेपालले अनुभवी पाकिस्तानी खेलाडीविरुद्ध ब्याटिङमा उत्कृष्ट प्रदर्शन गर्न नसक्दा नै हारको सामना गरेको हो । समूह ‘बी’को खेलमा पहिलो ब्याटिङ गरेको नेपालले पूरै ओभर खेल्न सकेन । नेपालले ३७ ओभरमा सबै विकेट गुमाएर एक सय ७९ रनको झिनो योगफल खडा गऱ्यो । प्रत्युत्तरमा पाकिस्तानले ३२.५ ओभरमा ६ विकेटको नोक्सानीमा एक सय ८१ रन बनायो ।

झिनो लक्ष्य रक्षा गर्न क्रिजमा ओर्लेको नेपालका लागि ललित राजवंशीले सर्वाधिक तीन विकेट लिएका थिए । उनले ८.५ ओभरमा ५० रन खर्चिंदा एक मेडन राखे । पवन सराफले पाँच ओभरमा एक मेडन गर्दै १५ रन खर्चंदै दुई विकेट लिए । एकदिवसीय विश्वकप ग्लोबल छनोटको पहिलो खेलमै घाइते भएका सोमपाल कामीले पाकिस्तान ‘ए’विरुद्ध खेले ।

करण केसीको अनुपस्थितिमा सोमपालले नेपालको सुरुवाती बलिङ कमान्ड सम्हाले । उनले पाँच ओभरमा २९ रन खर्चे । नेपालको बलिङ इनिङ्समा पवनसँगै कुशल मल्ल कसिलो देखिए । कुशलले ६ ओभरमा केवल २२ रन खर्चंदै एक विकेट हात पारे । ललितले लिएका तीनमध्ये दुई विकेट सिनियर खेलाडी थिए । उनले कप्तान मोहमद ह्यारिस कमरानलाई आउट पारे । नेपाली बलरले १३ अतिरिक्त रन दिए ।

पाकिस्तानको कसिलो बलिङ

नेपालविरुद्ध पाकिस्तानका दुई सिनियर खेलाडीले कसिलो बलिङ गरेका थिए । मोहमद वासिम र सहनावाज दहानीले समग्रमा १० मध्ये नौ विकेट लिए । दहानीले पाकिस्तानी सिनियर टोलीबाट २ एकदिवसीय र ११ अन्तर्राष्ट्रिय टी-२० खेल खेलेका छन् । उनले १० ओभर बलिङ गर्दै ३८ रन खर्चेर सर्वाधिक पाँच विकेट दिलाए । उनले आफ्नो बलिङ स्पेलमा तीन मेडन ओभर गरेका थिए । अन्तर्राष्ट्रिय टी-२० मा उनले ११ खेलमा १६ विकेट लिएका छन् । एकदिवसीय खेलमा उनका नाममा दुई विकेट छ ।

पाकिस्तानले श्रीलंकामा पठाएका खेलाडीमध्ये वासिम सिनियरमा पर्छन् । उनले नेपालविरुद्ध चार विकेट लिन सफल भए । यसक्रममा उनले ५४ रन खर्चेका थिए । वासिमले पाकिस्तानबाट टेस्ट र टी-२० खेल खेलेका छन् । १८ टेस्टमा उनले दुईपटक शतकीय र दुवैपटक अर्धशतक खेलेका छन् । एकदिवसीयमा उनले तीनपटक अर्धशतक बनाएका छन् । अन्तर्राष्ट्रिय क्रिकेटकै अनुभवी खेलाडीले नेपालविरुद्ध उत्कृष्ट प्रदर्शन गर्दा पाकिस्तानले आफ्नो पहिलो खेलमा सहज लक्ष्य पाएको हो ।

६ खेलाडी चुके

पहिलो ब्याटिङ गरेको नेपालका ६ ब्याट्समान्ले दोहोरो रन नै बनाउन सकेनन् । ओपनर कुशल भुर्तेल दोस्रो ओभरमै आउट भए । आसिफ सेख र अर्जुन साउदबीच दोस्रो विकेटका लागि केवल पाँच रनको साझेदारी भएको थियो । सेखले १२ बलमा तीन चौका प्रहार गरे । अर्जुनले कप्तान रोहितकुमार पौडेलसँग पाँच रनको साझेदारी गरे । अर्जुनले २० बलमा दुई चौका र एक छक्का प्रहार गरी १७ रन बटुले । मध्यक्रमका भरपर्दा रोहित, भीम सार्की र कुशल मल्लले सोचेजस्तो रन नबनाउँदा नेपाल दयनीय अवस्थामा पुगेको हो । हिटर ब्याट्समान भीमले चार बल सामना गर्दा शून्य रनमा आउट भए । कुशलले १८ बलमा दुई चौका र एक छक्काको सहयोगमा १७ रन बटुले । गुल्सन झाले १९ बलमा १३ रन बनाए ।

पाकिस्तानको धैर्य

सहज लक्ष्य पछ्याएको पाकिस्तानले पनि सोचेजस्तो सुरुवात गर्न सकेन । नेपाली बलरले सकेसम्म पाकिस्तानी ब्याट्समान्लाई रोकेका थिए । तर, अन्तर्राष्ट्रिय क्रिकेट खेलिसकेका ब्याट्समान्हरूले आफूलाई धर्यतामा राखे । ओपनरद्वय हसिमबुलाह खान र सैम आयुवले पहिलो विकेटका लागि ३७ रन जोडे । पाकिस्तानका दुवै ओपनरलाई पवनले आउट पारे । खानले १२ रन र सैमले २४ रन बनाए । दुवै ओपनर आउट हुँदा पाकिस्तान ९.२ ओभरमा ५० रनको अवस्थामा थियो । ओमेर युसुफ र तायाव ताहिरले तेस्रो विकेटका लागि ६४ रनको साझेदारी गर्दै पाकिस्तानलाई ११४-३ को स्थितिमा पुऱ्याए ।

पाकिस्तानको ब्याटिङ इनिङ्समा अर्धशतकीय रन बनाएका ताहिरलाई ललितले क्याच आउट पारे । ताहिरले ६७ बलमा ६ चौका प्रहार गरे । ओमेरले ४० बलमा ३६ रन बनाए । त्यसपछि कमरान घुलामले २६ बलमा दुई छक्का र एक चौका प्रहार गरे ।

सोमपालले सम्हाले ब्याटिङ

पाकिस्तानसँगको प्रतिस्पर्धामा कमजोर ब्याटिङ गरेको नेपाल इनिङ्सको एक समय ७२-८ को स्थितिमा थियो । सोमपालले अलराउन्डर भूमिका निर्वाह गर्दै नेपालको फितलो ब्याटिङलाई सुधारे । उनले नवौं र दसौं विकेटका लागि गतिलो साझेदारी गर्दै पाकिस्तानविरुद्ध सम्मानजनक लक्ष्य दिन सफल भए । प्रतिश जिसी र सोमपाल कामीले नवौं विकेटका लागि ५८ रनको साझेदारी गरे । प्रतिशले २४ बलमा २६ रन बटुल्न एक चौका र दुई छक्का प्रहार गरे । त्यसपछि सोमपालले ललितसँग दसौं विकेटका लागि ४९ रनको साझेदारी गरे । सोमपालले बढीजसो स्ट्राइक आफूले लिए । ललितले केवल सोमपाललाई साथ मात्र दिए । सोमपालले एक सय एक बलमा सर्वाधिक ७५ रनको योगदान दिए । उनले नौ चौका र दुई छक्का प्रहार गरे । सोमपाल नेपालको ब्याटिङमा आउट हुने अन्तिम खेलाडी थिए ।



पुलिसका दुवै टोली फाइनलमा



काठमाडौं/ नेपाल पुलिस क्लबको महिला र पुरुष टोली सातौं प्रधानमन्त्री कप राष्ट्रिय क्लब लिगको फाइनलमा प्रवेश गरेका छन् । राखेप कभर्डहलमा शुक्रबार लिग चरणको अन्तिम दिन जित निकाल्दै पुलिसका दुवै टोली अन्तिम दुईमा पुगेका हुन् । पुलिसले उपाधिका लागि हेल्प नेपालसँग खेल्नेछ । हेल्प नेपालले त्रिभुवन आर्मी क्लबलाई ३-१ को सेटमा हराउँदै अन्तिम दुई स्थान पक्का गरेको हो । महिलातर्फ एक खेलअघि नै पुलिस उपाधिनजिक पुगेको थियो । पुलिससँग न्यु डायमन्ड सोझो सेटमा पराजित एपिएफले फाइनल स्थान बनाएको हो । महिला फाइनलमा पुलिसले एपिएफविरुद्ध खेल्दै छ ।

न्यु डायमन्डको खराब प्रदर्शन

प्रतिभा मालीको कप्तानीमा रहेको न्यु डायमन्डको यस सिजन सुखद रहन सकेन । प्रतिभासँगै राष्ट्रिय टोलीकी लिबेरो सलिना श्रेष्ठ र सेटर प्रगतिनाथको साथ रहेको न्यु डायमन्ड लिग चरणबाट माथि बढ्न सकेन । अन्तिम खेलमा पुलिसविरुद्ध जित निकाल्दा न्यु डायमन्ड फाइनल पुग्ने थियो । ३-० को सोझो सेटमा पराजित हुँदा न्यु डायमन्ड बाहिरियो । पुलिस लिगमा अपराजित रह्यो । पुलिसले डायमन्डलाई २५-२०, २५-१४ र २५-१७ ले पराजित गऱ्यो । राष्ट्रिय टोलीका उषा भण्डारी, कामना विष्ट, पुनम चन्द र शान्तिकला तामाङको साथ पाएको पुलिसले १५ अंक जोडेको छ । दोस्रो स्थानको एपिएफले ११ अंक बनायो ।

हेल्प नेपालको रोमाञ्चक जित

राष्ट्रिय टोलीका खेलाडीले भरिएको आर्मीविरुद्ध तीन पाकिस्तानी खेलाडीका साथमा हेल्प नेपालले रोमाञ्चक जित निकालेको छ । निर्णायक खेलमा हेल्प नेपाल ३-१ ले विजयी भयो । पहिलो सेटमा हेल्प नेपाल २९-२७ ले विजयी भयो । आर्मीले दोस्रो सेट २५-२१ ले जित्यो । आर्मीका मानबहादुर श्रेष्ठ, राजेन्द्र विष्ट, हरि अधिकारी, दुर्गा खड्का, धनपति गुरुङ र हरिहजुर थापालगायत खेलाडीले उत्कृष्ट प्रदर्शन गरेका थिए । हेल्प नेपालले तेस्रो सेट २५-२२ ले जित्दै फाइनल स्थान पक्का गऱ्यो । फाइनल पुग्न हेल्प नेपाललाई एक अंक मात्र आवश्यक थियो ।

चौथो सेटमा हेल्प नेपाल ३९-३७ ले विजयी भयो । पाकिस्तानी खेलाडी माजर अली, ऐमल खान र अद्नान खान साथै सन्जु शाह, दीपक थापा र सुरेन्द्र बलले सानदार प्रदर्शन गरेका थिए । अपराजित हेल्प नेपाल ६ खेल जित्दै १६ अंक बनायो । दोस्रो भएको पुलिसको १५ अंक छ ।

सिजन ब्रेकमा एम्बाप्पे

मियामी/ फ्रान्सका स्ट्राइकर केलियन एम्बाप्पे र पेरिस सेन्ट जर्मेन (पिएसजी)बीच पछिल्लो समय सम्बन्ध त्यति राम्रो छैन । एम्बाप्पे अन्यत्र जान चाहन्छन् । पिएसजी उनलाई सम्झौताका लागि दबाब दिइरहेको छ । खेलाडी र क्लबबीच सन् २०२४ सम्म सम्झौता भएको छ । एम्बाप्पेको मुख्य उद्देश्य नै खेलाडी किनबेच सिजनमा राम्रो क्लबमा जानु हो । पिएसजी उनलाई बिक्री गर्दा आउने ट्रान्सफर रकम कमाउन चाहन्छ । पिएसजीले सम्झौताकै आडमा फ्रान्सेली खेलाडीलाई क्लबमै राख्न कोसिस गरिरहेको हो । यद्यपि, क्लबसँगको सम्बन्धमा चिसोपना आए पनि एम्बाप्पले सिजन ब्रेकमा मस्त देखिन्छन् ।



अमेरिकाका चर्चित सहर मियामीमा उनी प्रेमिकासँग सिजन ब्रेकको बिदा मनाइरहेका छन् । मियामीमा उनी प्रेमिकासँग रहँदा त्यहाँको चर्चित खेल जेन्नासमेत खेल्न भ्याएका छन् । गत सिजन उनले पिएसजी र फ्रान्सका लागि उत्कृष्ट खेल प्रदर्शन गरेका थिए । पिएसजीले ब्याक टु ब्याक फ्रेन्च लिग वान उपाधि जित्दा उनकै योगदान धेरै थियो । उनले समग्रमा पिएसजीबाट ४३ खेलमा ४१ गोल गर्न सफल भए । यसैगरी, राष्ट्रिय टोलीबाट विश्वकपमा उनले १३ गोल गरे । फ्रान्सलाई लगातार दोस्रोपटक फाइनल स्थान पक्का गराउन एम्बाप्पेले प्रेरणादायी प्रदर्शन गरेका थिए ।

फाइनलमा अर्जेन्टिनासँग टाइब्रेकरमा पराजित हुँदा फ्रान्ससँगै एम्बाप्पेको दोस्रोपटक विश्व च्याम्पियन हुने सपना क्षतविक्षत भयो । विश्वकपमा उनले गोल्डेन बुट जिते । एकनासको प्रदर्शन गरेका एम्बाप्पेले मैदानबाहिर चलिरहेको द्वन्द्व बिर्सन चाहन्छन् । आउने दिनमा पिएसजीसँग जस्तो निर्णय भए पनि नयाँ फुटबलको सिजन सुरुअघि उनी आफूलाई फ्रेस बनाउन प्रेमिका र परिवारसँगै मियामी पुगेका हुन् ।

ब्रिटिस क्लबबाट राम्रो प्रस्ताव

२४ वर्षीय खेलाडीले परिवारसँगै ब्रिटिस बोर्ड गेम खेल्दै दिन कटाइरहेका छन् । यसैबीच पेरिसको घटनाप्रति उनले दुःख मनाएका छन् । ‘फ्रान्समा अहिले अस्वाभाविक घटना भइरहेको छ, यसबाट म दुःखी छु,’ उनले भने । युरोपियन मिडियाहरूले एम्बाप्पेलाई भित्र्याउन चेल्सी, लिभरपुल र म्यानचेस्टर युनाइटेड पछि लागेका छन् ।

रोनाल्डोको लगानीसँगै घडी कम्पनीको माग बढ्यो

लन्डन/ पोर्चुगलका स्ट्राइकर क्रिस्टियानो रोनाल्डो फुटबलसँगै व्यापारमा पनि ध्यान दिन्छन् । उनको आफ्नै कम्पनी सिआर-७ छ । स्पेन र पोर्चुगलका सिआर-७ को नाममा महँगा होटेलसमेत उनका छन् । लगानीकै क्रममा रोनाल्डोले पछिल्लो समय युरोपकै चर्चित घडी कम्पनी क्रोनो २४ मा हात राखेका छन् । उनले सात सय ७० मिलियन पाउन्ड लगानी गरेका छन् । रोनाल्डोले क्रोनो २४ मा लगानी गरेसँगै घडीको माग ह्वात्तै बढेको एजेन्सीले जनाएको छ ।



घडी कम्पनीले पनि रोनाल्डोले ठूलो लगानी गरेको जनाएको छ । क्रोनो २४ का सहमालिक बनेका रोनाल्डोले गिफ्टका रूपमा पाँच मिलियनबराबरको घडी उपहार पाएका छन् । ३८ वर्षीय रोनाल्डोले गत सिजन साउदी अरेबियाको प्रो लिगअन्तर्गत अल नासरमा अनुबन्ध भएका थिए । उनलाई भित्र्याउन साउदी क्लबले एक सय ७० मिलियन पाउन्ड खर्चेको थियो । साउदी क्लबमा आएसँगै वर्तमान समयकै उत्कृष्ट खेलाडीमा पर्ने रोनाल्डोको आम्दानी र सम्पत्ति पनि बढेको छ । आफ्नो सम्पत्ति बढाउने क्रममै उनले क्रोनो २४ घडी कम्पनीमा लगानी गरेको एजेन्सीको दाबी छ । ‘हामीलाई अचम्म लागेको छ, फुटबलकै उत्कृष्ट खेलाडी कम्पनीसँग जोडिएका छन्,’ क्रोनो २४ ले विज्ञप्तिमा उल्लेख गरेको छ, ‘यो समाचार बाहिर आएपछि हाम्रो घडीको माग बजारमा बढेको छ ।’ कम्पनीका अनुसार रोनाल्डो नाम जोडिएपछि बजारमा पाँच लाख ३० हजार घडी बिक्री भएका छन् । सामान्य ९२ हजार पाउन्डको घडी लगाउँछन् ।

आशा लघुवित्त वित्तीय संस्था लिमिटेडले राष्ट्र उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेडलाई प्राप्ति (एक्विजिशन) गरी ‘आशा लघुवित्त वित्तीय संस्था लिमिटेड’ कायम हुनेसम्बन्धी सार्वजनिक सूचना

यस बैंकको सञ्चालक समितिको निर्णयअनुसार इजाजतपत्रप्राप्त संस्था **आशा लघुवित्त वित्तीय संस्था लिमिटेड**ले **राष्ट्र उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेड**लाई प्राप्ति (एक्विजिशन) गरी साविकको संस्थाको सम्पूर्ण सम्पत्ति तथा दायित्व आफूमा सर्ने गरी दुवै संस्थाबाट सञ्चालन हुँदै आएको सम्पूर्ण वित्तीय कारोबार एकीकृत रुपमा मिति २०८०/०३/३१ गते आइतबारका दिनदेखि **‘आशा लघुवित्त वित्तीय संस्था लिमिटेड’**को नामबाट सञ्चालन गर्ने भएकाले ‘बैंक तथा वित्तीय संस्था एक आपसमा गाभ्ने, गाभिने (मर्जर) तथा प्राप्ति (एक्विजिशन) सम्बन्धी विनियमावली, २०७३ (पाँचौं संशोधन, २०७९)’ को विनियम ११ को उप-विनियम (७) बमोजिम सर्वसाधारणको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
बैंक तथा वित्तीय संस्था नियमन विभाग
बालुवाटार, काठमाडौं

उद्योग, व्यवसाय गरौं र आत्मनिर्भर बनौं

- स्थानीय श्रोत साधनको उपयोग गरी उद्योग गरौं, उद्यमी बनौं,
- आयातलाई प्रतिस्थापन गरौ र निर्यातलाई बढाऔं,
- उद्योगी र व्यवसायीको सम्मान गरौं,
- पूँजी निर्माणमा सहयोग गरौं,
- परनिर्भरता घटाऔं, आत्मानिर्भरता बढाऔं,
- देशको अर्थतन्त्रमा टेवा पुऱ्याऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड



E-mail: narcononnepal@gmail.com, Website : narcononnepal.org.np

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित । **कार्यकारी निर्देशक** : सुशील थापा । **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा । **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com